# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

हाम्रो देश नेपाल भौगोलिक, प्राकृतिक, सांस्कृतिक, भाषिक दृष्टिले भरिपूर्ण एक सुन्दर मुलुक हो । सङ्घीय संरचनाअनुसार नेपाललाई सात प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ । बर्दियाजिल्ला लुम्बिनी प्रदेशको तराई क्षेत्रमा पर्ने विभिन्न लोकसंस्कृतिले भरिपूर्ण जिल्ला हो । यस जिल्लाको सीमाना उत्तरमा सुर्खेत र सल्लान, दक्षिणमा भारत, पश्चिममा कैलाली र पूर्वमा बाँके जिल्लासम्म फैलिएको छ । यस जिल्लाका आठ ओटा पालिकाहरूमध्ये ६ ओटा नगरपालिका र दुईओटा गाउँपालिका छन् । बारबर्दियामा तिनै पाालिकामध्ये एउटा हो । यसको पूर्वमा बासगढी नगरपालिका पश्चिममा ठाकुरबाबा र मधुवन नगरपालिका, उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा गुलरिया नगरपालिका र बढैयाताल गाउँपालिका रहेको छ । बारबर्दिया नगरपालिकामा थारु, गुरुङ, मगर, ठकुरी, बाहुन, क्षेत्री र दलित जातिको बसोबास रहेको छ । यस स्थानमा मुख्य उत्पादन स्रोतको रूपमा धान, गहुँ र मकै खेती रहेको छ । यहाँको हावापानी गर्मीमा अत्याधिक गर्मी र जाडोमा बाक्लो शीत लहरसँगै एकदमै चिसो रहेको छ । बारबर्दिया नगरपालिका प्राकृतिक, सामाजिक र भाषिक दृष्टिले विविधतामय देखिन्छ भने लोक साहित्य तथा लोकसंस्कृतिका दृष्टिले पनि सम्पन्न देखिन्छ ।

लोकसाहित्यका विभिन्न विधा मध्ये लोककथा लोकमा प्रचलित मौखिक परम्प्रामा आधारित गद्य साहित्यिक विद्या हो । समाजको मौखिक परम्पराबाट एक पुस्ता देखि अर्को पुस्तमा सञ्चरण हुँदै आएका कथा नै लोककथा हुन् । लोककथामा लोकजीवनका दुःख सुख, हर्ष विस्मातको चित्रण गरिएको हुन्छ । यी कथाहरू मानव जीवनको अतीतसँग मात्र नभई वर्तमानसँग पनि सम्बन्धित रहेका हुन्छन् । लोककथामा लोकको आस्था लोकविश्वास, लोकसंस्कृति र सामाजिक रीतिरिवाजको प्रत्यक्ष प्रभाव हुन्छ । लोककथा लौकिक वा अलौकिक परिवेशमा मानवीय वा मानवेतर पात्रहरूको निर्माण गरी आख्यानत्मक घटनाहरूलाई अत्यन्तै रोचक, मनोरञ्जक, कौतुहल र आकर्षक रूपमा लोककथा प्रस्तुत गरिन्छ । लोककथाले लोकसमाजमा मनोरञ्जनका साथै व्यवहारिक शिक्षा, पनि प्रदान गर्दछ । लोककथामा लोकजीवनको मूल्यमान्यता र परिस्थितिको वर्णन गर्दा सरल र स्वभाविक रूपमा सबैले बुझ्ने भाषामा गरिएको हुन्छ । ग्रामीण परिवेशमा रहेको यसस क्षेत्रका बेलुकाको काम सकेर स्थानीय बुढापाकाहरूले नैतिक उपदेश तथा मनोरञ्जन प्रदान गर्ने खालका विभिन्न लोककथाहरू सुन्ने र सुनाउने प्रचलन रहेको छ ।

लोककथा लोकसाहित्यको मह□वपूर्ण विद्या भएपनि यस क्षेत्रमा लोककथाको केही अध्ययन नभएको हुँदा अध्ययन क्षेत्रको भाषा, संस्कृतिक, रहनसहन आदिको प्रतिनिधित्व गर्ने लोककथा लोप भई यहाँको परम्परागत लोक पहिचान नै लोप हुने सम्भावना देखिन्छ । त्यसैले

यस क्षेत्रका लोककथाको बारेमा जान्न चाहने इच्छुक व्यक्तिलाई उपयोगी हुने गरी बारबर्दिया क्षेत्रमा प्रचलित १४ ओटा लोककथाहरूको सङ्कलन गरिएको छ । सङ्कलित लोककथाहरूको वर्गीकरण र विधात वका आधारमा विश्लेषण गरिएको छ ।

## १.२ समस्याकथन

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोककथा सबैभन्दा लोकप्रिय विधामध्येएउटाहो । लोककथा लोकसाहित्यको लोकप्रिय विधा भएपनि बारबर्दिया नगरपालिका क्षेत्रमा भने यसको कुनै पनि अध्ययन भएको छैन । त्यसैले प्रस्तुत शोधकार्यको मूल समस्या बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूको अध्ययन गर्नु रहेको छ । यस समस्याको समधानका लागि निम्नलिखित शोधप्रश्नहरू निर्माण गरिएको छ :

(क) बारबर्दिया नगरपालिका क्षेत्रमा केकस्ता लोककथाहरू प्रचलित छन्?
(ख) बारबर्दिया नगरपालिका क्षेत्रका लोककथालाई केकसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य

बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषणसँग सम्बद्ध प्रस्तुत शोधका मुख्य उद्देश्य यसप्रकार छन् :

(क) बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको वर्गीकरण गर्नु ।
(ख) बारबर्दिया नगरपालिकाक्षेत्रबाट सङ्कलित लोककथाको विधातात्वक विश्लेषण गर्नु ।

## १.४पूर्वकार्यको समीक्षा

लोककथा लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । लोकसाहित्यका क्षेत्रमा विभिन्न विद्वान्हरूले विधागत अध्ययन अनुसन्धान गर्दै आएका छन् । लोकसाहित्यअन्तर्गतको प्रचलित विधा लोककथाका क्षेत्रमा विभिन्न अनुसन्धान केन्द्रित रहेका भए पनि बर्दिया जिल्लाको बारबर्दिया नगरपालिकामा लोककथाको अझैसम्म खासै अध्ययन भएको पाइँदैन तर नगरपालिकाइतर, केही अध्ययनका अधारमा र केही पुस्तक, पत्रपत्रिकाका आधारमा भने बर्दिया जिल्लाका साहित्यिको चर्चा गर्ने क्रममा लोकसाहित्यको पनि सामान्य चर्चा पाइँन्छ । तसर्थ बारबर्दिया नगरपालिकाको लोकसाहित्यमा कुनकुन विधाको अध्ययन के कति भएकोछभन्नेपूर्वकार्यको समीक्षामा अध्ययन गरिएको छ ।

मधुसूदन गिरी (२०५३) ले *मध्यपश्चिमका कविता*मा भेरीका कविता पृष्ठभूमि र परम्परा शीर्षकमा बर्दिया जिल्लाको साहित्यिक परम्परा औपचारिक पाठ्यक्रमको रटान भन्दा अघि जान नसकेको कुरा उल्लेख गरी कवि गोपालप्रसाद शर्मा अधिकारी, गीतकार विश्वम्भर प्याकुरेल र

केदार पोलको सामान्य परिचय दिएका छन् । उक्त अध्ययनले बर्दिया जिल्लाको साहित्य परम्परामा केकस्तो योगदान रहेको छ भन्ने कुरालाई पुष्टि गरेको छ । यस शोधकार्यमा मध्यपश्चिमका कविताको नभएर लोककथाको अध्ययन गरिने भएकाले उक्त कार्यलाई यस क्षेत्रको साहित्यिक तथा अन्य पृष्ठभूमिको अध्ययनका लागि सहयोगी सामग्रीको रूपमा उपयोग गरिएको छ ।

चूडामणि बन्धु (२०५८) ले *नेपाली लोकसाहित्य*पुस्तकमा नेपाली लोकसाहित्यको चर्चापरिचर्चा गर्ने क्रममा लोककथाको अध्ययन गरेका छन् । यसले लोककथाको विश्लेषण गर्न सहयोग गर्छ । यसमा लोककथाको चर्चा भएपनि बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाको अध्ययन नभएकाले यसलाई सहयोगी सामग्रीको रूपमा समेटिएको छ ।

जीवेन्द्रदेव गिरी र मोतीलाल पराजुली (२०५८) ले *नेपाली लोकसाहित्यको रूपरेखा*पुस्तकमा नेपाली साहित्यको रूपरेखा के कस्तो छ त्यसको अध्ययन गरेका छन् । यसले लोककथाको त□वगत आधारमा निर्माण गर्न सहयोग गर्छ । यसमा बारबर्दिया नगरपालिकाको लोककथाको अध्ययन नभएकाले यसलाई सहयोगी सामग्रीको रूपमा समेटिएको छ ।

देवीबहादुर बस्नेत (२०६०) ले *सोलुखुम्बु जिल्लामा प्रचलित लोकथाहरूको सङ्कलन र वर्गीकरण* मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर शोधपत्रमा सोलुखुम्बु जिल्लाका लोककथालाई सङ्कलन गरेर सङ्कलित लोककथाको वर्गीरण गरी विश्लेषण गरेका छन् । उनको यो शोधपत्रमा बारबर्दिया नगरपालिका क्षेत्रको लोककथाको भने कुनै अध्ययन गरिएको पाइदैन । उक्त शोधपत्रले भने बारबर्दिया नगरपालिका लोककथालाई वर्गीकरण र विश्लेषणमा सघाउ पुऱ्याउने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

हरि सुवेदी (२०६१) ले *बर्दिया जिल्लाका प्रमुख कवि र तिनको कविता* कृतिको अध्ययन पूरा गरेका छन् । उनले लोककथाबारे केही अध्ययन नगरे तापनि यो अध्ययनले बर्दिया जिल्लाको साहित्यलाई अझ विशिष्ट तुल्याएको छ । त्यसैले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो

सीता आचार्य (२०६८) ले *बर्दिया जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण*मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको शोधपत्रमा बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका क्षेत्रका लोककथाहरूको अध्ययन गरेकी छिन् । उनको शोध शीर्षक बर्दिया जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु भएपनि यसमा बारबर्दिया नगरपालिका क्षेत्रका लोककथाको भने कुनै अध्ययन गरेको पाइदैन । यस अध्ययनले प्रस्तुत शोधकार्यमा बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको अध्ययनमा विशेष सघाउ पुऱ्याउने भएकाले उक्त अध्ययनलाई पूर्वकार्यमा समेटिएको हो ।

मोतीलाल पराजुली (२०७१) ले *लोककथा सिद्धान्त र विश्लेषण*पुस्तकमालोककथाको सिद्धान्त र केही लोककथाको विश्लेषण गरेका छन् । उक्त पुस्तकमा बारबर्दिया नगरपालिका

क्षेत्रमा प्रचलित लोककथाको भने विश्लेषण गरेका छैनन् । यस पुस्तकले बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाको विश्लेषणका लागि प्रस्तुत अध्ययनको सिद्धान्तमा सघाउँ पुऱ्याउँनमासहजीकरण गर्ने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

कृष्णराज पुजारा (२०७५) ले *बझाङ जिल्लाको थलीनौविस क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन* मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर शोधपत्रमा थलीनौविस क्षेत्रका प्रचलित लोककथाको सङ्कलन गरी सङ्कलित लोककथाहरूलाई लोककथाको प्रमुख तत्त्वका आधारमा विधातात्त्विक विश्लेषण गरेका छन् । उक्त अध्ययनले प्रस्तुत शोधपत्रमा लोककथालाई विश्लेषणमा सघाउ पुऱ्याउने देखिन्छ । त्यसैले यसलाई पनि पूर्वकार्यमा समेटिएको हो ।

हर्क बहादुर मगर (२०७५) ले *डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन* मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागको स्नातकोत्तर शोधपत्रमा डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययनमा लोककथाको सङ्कलन गरेर त्यसको वर्गीकरण विश्लेषण गरेका छन् । उनले बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको अध्ययन भने गरेका छैनन् । उक्त अध्ययनले प्रस्तुत शोधपत्रमा बारबर्दिया नगरपालिकाको लोककथालाई वर्गीकरण र विश्लेषण खण्डमा सघाउ पुऱ्याउने भएकाले यसलाई पूर्वकार्यको समीक्षामा समेटिएको हो ।

माथिको सूची र सङ्क्षिप्त समीक्षाको संश्लेषण गर्दा हालसम्म बर्दिया जिल्लाको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा अन्य प्रकारका अध्ययनहरू भएका र यस जिल्लाको बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाको अध्ययन हुन सकेको देखिँदैन । यहाँ प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण हुनु प्राज्ञिक तथा सांस्कृतिक दृष्टिले आवश्यक छ । अध्ययन नहुनु र हुनु आवश्यक हुनु नै प्रस्तुत शोधका औचित्यपुष्टिको मूल आधार हो । पूर्वकार्यको समीक्षामा आएका विभिन्न सामग्रीहरूले प्रस्तुत शोधको अध्ययनक्षेत्रको परिचय, अध्ययनक्षेत्रका भौगोलिक, सामाजिक, सांस्कृतिक, भाषिक आदि विशेषता र तिनको लोकसाहित्यसँगको सम्बन्ध ठम्याउने आधारको काम गरेका छन् जसले बारबर्दिया नगरपालिकाका प्रचलित लोककथालाई वर्गीकरण र विश्लेषण गर्नमा निकै सघाउ पुऱ्याएको छ ।तर बारबर्दिया नगरपालिकाका प्रचलितलोककथाका बारेमा खासै अध्ययन-विश्लेषण गरिएको भने अध्ययनमा भेटिदैन । यसरी बर्दिया जिल्लाको लोकसाहित्यमा अन्य क्षेत्रका लोककथाको अध्ययन सङ्कलन र विश्लेषण भए पनि बारबर्दिया क्षेत्रका ६, ७ र ११वडाका प्रचलित लोककथाहरूको अध्ययन हालसम्म नभएकाले यसको अभाव पुर्तीका लागि यो शाधकार्य गर्नु आवश्यक छ ।

## १.५ शोधकार्यको औचित्य

बारबर्दिया नगरपालिका क्षेत्रको लोककथाको अध्ययन अहिलेसम्म भएको छैन । त्यही अध्ययन अभावपूर्तिका लागि यो शोधपत्र गरिएकोछ । त्यही नै प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । बारबर्दियाको स्थानीय भाषिकामै लिपिवद्ध लोककथाले प्रस्तुत शोधकार्य भाषिकागत अध्ययन

गर्ने अध्येता र लोककथाका बारेमा जान्न चाहनेअरू शिक्षक र विद्यार्थीलाई पनि यो उपयोगी हुनेछ । यो पनि यसको औचित्य र मह□व रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य बारबर्दिया नगरपालिकामा प्रचलित लोककथालाई आधार बनाएर तयार पारिएको छ । शोधकार्य तयार पार्नेक्रममा ६, ७ र ११ गरी तीन ओटा वडाहरूका प्रचलित १४ ओटा लोककथाहरूको मात्र अध्ययन गरिएको छ । ती लोककथाहरूलाई वर्गीकरण र विद्याता□िवक अध्ययनमा मात्र विश्लेषण गरिएको छ । यो नै यस शोधको मुख्य सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधविधिअन्तर्गत सामग्री सङ्कलन, सङ्कलित सामग्रीको वर्गीकरण र विश्लेषणका आधार तथा ढाँचाको व्याख्या गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीको सङ्कलन क्षेत्रकार्य प्रक्रियाबाट गरिएको छ । बारबर्दिया नगरपालिकाका ६, ७ र ११वडाहरूमा गई सामग्री सङ्कलन गरिएको छ । निर्धारित क्षेत्रका लोककथा वाचकको छनोट गरी उनीहरूको वाचनकलालाई मोबाइलको आवाज रेकर्ड प्रविधिका माध्यमबाट रेकर्ड गरिएको छ र यसरी रेकर्ड गरिएको आवाजलाई लिप्यङ्कन गरी सम्बद्ध क्षेत्रमा प्रचलित लोककथाको लिखित पाठ तयार गरिएको छ । तिनै लिखित पाठ नै प्रस्तुत सन्दर्भमा सङ्कलन, वर्गीकरण र विश्लेषणका प्राथमिक/आधारभूत सामग्री हुन् । यसरी रेकर्ड गरिएका वाचक तथा उनीहरूद्वारा वाचन गरिएका लोककथाको लिपिबद्ध रूप यसै शोधको परिशिष्टमा राखिएको छ । यसरी वाचकको सूचना दिँदा उनीहरूको नाम, ठेगाना र उमेरयस शोधपत्रको परिशिष्ट भागमा राखिएको छ । त्यस्तै सङ्कलन गरिएका लोककथाको वर्गीकरणका आधार निर्माण गर्न तथा तिनको विधातात्त्विक विश्लेषण गर्नका लागि द्वितीयक स्रोतका सामग्रीको पनि उपयोग गरिएको छ । द्वितीयक स्रोतका सामग्रीको सङ्कलन भने पुस्तकालयीय कार्यबाट गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधपत्रमा निर्धारित क्षेत्रबाट सङ्कलन गरिएका लोककथालाई लोककथाको वर्गीकरण र विद्यात□वको सिद्धान्तलाई आधार बनाएर विश्लेषण गरिएको छ । लोककथाको विश्लेषण भने वर्णनात्मक र विश्लेषणात्मक विधिका आधारमा गरिएको छ । यिनै विधिमा आधारित रहेर प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदहरूमा विभाजन गरिएको छ:

पहिलो परिच्छेद : शोधपत्रको परिचय

दोस्रो परिच्छेद : बर्दिया जिल्ला र बारबर्दिया नगरपालिकाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाहरूको वर्गीकरण

चोथो परिच्छेद : बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाहरूको विश्लेषण

पाँचाँ परिच्छेद : शोध सारांश तथा निष्कर्ष

परिशिष्टहरू

परिशिष्ट 'क' : बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरू

परिशिष्ट 'ख' : बारबर्दिया नगरपालिकाको नक्सा

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# बारबर्दिया नगरपालिकाको सङ्क्षिप्त परिचय

## २.१ विषयपरिचय

लोककथाले लोकजीवनका विविध पक्षहरूलाई समेटेको हुन्छ । यसमा समाजका धार्मिक, सांस्कृतिक, सामाजिक आदि विभिन्न रीतिरिवाजको प्रत्यक्ष प्रभाव रहेको हुन्छ । त्यसैले प्रस्तुत शोधपत्रको यस परिच्छेद बारबर्दिया नगरपालिकाको सङ्क्षिप्त परिचयमा आधारित रहेको छ । यो नगरपालिका बर्दिया जिल्लाभित्र अवस्थित हुनाले यहाँ बर्दिया जिल्लाको सङ्क्षिप्त परिचय पनि दिइएको छ । बारबर्दिया नगरपालिकाको सङ्क्षिप्त परिचय दिने क्रममा भने भौगोलिक परिचय, प्राकृतिक पर्यावरण, राजनैतिक तथा प्रशासनिक विभाजन, शैक्षिक, स्थिति, धार्मिक एवम् पर्यटकीय स्थलहरू, आर्थिक स्थिति, सञ्चार तथा यातायात र सांस्कृतिक अवस्थालाई क्रमबद्ध तरिकाले प्रस्तुत गरिएको छ ।

## २.२ बर्दिया जिल्लाको सङ्क्षिप्त परिचय

बर्दिया जिल्ला नेपालको लुम्बिनी प्रदेशअन्तर्गत पर्ने १२ वटा जिल्लामध्येको एक हो । यस जिल्लालाई नयाँ मुलुकका रूपमा चिनिनुका साथै तराईका २० जिल्लामध्ये खाद्यान्नको भण्डारको रूपमा पनि चिनिन्छ । "सन् १८५७ मा भारतमा भएको सिपाही विद्रोहको समस्या समाधान गर्न तत्कालीन प्रधानमन्त्री श्री ३ जङ्ग बहादुर राणाले इष्ट इण्डिया कम्पनीलाई सहयोग गरेबापत वि.सं. १८७२ (३ मार्च १८१६) को सुगौली सन्धीबाट गुमेको भूभागमध्ये पुरस्कार स्वरूप वि.सं. १९१७ मा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर नेपाललाई फिर्ता आएकाले उपरोक्त बर्दिया लगायतका जिल्लाहरूलाई नयाँ मुलुकका रूपमा चिनिन्छ ।" (बर्दिया जिल्लाको गाउँपालिका/नगरपालिका प्रोफाइल, २०७५, पृ. १) यस जिल्लाको भूभाग धेरैजसो तराई क्षेत्रअन्तर्गत पर्दछ भने केही भाग चुरे तथा मध्यवर्ती क्षेत्रभित्र पर्दछ । पहिलेदेखि नै आदिबासी थारुहरूको बाहुल्यता रहेको यस जिल्लाभित्र पछिल्ला दिनहरूमा अन्य जिल्लाहरूबाट पनि बसाई सराई गरी आउनेको क्रम बढेसँगै यस जिल्लामा जातीय विविधता रहेको पाइन्छ । "पूर्वमा बाँके जिल्ला, पश्चिममा कैलाली जिल्ला, उत्तरमा सुर्खेत र सल्यान जिल्ला र दक्षिणमा भारतीय सीमासँग जोडिएको बर्दिया जिल्लालाई विशेषतः बाघ र बन्यजन्तु संरक्षित बर्दिया राष्ट्रिय निकुञ्ज, खाता संरक्षित क्षेत्र, कृष्णसार संरक्षण क्षेत्र, बढैयाताल, कर्णाली तथा भेरी नदी प्राकृतिक तथा पर्यटकीय स्थल बोकेको तथा थारु संस्कृतिको मौलिकता भएको जङ्गलै जङ्गलको जिल्लाको नामले परिचित छ।" (बर्दिया जिल्लाको गाउँपालिका/नगरपालिका प्रोफाइल, २०७५, पृ. १) यस जिल्लाको सदरमुकाम गुलरियामा रहेको छ ।

बर्दिया जिल्लाको नामाकरण कसरी हुन गयो भन्ने सन्दर्भमा विभिन्न किंवदन्तीहरू रहेको पाइन्छ । "स्थानीय थारुभाषामा गाई, गोरुलाई वलिवर्द भनिने र यहाँका गाई, गोरु राम्रा मोटा

घाटा र बलिया हुने हुँदा यो ठाउँलाई वलिवर्द भनिएकोमा पछि अपभ्रंश भई बर्दिया भएको र यसै आधारमा जिल्लाको नामाकरण गरिएको मानिन्छ । पदनाहा गा.वि.स.मा बारबर्दिया भन्ने गाउँ छ । पहिले यसै ठाउँमा हरिहर राजाको दरबार थियो । खेतीको लागि उन्नत जमिन भएको कारण बाहिरबाट बसाइ गरी यसै ठाउँमा आउन थाले र यो ठाउँ प्रसिद्ध हुन थाल्यो अन्तमा यसै ठाउँको नामबाट बर्दिया जिल्लाको नामाकरण रहन गएको हो भन्ने भनाइछ । (बर्दिया जिल्लाको गाउँपालिका/नगरपालिका प्रोफाइल, २०७५, पृ.२) यस जिल्लाको नामाकरण आदिवासीका रूपमा रहेका थारु जातिकै रहनसहन र संस्कृतिका आधारमा भएको छ ।

यस जिल्लामा मुख्य उत्पादन स्रोतको रूपमा धान, गहुँ र मकै खेती रहेको छ । यसका साथै यहाँ चना, मसुरो, मास र मौसमी तथा बेमौसमी तरकारी खेती पनि गरिन्छ । बर्दिया जिल्लामा प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्म अध्ययन अध्यापन हुने भएकाले साक्षर देखि उच्च शिक्षित वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस जिल्लामा यातायात तथा सञ्चारको विकास सन्तोषजनक रूपमा रहेको पाइन्छ । थारुहरूको बाहुल्यता रहेको यस जिल्लामा थारु, क्षेत्री, ब्राह्मण, कामी, मगर, गुरुङ, मुसलमान, यादव, दमाई आदि विभिन्न जातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस जिल्लामा आदिवासीका रूपमा रहेका थारुहरू र बाहिरी जिल्लाबाट आएका अन्य जातिहरूको बसोबासका कारणले यहाँ मिश्रित संस्कृति रहेको पाइन्छ ।

## २.३ बारबर्दिया नगरपालिकाको परिचय

बर्दिया जिल्लामा रहेका ८ वटा स्थानीय तहहरू ६ वटा नगरपालिका र २ वटा गाउँपालिका मध्ये बारबर्दिया नगरपालिका एक हो । “नेपाल सरकारको मिति २०७३ साल फाल्गुन २६ गतेको निर्णयअनुसार गठन भएको यस नगरपालिकाको पूर्वमा ग्याङ नदी (बाँसगढी नगरपालिका) पश्चिममा बर्व्य नदी (ठाकुरबाबा र मधुवन नगरपालिका), उत्तरमा बर्दिया राष्ट्रिय निकुञ्ज र दक्षिणमा गुलरिया नगरपालिका र बढैया ताल गाउँपालिकासँग यो नगरपालिका जोडिएको छ” (बारबर्दिया नगरपालिकाको नगर वस्तुगत विवरण २०७४, पृ. ५) ।बारबर्दिया नगरपलिकामा ११ वटा वडाहरू रहेका छन् । जसको निर्माण साविकका बानियाभार, पदनाह, मगरागाडी र धधवार ४ गाविस समायोजन भइ भएको हो । यस नगरपलिकाको नामकरण कसरी हुन गयो भन्ने सन्दर्भमा विभिन्न किंवदन्ती रहेका छन् । “जसानुसार धेरै वर्ष पहिले यस क्षेत्रमा थारु समुदायको बाह्रजना बर्दिवाहरू गाईगोरु चराउन जङ्गलमा गएर देवतालाई वली दिने भनी नाटक गर्दा दसजना बर्दिवाहरू लोप भएर बाँकी दुईजना गाउँलेको डरले आ-आफ्नो घाँटी रेटी मृत्यु वरण गरे । बाह्रजना बर्दिवाहरू मेरेको उक्त स्थानमा गाउँलेहरू बरहो बरदिया मण्डप निर्माण गरी सांस्कृतिक धरोहरको रूपमा रहेको उक्त बरहो बरदिया (बारबर्दिया) मण्डपकै नामलाई आधार मानी स्थानीय समुदायको मागबमोजिम नै नगरपलिकाको नाम बारबर्दिया नामाकरण हुन गएको भन्ने स्थानीयहरूको भनाइ छ” (बारबर्दिया नगरपालिकाको वस्तुगत

विवरण, २०७४, पृ.५) । यस नगरपालिकाको निर्माण साविक बानियाभार, पदनाह, मगरागाडी र धधवार ४ गाविस समाहित गरी भएको हो ।

## २.३.१ बारबर्दिया नगरपालिकाको भौगोलिक परिचय

भौगोलिक हिसावले उत्तरी भागमा पूर्व पश्चिम लोकमार्ग र बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रसँग आबद्ध रहेको बारबर्दिया नगरपालिकाको कूल क्षेत्रफल २२६.९ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको अन्य विस्तृत विवरण निम्नानुसार रहेको छ :

**तालिका नं. १**
**बारबर्दिया नगरपालिकाको भौगोलिक परचय**

| क्र.स. | विवरण | मन |
|---|---|---|
| १. | क्षेत्रफल | २२६.९ वर्ग कि.मी. |
| २. | अक्षांश | २८ डिग्री २६ मिनेटदेखि २८डिग्री ३६ मिनेट उत्तरसम्म |
| ३. | देशान्तर | ८१ डिग्री ३० मिनेटदेखि ८१ डिग्री ५० मिनेट उत्तरसम्म |
| ४. | उचाई | समुन्द्र सतहबाट करिब १७५ मि. |
| ५. | जनघनत्व | २२९.९ वर्ग कि.मी. (२०६८) |

(उद्धृत स्रोत : बारबर्दिया नगरपालिकाको वस्तुगत विवरण, २०७४, पृ. ५)

बारबर्दिया नगरपालिका भौगोलिक विभाजनको हिसाबले दक्षिणमा अधिकांश तराई क्षेत्र र उत्तरमा केही चुरे क्षेत्र गरी दुई भागमा विभाजित छ ।

## २.३.२ बारबर्दिया नगरपालिकाको प्राकृतिक पर्यावरण

बारबर्दिया नगरपालिकाको प्राकृतिक पर्यावरणको परिचय दिने क्रममा हावापानी, नदी नाला र तालहरूलाई क्रमबद्ध तरिकाले यस प्रकार प्रस्तुत गरिएको छ ।

### (क) हावापानी

उष्ण मनसुनदेखि समशितोषण प्रकारको हावापानी रहेको बारबर्दिया नगरपालिकामा गर्मीमा अत्याधिक गर्मी र हिउँदमा बाक्लो शीतलहर पर्नुका साथै बढी चिसो हुने गर्दछ । "वार्षिक सरदर वर्षा ११३० मि. मि. हुने गरेको यस नगरपालिका क्षेत्रको अधिकतम तापक्रम ४३ डिग्रीसम्म पुग्ने गर्दछ भने न्यूनतम तापक्रम ७.५ डिग्री सेल्सियसमा झर्ने गर्दछ" (बारबर्दिया नगराालिकाको वस्तुगत विवरण, २०७४, पृ. ५) । भौगोलिक बनावटको आधारमा यस जिल्लाको हावापानीमा भिन्नता रहेको पाइन्छ ।

### (ख) नदीनाला र तालहरू

बारबर्दिया नगरपालिका क्षेत्रभित्र रहेका नदी नाला तथा तालतलैयाहरू प्राकृतिक स्रोतका रूपमा अत्यन्त महत्त्वपूर्ण रहेका छन् । यस क्षेत्रमा ठूलासाना केही रमणीय तालहरू रहेकाछन् ।"करिब २५ मिटर क्षेत्रफलमा फैलिएको बर्व्य नदी, भादाखोला, दुन्दरा, झरनइया, पथरैया खोला र पाँच हेक्टर क्षेत्रफलमा फैलिएको जरुवा पानीताल, सतखलवा, सिमसार क्षेत्र तथा कालापानी, पानीमुहान क्षेत्र यस नगरपालिकाको मुख्य नदीनाला तथा तालतलैया हुन् " (बारबर्दिया नगरपालिकाको वस्तुगत विवरण, २०७४, पृ. ६) ।यस क्षेत्रको बर्व्य नदी पानी सिचाई र गिट्टी, बालुवा, ढुङ्गा र ग्रावेलका लागि प्रयोग हुँदै आएको छ ।

## २.३.३ बारबर्दिया नगरपालिकाको राजनैतिक तथा प्रशासनिक विभाजन

बारबर्दिया नगरपालिका बर्दिया जिल्लाको ८ वटा स्थानीय तहमध्ये एउटा स्थानीय तहहो । यस नगरपालिका जिल्लाको निर्वाचन क्षेत्र नं. १ अन्तर्गत पर्दछ । साविकका बानियाभार, पदनाह, मगरागाडी र धधवार ४ गाविस मिलेर बनेको यस नगरपालिकालाई ११ वडामा विभाजन गरिएको छ । यस नगरपालिकाको कार्यलय साविकको मगरगाडी गाविस जयनगरमा रहेको छ ।

## २.३.४ बारबर्दिया नगरपालिकाको शैक्षिक स्थिति

बारबर्दिया नगरपालिकामा प्राथमिक तह देखि स्नातक तह सम्म अध्ययन अध्यापन हुन्छ । त्यसैले यहाँ सामान्य साक्षर देखि उच्च शिक्षित वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ । बारबर्दिया नगरपालिकाको शैक्षिक स्थितिलाई विस्तृत रूपमा निम्नानुसार देखाइएको छ :

**तालिका नं. २**

**बारबर्दिया नगरपालिकाको शैक्षिक स्थिति**

| क.सं. | तह | सामुदायिक | संस्थागत | सङ्ख्या |
|---|---|---|---|---|
| १. | आधारभूत विद्यालय १-५ | २० | ६ | २६ |
| २. | आधारभूत विद्यालय ६-८ | ९ | ७ | १६ |
| ३. | माध्यामिक विद्यालय ९-१० | ८ | ३ | ११ |
| ४. | माध्यामिक विद्यालय १-१२ | ६ | - | ६ |
| ५. | क्याम्पस | २ | - | २ |

(उद्धृत स्रोत : बारबर्दिया नगरपालिकाको वस्तुगत विवरण, २०७४, पृ.६)

बारबर्दिया नगरपालिकाको कूल सामुदायिक विद्यालयको सङ्ख्या ४३ वटा रहेका छन् भने संस्थागत विद्यालय १६ वटा रहेका छन् । यस नगरपालिकामा २ वटा सामुदायिक क्याम्पसहरू पनि रहेका छन् । यस नगरपालिका भित्र रहेका शैक्षिक संस्थाहरूमा प्राथमीक तहदेखि स्नातक तहसम्मका विभिन्न विषयहरू अध्ययन अध्यापन हुन्छन् । घरधुरी सर्वेक्षण २०७२ अनुसार यस

गरपालिकाको कूल जनसङ्ख्याको ८२.१५ प्रतिशत साक्षरतादर देखिन्छ । जसमा पुरुषको ८६.५१ प्रतिशत र महिलाको ७७.७८ प्रतिशत रहेको देखिन्छ । यसबाट के बुझ्न सकिन्छ भने बारबर्दिया नगरपालिकामा पुरुषको तुलनामा महिलाहरू कम साक्षर रहे तापनि पहिलेको तुलनामा भने महिलाहरूको साक्षरता प्रतिशत धेरै नै बढ्दै गइरहेको बुझ्न सकिन्छ । यहाँ सामान्य साक्षरदेखि उच्च शिक्षित वर्गका मानिसहरूको बसोबास रहेको पाइन्छ ।

### २.३.५ बारबर्दिया नगरपालिकाको धार्मिक एवम् पर्यटकीय स्थलहरू

बारबर्दिया नगरपालिका भित्रका धार्मिक स्थलहरूमा सदाशिव मन्दिर, बरहोबर्दिया मन्दिर, वनबाबा मन्दिर, भैरवनाथ मन्दिर, पाँचधाम मन्दिर, फेनापती मन्दिर, राधाकृष्ण मन्दिर र बौद्धविहार आदि रहेका छन् । यसै नगरपालिकाका पर्यटकीय स्थलहरूमा बर्दिया राष्ट्रिय निकुञ्जको क्षेत्र, मध्यवर्ती क्षेत्र, सतखलवा ताल र खैरेनीको सिमसार क्षेत्र आदि रहेका छन् । यस नगरपालिकाभित्र मङ्गल शाहबाबा मस्जिद पनि रहेको छ । बारबर्दिया नगरपालिका धार्मिक एवम् जैविक विविधता र ऐतिहासिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण नगरपालिका हो ।

### २.३.६ बारबर्दिया नगरपालिकाको आर्थिक स्थिति

बारबर्दिया नगरपालिकाको आम्दानीको मूलस्रोत कृषि हो । नगरपालिकाको कूल क्षेत्रफल २२६.९ वर्ग कि.मी. मध्ये १७०७१ हेक्टर जमिनमा खेतिपाती गरिन्छ ।यहाँ धान, गहुँ, मकै, केराउ, मुसुरो, चना आदि अन्नबालीहरू उत्पादन गरिन्छ । यहाँ अन्नबालीका साथसाथै आलु, प्याज, लसुन, भन्टा, काउली, बन्दा, बोडी, करेला, लौका, फर्सीआदि जस्ता मौसमी तथा बेमौसमी तरकारी खेती गरिन्छ । यहाँ फलफूल खेतीका रूपमा आँप, लिचि, केरा खेति गरिन्छ । बारबर्दिया नगरपालिकामा यिनै अन्नबाली खेती, मौसमी तथा बेमौसी तरकारी खेती र फलफूल खेति गरी यहाँका बासिन्दाहरूले आफूलाई चाहिने आवश्यकता परिपूर्ति गर्नुका साथैविक्री गरी आर्थिक उपार्जन गरिन्छ । बारबर्दिया नगरपालिकाको आम्दानीको अर्को स्रोत भनेको पशुपालन, कुखुरा पालन र व्यापार व्यावसाय पनि रहेको छ । यहाँको आर्थिक सुदृढताको महत्त्वपूर्ण आधार भनेको खाडी तथा इन्डिया पनि रहेको छ ।यस नगरपालिका भित्र कृषि व्यापार व्यावसाय, वनपैदावर वस्तुहरूको उत्पादन तथा विक्री राम्रो हुने भएकाले यहाँका बासीन्दाहरूको आर्थिक स्थिति राम्रै देखिन्छ ।

### २.३.७बारबर्दिया नगरपालिकाको सञ्चार तथा यातायात

**(क) सञ्चार**

सञ्चार अभिव्यक्तिको माध्यम हो । बारबर्दिया नगरपालिकामासञ्चारको अवस्था सन्तोषजनक छ । यहाँ बसोबास गर्ने मानिसहरूले रेडियोदेखि लिएर कम्प्युटर, मोबाइल इन्टरनेट

जस्ता आधुनिक उपकरणहरूको प्रयोग गर्दछन् । यहाँ प्रयोग गरिने सञ्चारका माध्यमहरू र प्रयोगकर्ताको पारिवारिक सङ्ख्या निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**बारबर्दिया नगरपालिकाको सञ्चार**

| क्र.स. | सञ्चारको माध्यम | परिवार सङ्ख्या |
|---|---|---|
| १. | रेडियो क्यासेट | २०२२ |
| २. | टेलिभिजन | २७३६ |
| ३. | टेलिफोन/मोबाइल | १२७८७ |
| ४. | कम्प्युटर | ३४७ |
| ५. | इमेल वा इन्टरनेट | ५५ |
| ६. | अन्य | ३६ |

(बारबर्दिया नगरपालिकाको वस्तुगत विवरण, २०७४, पृ. ५४) ।

माथि उल्लेखित सञ्चार माध्यमहरू मध्य सबैभन्दा बढी प्रयोग भएको सञ्चार माध्यम टेलिफोन वा मोबाइल रहेको छ । अन्य सञ्चारमाध्यमहरूको प्रयोग पनि यस नगरपालिकामा राम्रो हुँदै गइरहेको देखिन्छ । यिनै सञ्चारका माध्यमहरूद्वारा नै बारबर्दिया नगरपालिकाका जनताहरूले देश तथा विदेशमा रहेका सूचना तथा समाचारलाई आदानप्रदान गर्न सक्ने भूमिका निर्वाह गरेका छन् ।

**(ख) यातायात**

बारबर्दिया नगरपालिकाको अधिकांश ठाउँमा यातायातका साधनहरू चल्ने पक्की, ग्राबेल तथा कच्ची सडक पुगेको छ । यहाँका बासिन्दाले निजी तथा सार्वजनिक साधनको भरपुर प्रयोग गर्न पाएका छन् । बारबर्दिया नगरपालिकाको यातायातको अवस्थालाई यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं.४

बारबर्दिया नगरपालिकाको यातयात

| क्र.सं. | सडकको नाम | कि.मी. | सेट व्याक मि. | सडक क्षे. मि. | कैफियत |
|---|---|---|---|---|---|
| १. | पूर्व पश्चिम राजमार्ग (ग्याङ नदीदेखि बव्यसम्म) | २० | - | - | कालोपत्रे |
| २. | गौरी पारा रानी जरुवा सडक | २.८०५ | ६ | २० | ग्रावेल |
| ३. | रामपुरदेखि शक्ति नगर | ४.८०४ | ६ | २० | ग्रावेल |
| ४. | धनीमार्ग (वैदीदेखि कुसुम्माघाट) | २२.३५० | ६ | ३० | ४ कि.मि कालोपत्रे |
| ५. | विष्णु मार्ग (रम्मापुरदेखि गुलरिया) | ३५.२०० | ६ | ३० | ग्रावेल |
| ६. | हुकुमदास मार्ग (जोधीपुरदेखि घोरपिट्टासम्म) | १६.२० | ६ | २० | ५.५ कि.मी. कालोपत्रे |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | रूपलाल मार्ग (औरीदेखि सोनपुरसम्म) | ४.७२३ | ६ | २० | ग्रावेल |
| ८. | सहिद मार्ग (शनिबजारदेखि जयनगरसम्म) | ९.७९० | ६ | २० | ग्रावेल |
| ९. | मोहन मार्ग (तर्कापुरदेखि बेलभारसम्म) | ४.०६० | ६ | २० | ग्रावेल |
| १०. | सगुन मार्ग (सतखोलवादेखि बेलावासम्म) | ११.७२० | ६ | २० | ग्रावेल |
| ११. | भीम मार्ग (ढकेलादेखि मानपुरसम्म) | ११.७६० | ६ | २० | ग्रावेल |

(बारबर्दिया नगरपालिकाको वस्तुगत विवरण, २०७४, पृ. ५७) ।

माथि उल्लेखित तालिकामा रहेका ग्रावेल र कालोपत्रे सडकहरूको विवरणलाई हेर्दाबारबर्दिया नगरपालिकाभित्र रहेका सडकहरूको स्थिति राम्रो हुँदै गएको देखिन्छ ।

## २.३.८ बारबर्दिया नगरपालिकाकोसांस्कृतिक अवस्था

बारबर्दिया नगरपालिकामा विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस नगरपालिकामा आदिवासीका रूपमा थारु जातिको बसोबास रहेको कारणले यस नगरपालिकाको प्राचिन सांकृतिक परम्परा थारु समुदायमा जीवित रहेको देखिन्छ । थारुहरूको बाहुल्यता रहेको यस नगरपालिकामा खासगरी दंगोडिया, कठरिया र ढकेर तीन जातिका थारुहरूको बसोबास रहेको पाइन्छ । यसका अतिरिक्त क्षेत्री, ब्राम्ह्ण, कामी, मगर, गुरुङ, मुसलमान, यादव, दमाई आदि विभिन्न जातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस नगरपालिकामा आदिवासीका रूपमा रहेका थारुहरू र बाहिरी जिल्लाबाट आएका अन्य जातिहरूको बसोबासका कारणले यहाँ मिश्रित संस्कृति रहेको पाइन्छ । थारु जातिले विशेषगरी माघी पर्व नयाँ वर्षका रूपमा मनाउने गर्दछन् । उनीहरूले माघी र दशै पर्व हर्ष उल्लासका साथ नाचगान र विभिन्न परिकारका खानेकुराहरू खाएर मनाउने गर्दछन् । थारु जातीले सखिया गीत गाउछन् । उनीहरूको नाचलाई हुद्दुहुद्दुर भन्दछन् । यसका साथसाथै तिहार, फागुपूर्णिमा, आइतवारी आदि चाडपर्वहरू पनि मनाउछन् । क्रिश्चियनहरूले क्रिश्मस्डे र मुस्लिमहरूले मूर्द, महर्रम मुख्य रूपले मनाउछन् । यस नगरपालिकामा पहाडी भेगबाट बसाँईसरी आएका पहाडी वर्गले दशै, तिहार, तिज, माघे संक्रान्ति होली आदि चाडपर्व मान्ने गर्दछन् । यसका साथै हिन्दु संस्कृति अनुरूप व्रतबन्ध, सत्य नारायण पूजा, कुल पूजा, रुद्री, श्राद्ध जस्ता आदि कार्यक्रमहरू पनि गर्ने गर्दछन् । मिश्रित संस्कृति रहेको यस नगरपालिकामा एक अर्काको पर्वमा सबै जातिले भागलिने गर्दछन् ।

## २.४ निष्कर्ष

बर्दिया जिल्ला धार्मिक एवम् पर्यटकीय स्थलका रूपमा महत्त्वपूर्ण जिल्ला हो । यस जिल्लामा थारूहरूको बाहुल्यता रहेको छ भने अन्य विभिन्न प्रकारका जाताजातिहरूको बसोबास रहेकाकारण धार्मिक,सांस्कृतिक लगायतका कुरामा विविधता भए पनि यहाँका बासिन्दाहरूमा एकताको भाव रहेको यस जिल्लामा विश्मै दुलर्भ मानिने कृष्णसार संरक्षण क्षेत्र, बढैया ताल, राष्ट्रिय निकुञ्ज, बर्व्य नदी आदि पर्यटकीय हिसाबले महत्त्वपूर्ण क्षेत्रहरू रहेका छन् । बर्दिया जिल्लामा पर्ने आठवटा पालिकामध्ये बारबर्दिया नगरपालिका यस अध्ययनसँग सम्बन्धित क्षेत्र हो । बारबर्दिया नगरपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ । यस नगरपालिकामा पनि अन्य जातिको तुलानामा थारु जातिको वाहुल्यता रहेको छ । यहाँ पहिलेको तुनामा शिक्षा यातायात, सञ्चार र आर्थिक लगायतका क्षेत्रहरूको क्रमिक रूपमा विकास हुँदै गइरहेका छन् ।समग्रमा भन्नुपर्दा बारबर्दिया नगरपालिका क्षेत्र प्राकृतिक एवम् सांस्कृतिक रूपमा सम्पन्न रहेको छ । यहाँ आम्दानीको स्रोत कृषिसँगै नदी, ताल र वन पैदावर क्षेत्र रहेका छन् ।

# तेस्रो परिच्छेद
# बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाको वर्गीकरण

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा बारबर्दिया नगरपालिकामा प्रचलित १४ वटा लोककथाकथाहरूको वर्गीकरण गरिएको छ । लोककथाको वर्गीकरण गर्ने क्रममा सैद्धान्तिक आधारहरूलाई लिइएको छ । प्रस्तुत शोधमा नेपाली लोककथाको पहिलो व्यस्थित अध्येता तुलसी दिवसले गरेको आधारहरूलाई प्रयोग गरेर सङ्कलित लोककथाहरूको वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गर्ने क्रममा सम्बद्ध क्षेत्रमा प्रचलित लोककथाहरूसांस्कृतिक-ऐतिहासिक, अर्ती उपदेशका लोककथा, पशुपक्षीका लोककथा, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथा, दैवी लोककथा, फलफूलका लोककथा र धार्मिक लोककथाहरू गरी सात प्रकारका लोककथाहरू भेटिएका छन् ।

## ३.२ लोककथा वर्गीकरणका आधारहरू

लोककथा लोक साहित्यको अत्यन्त प्राचीन आख्यानयुक्त विधा हो । लोक जीवनका अतिकल्पनात्मक तथा स्वैर काल्पनिक आख्यान लोककथा हुन् । लोककथा श्रुति-स्मृति परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको पाइन्छ । लोककथालाई विभिन्न विद्वान्हरूले विभिन्न प्रकार र आधारहरूमा वर्गीकरण गरेको पाइन्छ । यहाँ पूर्वीय, पाश्चात्य तथा नेपली विद्वान्हरूले गरेका वर्गीकरणहरूको संक्षेपमा चर्चा गर्दै यसका वर्गीकरणका आधारहरू र प्रकारको सङ्क्षिप्त विमर्श गरिएको छ ।

प्राचीन संस्कृत साहित्यका विभिन्न आचार्यहरूले लोककथालाई "(१) कथाः कल्पनामा आधारित रचना (२) आख्यायिका : इतिहासमा आधारित रचना, (३) परिकथा : छोटो इतिवृत्ति वा वृतान्तमा आधारित रचना, (४) सकलकथा : कथानकगत सम्पूर्णता भएको रचना (५) खण्डकथा : एकदेशीय अर्थात एक भागको वर्णन भएको लघुरचना (शर्मार लुइटेल, २०६३, पृ. ३८१) गरी पाँचवटा आधारमा लोककथालाई वर्गीकरण गरेका छन् ।

तुलसी दिवस (२०३३) ले लोककथाको वार्गीकरण गर्ने क्रममा हरिभद्राचार्यको वर्गीकरण पनि प्रस्तुत गरेका छन् । त्यहाँ उल्लेख भएको वर्गीकरण यस्तो छ : "(१) अर्थकथा, (२) काम कथा, (३) धर्म कथा र (४) संकीर्ण कथा" दिवस, २०३३, पृ.२१) । भद्राचार्यले अर्थकथा, कामकथा, धर्म कथा र संकीर्ण कथा गरी लोककथालाई चार भागमा विभाजन गरेका छन् ।

बेलायती लोककथा चिन्तक सार्लेट सोफिया वर्नले 'द ह्याण्ड बुक अफ फोकलोर' (१९३०) मा "लोककथालाई (१) सत्यका रूपमा भनिने लोककथा : पौराणिक कथा र अनुश्रुति कथा (२) मनोरञ्जनका निम्ति भनिने लोककथा, परिकथा, गीतिकथा, पशुपक्षीका कथा, हास्यकथा,

क्रमसंवर्द्धनात्मक कथा र उक्ति प्रमाण कथा" पराजुली र गिरी, २०६८, पृ.१८७) गरी सोफियाले दुई वर्ग र नौ प्रकारमा विभाजन गरेकी छन् ।

ख्याति प्राप्त अङ्ग्रेज लोकवार्ताविद् फोक्लोर एज हिस्टोरीकल साइन्स (इ. १९०८) पुस्तकका लेखक सर जर्ज लरेन्स गोथेले "लोककथालाई (१) शुद्ध कथा, (२) वीर गाथा, (३) वीरगाथा-गीतिकाव्य, (४) स्थान विशेषसँग सम्बन्धित किम्बदन्ती या जनश्रुति"(दिवस, २०३३, पृ. २३) गरी चार आधारमा वर्गीकरण गरेका छन् ।

नेपाली लोकसाहित्यका विद्वान् चूडामणि बन्धुले नेपाली लोकसाहित्य शीर्षकको कृतिमा "लोककथालाई (१) पौराणिक कथा र किवंदन्तीहरू, (२) परी कथा र नीति कथाहरू गरी दुई आधारमा वर्गीकरण गरेका छन्" (बन्धु, २०५८, पृ. २८४-२८६) । बन्धुले लोककथालाई पौराणिक कथा र किंवदन्तीहरू र परिकथा र नीति कथा गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् ।

मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले नेपाली लोककथालाई उद्देश्यगत (प्रयोजनगत) र विषयगत गरी दुई आधारमा वर्गीकरण गरेका छन् । उनीहरूले गरेका वर्गीकरणका आधार र तिनका प्रकारहरू निम्नानुसार छन् : "(१) उद्देश्यगत (प्रयोजनगत) वर्गीकरण : (क) पौराणिक ( धार्मिक) लोककथा : मिथक र अनुश्रुति कथा, (ख) मनोरञ्जनमूलक लोककथा : परिकथा, जादु तथा टुनामुनाका कथा, भूतप्रेत तथा राक्षसका कथा, पशुपक्षी तथा सरीसृपका कथा, ठगी तथा चलाखीका कथा, मुर्ख्याइँ तथा विश्वासघातका कथा, हास्य कथा आदि, (२) विषयगत वर्गीकरण : (क) पौराणिक लोककथा : पूरा कथा, मिथक मिथ, (ख) अनुश्रुति कथा, (ग) सामाजिक लोककथा, (घ) अतिरञ्जित/अतिकाल्पनिक लोककथा" (पराजुली र गिरी, २०६८, पृ. १८८-१९०) । पराजुली र गिरीले लोककथाको वर्गीकरणलाई दुई आधारमा र छ प्रकारमा वर्गीकरण गरेका छन् ।

नेपाली लोककथाका पहिलो व्यवस्थित अध्येता तुलसी दिवस (२०३३) ले आफ्नो कृतिनेपाली लोककथा : केही अध्ययननमा लोककथालाई दश प्रकारमा विभाजन गरेका छन् । जसमा "(१) सांस्कृतिक, ऐतिहासिक लोककथाहरू, (२) अर्ती उपदेशका लोककथाहरू, (३) पशुपक्षीका लोकथाहरू, (४) मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरू, (५), अतिमानवीय रूपका लोककथाहरू (६), दैवी लोककथाहरू, (७) फल-फुलका लोककथाहरू, (८) साहस तथा वहादुरीका लोककथाहरू, (९) धार्मिक लोककथाहरू, (१०) विविध लोककथाहरू" रहेका छन्" ( दिवस, २०३३, पृ. ३८) । दिवसले लोककथाको वर्गीकरण गर्ने क्रममा लोककथालाई दश प्रकारमा विभाजन गरेका छन् ।

माथिको विभिन्न विद्वान्हरूको वर्गीकरणलाई हेर्दा फरक फरक ढङ्गले वर्गीकरण गरेका छन् । यसरी हेर्दा विभिन्न विद्वान्हरूको लोककथाको वर्गीकरणसम्बन्धी एकमत रहेको पाइँदैन । वर्गीकरणसम्बन्धी एकमत नभए तापनि बारबर्दिया नगरपालिकाका लोककथालाई तुलसी दिवसका आधारमा वर्गीकरण गरिएको छ ।

## ३.३ बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोकथाहरूको वर्गीकरण

लोककथा वर्गीकरणको उपर्युक्त मत सर्वेक्षण गर्दै बारबर्दिया नगरपालिकामा प्रचलित सङ्कलित लोककथाहरूको वर्गीकरण तुलसी दिवसको आधारमा प्रयोग गरेर गरिएको छ ।

### ३.३.१ सांस्कृतिक-ऐतिहासिक लोकथाहरू

सांस्कृतिक-ऐतिहासिक लोककथाहरू विभिन्न देवी देवता र ऐतिहासिक घटनाहरूसँग सम्बन्धित हुन्छन् । "ऐतिहासिक एवम् सांस्कृतिक व्यक्ति, स्थान तथा घटनाको विवरण चाडपर्व, उत्सव आदि उत्पत्ति र प्रचलित हुनाको कारण र विभिन्न देवी-देवताका मन्दिर निर्माणको प्रसङ्गसँग सम्बन्धित नेपाली लोकजीवनमा प्रचलित किम्बदन्ती, जनश्रुति, आख्यायिका तथा अवदानहरू सांस्कृतिक-ऐतिहासिक कथाअन्तर्गत समाविष्ट हुन्छन्"(दिवस, २०३३ पृ. ३८) ।यस्ता कथाहरू सत्य नभए पनि सत्य मानेर भन्ने र सुन्ने प्रचलन रहेको छ ।

बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये 'कर्मको फल' शीर्षकको लोककथासांस्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा के कसरी सांस्कृतिक-ऐतिहासिक लोककथाभित्र पर्दछ यसको प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

**कर्मको फल**

'कर्मको फल' लोककथामा मन्त्रमा विश्वास गर्ने ऋषि जङ्गलमा तपस्या गरेर बसिरहेका हुन्छन् । त्यही ऋषिको नजिकै दुईवटी महिलाहरू देहव्यापार गरेर बसिराखेका हुन्छन् ।

महिलाहरूले ऋषि तपस्या गरेर बसेको थाहा पाउँछन् । दुवैजना ऋषि कहाँ गएर आफूहरूले आजसम्म देहव्यापार गरेको र अब स्वर्ग जानको लागि  गर्नुपर्ने उपाय बताइदिन आग्रह भन्छन् । ऋषिले दुईवटीलाई फरक फरक मन्त्र 'बे' र 'से' दिन्छन् । ऋषिले १०८ वटा सिढी चढेपछि स्वर्ग पुगिन्छ । १०८ वटा सिढी नचढुन्जेलसम्म आफ्नो मन्त्र एक अर्कालाई नभन्ने र भनेपछि स्वर्ग जान नपाउने कुरा गर्छन् । उनीहरू स्वर्ग जानको लागि भऱ्याङ चढ्न सुरु गर्छन् । १०७ वटा सिढी चढिसकेपछि अब त स्वर्ग पुगिहालिम एउटा सिढी तहामफालेर पनि पुगिन्छ । तेरो मन्त्र के हो ? भन भनेर एकअर्कालाई सोध्छन् । दुइटीले मन्त्रभन्दा 'बेसे' हुन्छ । उनीहरू झस्किन्छन् । स्वर्ग जान नपाई उनीहरू पहिलेकै अवस्थामा पुग्छन् ।

'कर्मको फल' लोककथामा मन्त्रमा विश्वास गर्ने ऋषि जङ्गलमा तपस्या गरेर बसेको, देह व्यापार गरेर बसेका दुईजना महिलाले आफ्नो पाप पखाल्न ऋषिसँग मन्त्र मागेको, तिनीहरूले मन्त्र पाएको तर त्यो मन्त्र पूरा गर्न नसकेर पहिलेजस्ता थिए त्यस्तै जीवन बिताएको प्रसङ्गबाट यस लोककथाले सांस्कृतिक विश्वास तथा सामाजिक प्रचलन र विशेषताहरूको संरक्षण गरेर राखेको हुनाले 'कर्मको फल' लोककथालाई सांस्कृतिक तथा ऐतिहासिक लोककथाभित्र समावेश गरिएकोछ ।

## ३.३.२ अर्ती उपदेशका लोककथाहरू

अर्ती उपदेशका लोककथाहरूलेजसले धैर्य, लगनशील र सहनशीलताका साथ काम गर्न सक्छ उसले जीवनमा कहिल्यै हार वेहोर्नु पर्दैन भन्ने नैतिक शिक्षा प्रदान गर्दछन् ।"नेपाली लोक जीवनमा उपयुक्त र आवश्यक मानिएका, जीवन सफल पार्ने निर्देशन र समस्या समधानका विधिहरू अर्ती उपदेशका कथाहरूमा पाइन्छन्" (दिवस, २०३३, पृ. ४१) ।यस्ता कथाहरूलेहामी मानव भएर मानवको झैं गुण व्यवहार हुनुपर्छ भन्नेअर्ती उपदेश प्रत्यक्ष वा अप्रत्यक्ष रूपले दिने गरेको पाइन्छ ।

बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये 'दाइमारा', 'बुद्धि ठूलो', 'चारवटा बुद्धि', ट्हुरी', 'भाग्यरेखा' र झगडाको निहुँ' शीर्षकका लोककथाहरू अर्ती उपदेशका लोकथाहरू हुन् । यी कथाहरू के कसरी अर्ती उपदेशका लोकथाहरूभित्र पर्दछन् तिनीहरूको प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

### (अ) दाइमारा

'दाइमारा' लोककथामा दाजुभाइ हुन्छन् । दुई भाइमा कान्छो अलि बाठो र जेठो दाजु अलि मोटो दिमागको हुन्छ । यिनीहरू दुवैको केही समयपछि विवाह हुन्छ ।

विवाह पछि दाजुभाइको खटपट सुरु भई घर छुट्टिन्छन् । घर छुट्टिदा राम्रो अन्नबाली हुने खेतबारी भाइले लग्छ । दाजुलाई केही नहुने ढुङ्गा खानी दिन्छ । भैंसीको अगाडिको भाग दाजुलाई दिएर घाँस, पानी दाजुलाई गर्न लगाउँछ । पुच्छरतिर भाइले लगेर दुध आफूले मात्र खान्छ । नरिवलको टुप्पोतिर लेगरनरिवल भाइले मात्र खान्छ र फेदतिर दाजुलाई दिएर गोडमेल गर्न लगाउँछ । सधैं यस्तै गरिराखेको हुन्छ । एकदिन एकजना गाउँको मान्छेले दाजुचाहिँलाई भैंसीलाई घाँस पराल पनि नहाल र भाइलाई पनि हाल्न नदे भनेर सिकाउँछ । दाजुले गाउँलेले भने जस्तैगर्छ । त्यसपछि भाइले दाजुलाई अब यस्तो नगर बिहान तिमीले घाँस पराल हाल तिमीले नै दुध खाउँ, साँझ म हाल्छु र म खान्छु भन्छ । नरिवल पनि दुई दाजुभाइ मिलेर खान्छन् । त्यसपछि दुईभाइ मिलेर गाउँलेहरू बोलाएर सबै सम्पत्तीराम्रोसँग बाडेर बस्छन् ।

'दाइमारा' लोककथामा चलाख भाइले सोझो दाजुलाई अंशमा मारेको छ । भाइले दाजुलाई भैंसीको टाउकोतिर र नरिवलको फेदतिर दिएर घाँस काट्न र गोडमेल मात्र गर्न लगाउने र दुध र नरिवल भने आफूले मात्र खाने गरेपछि गाउँको मानिसले घाँस काट्न र गोडमेल गर्न छोड्दे भनेर सिकाउँछ र पछि भाइले दाइसँग माफी मागेर फेरि अंश बण्डा गरेर मिलेर बस्छन् । यस कथाले कसैले कसैलाई ठग्नु हुँदैन । जेजति छ त्यो सबै मिलेर खानुपर्छ, सोझो र इमान्दारीको

फाइदा गलत तरिकाले लिनु हुँदैन भन्ने नैतिक शिक्षा दिएको हुनाले यो लोककथालाई अर्ती उपदेशका कथाभित्र राखिएको छ ।

**(आ) बुद्धि ठूलो**

'बुद्धि ठूलो' लोककथामा बुढाबुढीले छोराको बिहे गरिदिन भनेर केटी खोज्न लाग्छन् । छोराले बिहेपछि दिनको चार जुता हान्न दिएपछि मात्रै बिहे गर्छु नत्र गर्दैन भन्छ । त्यस्तो केटी कही नपाएपछि खोज्दै जादा एउटीले म गर्छु भन्छे ।

केही समयपछि बिहे हुन्छ । बिहेको दिन कुट्न जाँदा आज पाहुना छन् भोलि कुटौला भन्छे । अर्कोदिन कुट्न जाँदा आफूले कमाई गर अनि कुटौलाभन्छे । श्रमतीले त्यस्तो भनेपछि श्रीमान्चाहिँ कमाउन हिड्छ । श्रीमान्को पछिपछि श्रीमती पनि भेष बदलेर हिड्छे । । श्रीमती एउटा अजबको बात भन्नुपर्ने नभनेपछि जेलै जानुपर्ने राज्यमा पुग्छेत्यसपछि त्यसले यो जोत्नेलाई र गोरुलाई शित्तल हुन काम केही छैन भनेर सोध्छे । यस्तो घाममा पनि के हुन्छ र भनेर राजाले भन्छन् । ल हाम्रा राज्यमा त सानैमा बाच्छो जन्मेपछि त्यसको पुच्छरमा विरुवा रोपिदिने । रोपिदिएपछि त्यो बाच्छो पनि बच्छ ठूलो हुन्छ त्यो रूख पनि ठूलो हुन्छ । जोत्नेलाई पनि शीत्तल हुन्छ । त्यस्तो व्यवस्था छ हाम्रो भनेर भनेपछि राजाले यो पो अजबको बात हो भनेर त्यसलाई आफ्नो राज्य चलाउन र छोरीसँग बिहे गर्न भन्छन् । ६ महिनापछि बिहे गर्छु भनेर भन्छे र राज्य चलाउँछे । त्यही श्रीमतीको राज्यमा श्रीमान् काम खोज्दै आइपुग्छ । श्रीमतीले चिनेर काम दिन्छे । ६ महिनापछि घर जाँदा श्रीमान्लाई चाँदीका र आफूले सुनका पैसा लगेर घर जान्छे । घर श्रीमान्भन्दा अगाडि पुग्छे । श्रीमान्ले आज त कमाएर लिएर आए भनेर हान्न लाग्दा श्रीमतीले श्रीमान्लाई काम गर्ने ठाउँमा बोलाउने भाषा टुरटुर भन्छे । श्रीमान्ले हजुर साव भन्छ । श्रीमतीले आफूलाई काम लगाएको हो भन्ने थाहा पाएर त्यसदिनदेखि चार जुता हान्छु भनेर कहिल्यै भन्दैन र पछि सँगसँगै मिलेर बस्छ ।

'बुद्धि ठूलो' लोककथामा मूर्ख श्रीमान्लाई श्रीमतीले ठीक ठाउँमा ल्याएकी छे । बिहे गरेर श्रीमतीलाई दिनको चार जुत्ता हान्छु भनेर कसिएको श्रीमान्लाई पहिले आफूले कमाइ गर त्यसपछि सधैँको साटो हान्नु भनेर अन्तिममा कमाइ गरेर त्यो सुध्रिएपछि सबैसँग मिलेर बसेको छ ।'बुद्धि ठूलो' कथाले मूर्खलाई महामूर्ख भएर होइन सरल तरिकाले नम्र भएर तिनीहरूलाई काम लगाउन सक्यो भने जस्तोसुकै मूर्ख भएपनि सुध्रन्छन् भन्ने अर्ती उपदेश यस लोककथाले दिएको हुँदा यो कथालाई अर्ती उपदेशात्मक लोककथाअन्तर्गत समावेश गरिएको छ ।

**(इ) चारवटा बुद्धि**

'चारवटा बुद्धि' लोककथामा छोराले कमाउन जान्छु भन्छ बुबाले पहिला बुद्धि सिकेर आँ अनि जालास भनेर चारसय रुपियाँ दिएर पठाउँछ । बुद्धि सिकाउनेले कही जाँदा एक्लै नजानु सँगीसँग जानु, केही चीज खाँदा पहिला कुनै चिजलाई दिएर मात्र खानु, अर्काले लाएको बिस्तरा

नभ्कारिकन नसुत्नु, कसैसँग बस्दा राम्रो ख्याल राखेर मात्रै बस्नु भनेर सिकाउँछ अनि चार सय रुपियाँ लग्छ ।

छोरो बुद्धि सिकेर घर आउँछ र कमाउन हिड्छ । उसको पछिपछि न्याउरी मुसो पनिजान्छ । खाना खानु भन्दा अगाडि कुकुरलाई खान दिदा कुकुर मर्छ । त्यसपछि सुत्न लाग्दा बिस्तरा झार्दा रुमाल रोटी पकाउन लाएको कराईमा खस्छ । कपडा खसेपछि नसुतेर हिड्छ । जाँदा जाँदा बाटोमा राजा बनाउने तर रातभरीमा मर्ने ठाउँमा पुग्छ । हेरक दिन बिहान नयाँ मान्छे राजा बन्नुपर्ने त्यस दिन त्यसैलाई राजा बनाउँछन् । राजा बनिसकेपछि राती सुतेको बेला रानीको नाकबाट सर्प निस्केर टोक्न लाग्दा न्याउरी मुसोले सर्पलाई मारी दिन्छ र त्यो त्यहाँको राजा बनेर बस्छ ।

'चारवटा बुद्धि' लोककथामा बुद्धि सिकेर मात्र कमाउन जा भनेर बुबाले छोरालाई बुद्धि सिक्न पठाउँनु, छोरो बुद्धि सिक्न गएर बुद्धि सिकाउनेले भनेअनुसार गर्दै कमाउनु, कमाउन हिड्ने क्रममा अन्त्यमा अर्काको ठाउँमा गएर राजा बनेर त्यही राज्य गरेर बस्नु जस्ता घटनाहरूबाट यस लोककथाले बुबाआमा, र आफूभन्दा ठूलाले कहिल्यै गलत सिकाउँदैनन् उनीहरूले भनेको मानेपछि सधैँ सही बाटोमा पुगिन्छ भन्ने अर्ती दिएकाले यो कथा अर्ती तथा उपदेशात्मक लोककथामा समावेश गरिएको हो ।

**(इ) भाग्यरेखा**

'भाग्यरेखा' लोककथामा बुढाबुढीका पाँच बैनी छोरीहरू र एउटा छोरो हुन्छ । त्यो बुढोको एउटा हली पनि हुन्छ । हलीको छोरा जन्मिन्छ । ६ दिनका दिन भावी 'भाग्यरेखा'लेख्न आउँछ । बुढोले भावीलाई भित्र गएर के लेखेर आउँछस् मलाई भनेपछि मात्र जान दिन्छु भन्छ । भावी हुन्छ भन्छु भन्दै भित्र पस्छ र बाहिर आएर यो सबै राज्य यही छलीको छोराले खावस भनेर लेखेर आए भन्छ । बुढोलाई यो कुराले धेरै सताउँछ ।

हलीको छोरालाई कसरी मार्ने होला भनेरसोच्दा सोच्दै हलीको छोरो ठूलो हुन्छ । एकदिनबुढोले हलीको छोरालाई चिठी लेखेर यो चिठी घर लगेर दे भनेर पठाउँछत्यो चिठी बुढोकी माइली छोरीले पढेरच्यातेर फाल्छे र अर्को चिठी लेखेर दिन्छे । त्यो चिठी पढेर बुढोकी माहिली छोरीसँग हलीको छोराको बिहे गर्दिन्छन् । बुढोले चिठी पढिस भनेर छोरालाई साध्दा घार माझ तलामा लगेर माहिली बहिनीको बिहे गरिदिए भन्छ । हलीको छोरालाई मार्नु भनेर लेखेको चिठीमा छोरीको बिहे हुँदा बुढो चिन्तामा पर्छ । ज्वाइँ पो भयो अब कसरी मारु भनेर जुत्ता सिलाउँन पठाउँछ । ज्वाइँ जुत्ता सिलाउन गएको देखेर बुढोको छोरोले पाप लाग्छ म जान्छु भनेर जान्छ । उता बुढोले जुत्ता सिलाउने सार्कीलाई जुत्ता सिलाउन जो आउँछ । त्यसैलाई मार्नु भनेर सिकाउँछ । सार्कीले छोरा चाहिँलाई मार्छ । हलीको छोरा सबै सम्पत्ती खाएर राज्य गरेर बस्छ ।

'भाग्यरेखा' लोककथामा धनी बुढोले राखेको हलीको छोराको भाग्य लेख्ने भावीले त्यस बुढाको श्री सम्पत्ती सबै खाएर राज्य चलाएर बसेस् भनेर लेखिदिन्छ । यो कुरा बुढोले थाहा पाएर अनेक जुक्ति निकालेर मार्न खोज्दा हलीको छोरा ज्वाइँ बन्छ । अनेक षड्यन्त्र रच्दा पनि हलीको छोरा नमरेर आफ्नो छोरा नै अरूबाट मारिन्छ । अन्त्यमा हलीको छोराले नै सबै सम्पत्ती खाएरबस्छ । यिनै विभिन्न घटनाहरूबाट मानिसको 'भाग्यरेखा'कर्मले नभई भाग्यले नै निर्धारण गर्छ । भावीले जस्तो लेखिदिएको छ त्यो भोग्नै पर्छ भन्ने लोकविश्वास का साथ यस कथालाई उपदेशात्मक लोककथामा समावेश गरिएको हो ।

### (उ) टुहुरी

टुहुरी' लोककथामा आमा नभएकी टुहुरी हुन्छे । टुहुरीको बाबु र सौतनी आमा हुन्छन् । सौतेनी आमाले टुहुरीलाई हेला गर्छे । बाबुसँग टुहुरीले एउटा बाख्राको पाठी माग्छे । टुहुरी सधैँ जङ्गल बाख्रा चराउन जान्छे ।

जङ्गलमा बाख्राको पाठीसँग टुहुरीले आफ्नो दुःख पोख्ने रूने गर्छे । बाख्राको पाठीले दिदी नरुनुहोस् भन्दै जुम्रा हेरिदिने, झिरफिनी दिशा गरेर खान दिने टुहुरीको सुख, दुःखको साथी बाख्राको पाठी बन्छ । टुहुरी मोटाउन थालेपछि सौतेनी आमाले शङ्का मानेर आफ्नो छोरालाई पनि टुहुरीसँग जङ्गल पठाउँछे । जङ्गलमा बाख्राको पाठीले खाजा खाने समयमा सधैँको जस्तो झरफिनी दिसा गर्दिन्छ र दिदी भाइले खान्छन् । घर नभने है बाबु भनेर भाइलाई सिकाउँदा पनि नङ्को कुनामा लुकाएर लगेर आमालाई देखाउँछ । सौतेनी आमालाई डाहा लाग्छ र बाख्राको पाठी कसरी मार्ने भन्दै बिरामीको नाटक गर्छे । बाख्राको पाठी नाकाट्दासम्म रोग निको हुँदैन भनेर धामीलाई भन्नलगाउँछे । टुहुरीको बाबुले धामीले भनेको कुरा विश्वास गरेर बाख्राको पाठी काट्ने कुरा टुहुरीसँग गर्छ । टुहुरीले हुन्छ भन्छे र बाख्राको पाठीसँग धेरै रुन्छे । बाख्राको पाठीले मेरो मासु तिमीले नखानु हड्डी जति सबै गाड्दिनु भनेर सिकाउँछ । टुहुरीले बाख्राको पाठीले भने झैं गर्छे । गाडेको हड्डीबाट सुनको मौलो निस्कन्छ । राजाले त्यो मौलो उक्काउन सक्नेलाई राजारानी बनाउँछु भन्छन् । मौलो कसैले उक्काउन सक्दैनन् । अन्तिममा टुहुरीले छुदा बित्तिकै हातमा आउँछ । राजा खुसी भएर बाजा बजाएर दरबार लग्छन् । टुहुरीको जीवन सुखमय हुन्छ ।

'टुहुरी' लोककथामा सौतेनी आमा र छोराछोरी जो भए पनि कहिल्यै, कसैलाई हेला गर्नु, दुःख दिनु हुँदैन । आफ्नै छोराछोरी र आमा सम्झेर माया ममता दिएर आफ्नो कर्तव्य पूरागर्नुपर्दछ । कोही नहुनेको भगवान् हुन्छन् धैर्य र सहनशीलतापूर्वक काम गर्यो भने अवश्य पनि जीवनमा सुखको दिन आउँछ भन्ने अर्ती उपदेश प्रस्तुत भएकाले 'टुहुरी' लोककथालाई अर्ती उपदेशका लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### (ऊ) झगडाको निहुँ

'झगडाको निहुँ' लोककथामा एउटा झगडी र माइत जान लागेका लोग्ने स्वास्नीको भेट हुन्छ । लोग्ने चाहिनेलेझगडीलाई 'झगडाको निहुँ' के हो ? सिकाइदेउ न भन्छ । झगडी नबोलेर हिड्छ । बाटोमा खोला तरिसकेपछि झगडीले स्वास्नी चाहिनको खुट्टामा चिनो देख्छ । खोला तरिसकेपछि झगडी र लोग्ने स्वास्नी छुट्टिने ठाउँ आउँछ । झगडीले त्यो स्वास्नी चाहिनेलाई मेरी श्रीमती हो भन्छ । लोग्नेले हामी ससुराल हिडेको काँ तिम्री हुने मेरी स्वास्नी हो भन्छ ।

उनीहरू झगडा मिलाउन अदालत जान्छन् । न्यायधीशले लोग्ने चाहिनेलाई तेरी श्रीमतीको शरीरमा कतै चिनो छ की छैन भनेर सोध्छ । लोग्नेले थाहाँ भएन भन्छ । फेरि झगडिलाई सोध्छ । झगडिले छ सर तिघ्रामा भन्छ । न्यायाधीशले झगडिको श्रीमती हो भनेर फैसला गर्छ । अदालतबाट उनीहरू फर्किन्छन् । झगडि र लोग्ने स्वास्नी छुट्टिने ठाउँ आउँछ । झगडिले श्रीमती तेरी होलैजा । तैले 'झगडाको निहुँ' सिकाइदे भनेर मैले यति गरेको हो । झगडा बाजा बजाएर आउँदैन भन्छ ।

'झगडाको निहुँ' लोककथामा कुनै पनि कामको थालनी गर्दा सधैँ सचेततापूर्वक गर्नुपर्दछ । आफैले खनेको खाल्डोमा आफै पर्ने काम कहिले गर्नु हुँदैन । झगडा बाजा बजाएर आउँदैन, झगडाले सबैको जीवनमा तहसनहस बनाई दिन्छ । त्यसैले झगडाबाट टाढै रहनु पर्दछ भन्ने उपदेश प्रस्तुत भएकाले 'झगडाको निहुँ' लोककथालाई अर्ती उपदेशका लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### ३.३.३ पशुपक्षी लोककथाहरू

पशुपक्षीसम्बन्धी लोककथाहरूमा घरपालुवा र जङ्गली दुवै प्रकारका पशुपक्षीहरू मुख्य पात्रका रूपमा आएका हुन्छन् । "पशुपक्षीका कथाहरूमा पशुपक्षी पात्रहरू हुन्छन् । वस्तु पात्र र प्रशिक्षणको दृष्टिकोणले पशुपक्षीका नेपाली लोककथाहरू रोचक र रमाइला छन् । पशुपक्षीका सबै जसो कथाहरूमा कुनै न कुनै शिक्षा वा उपदेश स्पष्ट नभए पनि अपरोक्ष रूपले अन्तर्निहित हुन्छन्" (दिवस, २०३३, पृ. ४३) । यस्ता कथाहरू छोटा र रोचक हुनुका साथै व्यावहारिक हुन्छन् ।

बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये 'कुकुरको कथा' शीर्षकको लोककथा पशुपक्षीका लोककथाभित्र पर्दछ ।यो कथा के कसरी पशुपक्षीका लोककथाभित्र पर्दछ । यसको प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

**कुकुरको कथा**

'कुकरको कथा' लोककथामा धेरै वर्ष पहिले कुकुरहरू धेरै इमान्दार हुन्छन् । बारीमा मकै कुर्ने, कोही, नभएको बोला घर कुरेर बस्ने गर्छन् । कुकुरहरू जति इमान्दार भए पनि मान्छेले आफूले खाना खाइसकेपछि मात्र बचेको खाना दिने गर्छन् । मान्छेको यस्तो व्यवहार कुकुरलाई मन पर्दैन । कुकुरको राजाले कुकुरहरूलाई बोलाएर सम्मेलन गर्छ । सम्मेलनमा अबदेखि आफूसँगै खाना दिए खाने सधैँको जस्तै गरी दिए नखाने निर्णय गर्छन् ।

कुकुरको भाषा मान्छेले बुझ्दैनन् । सधैँ जस्तो गरी खान दिँदा उनीहरू भोकै बस्छन् । फेरि कुकुरहरूको राजा कहाँ गएर मनुष्यले हाम्रो भाषा बुझ्नेनन् भन्छन् । त्यसपछि आजबाट आफ्नो इमान्दारीता तोड्ने, जहाँ मन लाग्यो त्यही जाने डुलेरकाम गर्ने डुलेरै खाने भन्ने निर्णय गरेर त्यस दिन देखि आफ्नो इमान्दारिता बेचेर हिड्न थाल्छन् ।

'कुकरको कथा' लोककथामा कुकर मुख्य पात्र रहेको, सम्पूर्ण घटनाहरू कुकुरहरूकै केन्द्रीयतामा अगाडि बढेको आयामका रूपमा छोटो र विषयका रूपमा रोचक कुराहरू भएकाले 'कुकुरको कथा' लोककथालाई पशुपक्षीका लोककथाभित्र समावेश गरिएको छ ।

### ३.३.४मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूमा मान्छेले गर्ने व्यवहार र उसका स्वभावहरूको चित्रण गरिएको हुन्छ । "मानवका विशेष स्वभाव र विशेष प्रकृतिको परिचय उल्लेख व्याख्या तथा तिनीहरूमा आधारित व्यङग्य, हस्यौली प्रस्तुत गरिएका हुन्छन् । यस्ता कथाहरूमा ठगी तथा चलाखी, मुर्ख्याइँ, लोभी तथा कञ्जुस र विश्वासघातका लोककथाहरू पर्दछन्" (दिवस, २०३३, पृ. ४३) । मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरूका पात्रहरूले विशेष गरी कसरी हुन्छ एकआपसमा अरूलाई ठगी गरेरै छोड्छन् ।

बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये 'आफ्नै कर्म खान्छु' र 'हली' लोककथा मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरू हुन् ।यी कथाहरू के कसरी मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरूभित्र पर्दछन् । तिनीहरूको प्रसङ्गलाई निम्नानुसार देखाइएकोछः

#### (अ) आफ्नै कर्म खान्छु

'आफ्नै कर्म खान्छु' लोककथामा एउटा बुढाका सात भाइ छोराहरूमध्ये सबै छोराले कसैले बाबुको कर्म खान्छु, कसैले आमाको कर्म खान्छु भन्छन् । कान्छो छोराले भने आफ्नै कर्म खान्छुभन्छ । आफ्नै कर्म खान्छु भनेपछि त्यसलाई शरीरको कपडा सबै निकाल्दिएर देश निकालागरिदिन्छन् ।

देश निकाला गर्दिएपछि त्यो केटो भाङ बारीमा गएर जुम्लीका भेडालाई घाँटीमा बाँध्छ र जुम्लीसँग मेरो भेडा देख्यौ भनेर सोध्छ । जुम्लीले बगालमा होला चिनेर लैजाभन्छ । त्यसपछि केटोले त्यही डोरीलाई आधार बनाएर मेरो भेडा यही हो भन्छ । जुम्लीले तेरो होइन मेरो हो भनेपछि दुईटै अड्डामा जाने कुरा गर्छन् । त्यो केटोको शरीरमा कपडा नभएको हुनाले जुम्लीले आफ्नो पाखी दिन्छ । अड्डामा पुगेर पनि केटोले त्यो भेडा मेरो हो घाटीमा डोरी बाँधेको छ भन्छ । जुम्लीले मेरो हो भन्छ । केटोले मैले लगाएको पाखी पनि मेरो हो भनौंला भन्छ । जुम्लीले भेडो पनि मेरो हो पाखी पनि मेरो हो भन्छ । केटोले लगाएको पाखी पनि मेरो हो भनेपछि जुम्लीका कुरा झुठा ठहर गरी न्यायाधीशले भेडो केटोलाई दिन्छ ।

केटोले भेडो बेचेर घोडा किन्छ । घोडामा बसेर जादै गर्दा खोलाको किनारमा आमा छोरी देख्छ । खोला तारिदिन्छु भनेर पहिले छोरीलाई घोडामा बसालेर लग्छ । पारी पुगेर आमालाई लिन नआएर छोरी लिएर टाप कस्छ । आमाले मेरी छोरी कहाँ लगिस् के हो नाउँ ? के हो गाउँ ? भन्दा ज्वाइँ मेरो नाउँ । तोरी फूल्या गाउँ भनेर अर्कै देशमा गएर राज्य गरेर बस्छ ।

'आफ्नै कर्म खान्छु' लोककथामा आफ्नै कर्म खान्छु भनेर शरीरका कपडा सबै निकाल्दिएर देश निकाला गर्दिएको, केटोले जुम्लीको भेडोको काँधमा डोरी बाँधेर मेरो भेडा हो भनेर भनेको केटो जुम्लीको पाखी लगाएर अड्डामा गएको पाखी र भेडो केटोले दुवै पाएको, भेडो बेचेर घोडा किनेको, खोला तार्दा आमालाई त्यही छोडी छोरीलाई मात्र लगेर "ज्वाइँ मेरो नाउँ, तोरी फुल्या गाउँ" भन्दै त्यहाँबाट टाप कसेको आदि यस्तै ठगी, हस्यौली, र रोमाञ्चक घटनाहरूले गर्दा 'आफ्नै कर्म खान्छु' लोककथालाई मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूभित्र समावेश गरिएको छ ।

**(आ) हली**

'हली' लोककथामा घरमा काम गर्न राखेको हलीलाई एकदिन बुढीले आज तँ जोत्न जाँ, जोतेर चार पाथी तोरी छर, तोरी छरिसकेपछि एकभारी दाउरा लिएर कतैबाट सिकार खेलेर आइजा भन्छे । त्यसपछि हली बारीमा पुगेर जोत्छ । एक सियामा एक पाथी तोरी फालेर उसले चार सियामा तोरी छरेर सक्छ । हलो जुवा काटेर उसले एकभारी दाउरा बनाउँछ । दाउँरा बनाइसकेपछि घरबाट आफूसँगै आएको कुकुरलाई काटेर मासु लगेर जान्छ ।

घर पुगेर मासु बुढीलाई दिन्छ र थकाइ लाएको छ बजु खाना दिनुहोस् भन्छ । बुढीले मासु पाकेपछि खालासभन्दा मान्दैन । दूध र भात घ्यूसित ल्याउनुहोस् भन्छ । त्यसपछि बुढीले खाना दिन्छे र हलीले खान्छ, बुढीले कुकुरको मासु पकाउँछे र बुढाबुढीले खान्छन् । खाइसकेपछि कुकुरलाई चेचे भन्दै बोउँछन् । कुकुर आउँदैन । हलीले चेचेन सेचे बुढाबुढीले कुकुरको मासु चेते भन्छ । कुकुरको मासु खाएको हो भन्ने थाहा पाएर बुढाबुढीले उल्टी गर्न खोज्छन् हली डरले भाग्छ ।

'हली' लोककथामा हलीलाई बुढीले एकैदिन बारी जोतेर, तोरी छरेर, एक भारी दाउरा र सिकार लिएर आइजा भनेर काम लगाएपछि हलीले चलाखीका साथ चार सियोमा चार पाथी तोरी छर्छ, हलोजुवा काटेर दाउरा बनाउँछ, कुकुरलाई काट्छ अनि मासु लगेर बुढीलाई दिन्छ र बुढाबुढीले खान्छन् आदि घटनाहरूको सन्दर्भबाट घरमा काम गर्न राखेको हलीले यति धेरै काम एकै दिनमा गर्न सक्दैन् नभनेर चलाखीका साथ आफ्ना बुढाबुढी मालिक मालिक्नीलाई विश्वासघात गरेको हुनाले हली लोककथालाई मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूभित्र समावेश गरिएको छ ।

### ३.३.५ दैवी लोककथाहरू

दैवी लोककथाहरूमा अन्यायमा परेका दुःख पाएकाहरूलाई भगवान्ले विभिन्न रूपधारण गरेर उनीहरूको सेवा गर्ने गर्दछन् । “नेपाली लोककथाका पात्रहरू आफूलाई भाग्यले या काकतालीले साथ दिएको या ईश्वर आफ्नो दाहिने भएको कुरो आफै थाहा पाउँदैनन् । उनीहरूले आफूलाई परेको अन्याय तथा आपत टार्न ईश्वरको अनुग्रह खोजिरहनु पर्दैन । भगवान् आफैं विभिन्न रूप विशेष गरेर पशु (स्याल, भालू) आदिको रूप लिएर या चमत्कारपूर्ण कार्यहरू गरेर आफ्ना भक्तहरूको उद्धार गर्दछन्” (दिवस, २०३३, पृ. ५२) ।यस्ता लोककथाहरूमा बेसाहारा भएर दुःख पाएका पात्रहरूलाई भगवानले थाहै नदिई रूप परिवर्तन गरेर चमत्कारपूर्ण तरिकाले उनिहरूको सेवा गरिरहने गर्दछन् ।

बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये ‘वनदेवीको शक्ति’ शीर्षकको लोककथा दैवी लोककथा हो । यो कथा के कसरी दैवी लोककथा भित्र पर्दछ । यसको प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

**वनदेवीको शक्ति**

‘वनदेवीको शक्ति’ लोककथा दैवी लोककथाअन्तर्गत पर्दछ । यस कथामा दुईजना दाजुभाइ हुन्छन् । दाजुले भाइको बिहे सोझी केटीसँग गर्दिन्छ । भाइलाई अंशमा ठगेर आफूले धेरै अंश लग्छ । साँझ बिहानको छाक टार्न भाइ जङ्गलमा तरुल खन्न जान्छ । एकदिन तरुल खन्दाखन्दै रात पर्छ र त्यो रुन्छ । यतिकैमा वनदेवी प्रकट भएर के भयो भनी सोध्छीन् । तरुल खन्दै रात पऱ्यो घर कसरी जाम मेरा केटाकेटीहरू भोकले मेरे होलान् भन्छ ।

वनदेवीले भाइचाहिँलाई जादुको छडी महाजाल दिएरघर गएर तीनपटक मात्र हान्नु मागेको पुग्छ भन्छिन् । घर गएर वनदेवीले भनेअनुसार गरेर तीनपटकसम्म जादुको छडी महाजाल हान्छ । त्यसपछि उसको घर रानी महल बन्छ । कोठाभरी धन र अन्न हुन्छ, त्यसपछि दुहुनो गाई भैंसी सबै भएर भाइ रातारात धनी हुन्छ ।

भाइ रातारात धनी भएको देखेर दाजुलाई डाहा लागेर कसरी धनी भइस भनेर सोध्छ । भाइले सबै कुरा सुनाएपछि दाजु पनि जङ्गल तरुल खन्न जान्छ र रातपरेपछि रुन्छ । उसलाई पनि वनदेवी प्रकट भएर जादुको छडी महाजाल दिएर तीनपटक मागेपछि मागेको पुग्छ भन्छिन् । घर गएर पहिलो पटक जाल हान्छ र मेरो घर मेरो भाइको भन्दा राम्रो बनाइदेऊ बालैसित्ति भन्छ । भाइको भन्दा ठूलो घर बन्छ तर घरभरी रौं मात्र उम्रिन्छन् । घरभरी रौं उम्रिएपछि दोस्रो पटक यो घरमा भएका सम्पूर्ण बाल लैजा भनेर हान्छ । त्यसपछि उसको, उसकी श्रीमती, छोराछोरीहरूको शरीरको रौं लगेर उनीहरू चिल्लै हुन्छ । त्यसपछि तेस्रो पटक आफ्नो श्रीमती र बालबच्चाको मात्रै रौं कपाल आइजा भनेर हान्छ अनि ऊ पहिले जस्तो अवस्थामा थियो त्यस्तै अवस्थामा हुन्छ ।

‘वनदेवीको शक्ति’ लोककथामा दाजुको अन्यायमा परेर गरिब भएको भाइलाई वनदेवीले महाजाल दिनु, महाजाल तीनपटक हानेपछि रातारात भाइ धनाड्य हुनु, भाइको डाहाले दाजु पनि

तरुल खन्न जानु, वनदेवीले दिएको छडी र महाजाल तीनपटकसम्म हान्दा पनि ऊ पहिलेकै अवस्थामा रहिरहनुजस्ता घटनाहरूको प्रसङ्गबाट यो लोककथा दैवी लोककथाअन्तर्गत पर्दछ । भगवान्ले अन्यायमा परेका आफ्ना भक्तहरूको सेवा गर्छन् । अरूको रिस, डाह गर्ने जहाँका त्यही रहन्छ भन्ने जस्ता यस लोककथाका घटनाहरूबाट 'वनदेवीको शक्ति' लोककथालाई दैवी लोककथाभित्र समावेश गरिएको छ ।

### ३.३.६ फलफूलका लोककथाहरू

फलफूलका लोककथामा फलफूल मुख्य पात्रको रूपमा आएका हुन्छन् । "फलफूलका लोककथा प्रत्यक्ष रूपले फलफूलको स्वभाव र प्रकृति कथा प्रचलित समाज तथा जातिको सामाजिक प्रचलन र रीति रिवाजलाई व्यक्त गरेका छन् । फलफूलका धेरै जसो प्रचलित लोककथाहरू रूप परिवर्तनसँग सम्बन्धित देखिन्छन्" (दिवस, २०३३, पृ. ५३-५४) । फलफूलले मानवीय व्यवहार गर्दै अन्तिममा आफ्नो स्वरूप परिवर्तन गरेर मान्छेको स्वरूपमा परिवर्तन हुन्छन् ।

बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये 'फर्सी' र 'सरसिउँको कोसो' लोककथाहरूलाई फलफूलका लोककथामा समावेश गरिएको छ । यी कथाहरू के कसरी फलफूलका लोककथा भित्र पर्दछन् । तिनीहरूको प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

#### (अ) फर्सी

'फर्सी ' लोककथाको मुख्य पात्र फर्सीफलफूलको रूपमा रहेको छ । निसन्तान बुढाबुढीलाई बारीमा खाजा लगिदिनुका साथै बारी जोति दिएर उनीहरूको मदतगरी सहारा बनेको छ । फर्सी लाई बिहेको लागि केटी माग्न बुढा र फर्सीसातवटा छोरी भएको घरमा जान्छन । छ वटी छोरीले फर्सी पाएँ कति खादाम कसले गर्छ फर्सी सित बिहे भनेर भन्छन् भने कान्छी छोरीले म गर्छु भनेर बिहे हुन्छ । बिहे पश्चात पहिलो पटक माइत जाँदा लेकमा काफल टिपेर श्रीमतीलाई खुवाउँछ । काफलको रूखबाट फर्सीखसेपछि फुटेर धपधप बल्ने राजकुमार बन्छ ।

माइत पुगेपछि पहिले माग्न आउँदा बिहे गर्न नमानेका दिदीहरू बिहेपछि राजकुमार देखेपछि बिहे नगरेकोमा पछुताउँछन् । फेरि फर्सी सँग बिहे गर्नलाई दिदीहरू बीच रिसारिस हुन्छ । दिदीले बहिनीको गहना, लुगा कपडा मागेर लगाउँछे र बहिनीलाई कुवामा धकेलेरज्वाइँसँग बहिनी बनेर जान्छे । ज्वाइँले दिदीलाई चिनेर बहिनी खोइभन्दा मै हुँ भन्छे र उनीहरू घर जान्छन् । श्रीमतीको चिन्ताले राजा गोठमा बस्छन् । श्रीमती बाँस बनेर उम्रिन्छे । त्यो बाँसलाई काटेर कामीले बाँसुरी बनाएर राजाको गोठमा आउँछ । । बाँसुरी बजाउँदा "मेरो श्री आफू साईको गोठ म त कामी हात भन्छे" । राति घाँस, पराल गरेर, खाना बनाइसकेपछि बाँसुरीभित्र पस्छे । त्यसलाई छोप्न अनेक दाउ गर्दा नि नसकेपछि राजाले बाँसुरी काटेर एक्लै बसेका छन् ।

'फर्सी' लोककथामा फर्सी ले मान्छेको जस्तै व्यवहार गरेर बुढालाई खाजा लगिदिएर बुढाबुढीको सहारा बनेको, फर्सी को मागी बिहे भएको, बिहेपछि फर्सी बाट रूप परिवर्तन गरेर सुन्दर राजकुमार बनेको, फर्सी बाट मान्छे बनेपछि ज्वाइँसँग बिहे गर्न दिदीहरूको रिसारिस भएर बहिनीलाई मारेको, मरेकी श्रीमतीले राती आएर खाना बनाइदिएर बाँसुरीभित्र लुकेको र राजाले बाँसुरी काटेर फालेको जस्ता घटनाहरू प्रस्तुत भएका हुँदा 'फसी' कथालाई फलफूलका लोककथाभित्र समावेश गरिएको छ ।

(आ) **सरसिउँको कोसो**

'सरसिउँको कोसो' लोककथामा बुढोको छोरालाई केटी माग्न जाँदा बाटामा कही नफुटाउल्नु भनेर सरसिउँको कोसो दिन्छन् ।सरसिउँको कोसो बाटैमा फुटेर रानी पैदा भएर पानी भन्दाभन्दै मर्छे । फेरी अर्को कोसो लिएर आउँछ । त्यसबाट रानी पैदा भएर बिहे गर्नको लागि रानीलाई पधेरा नजिकै रूखमाथि छोडेर जन्ती लिएर आउँछन् । पधेरामा पानी लिन आएकी सर्केनीले रानीलाई तल ओराल्छे र रानीलाई मारेर आफू रूखमाथि बस्छे । सर्केनीलाई बाजा बजाउँदै लग्छन् । मरेकी रानीले विष हाल्दिएर सर्केनी मर्छे ।

'सरसिउँको कोसो' लोककथामा बिहे गर्नको लागि केटी माग्न जाँदा सरसिउँको कोसो दिएर घरमा लगेर फुटाल्न भन्नु, पहिलेकोसरसिउँको कोसो बाटैमा फुटेर पानीभन्दा भन्दै मर्नु, पछि ल्याएको सरसिउँको कोसोबाट रानी पैदा हुनु, सर्केनीले रानीलाई मारेर आफूलाई बिहे गर्न खोज्नु र मरेकी रानीले विष छोडिदिएर सर्केनी मर्नु आदि प्रसङ्गहरू यस लोककथामा आएका छन् ।यसरी सरसिउँको कोसोबाट रूप परिवर्तन भई रानी पैदा भएका कारण यो कथालाई फलफूलका लोककथाअन्तर्गत समावेश गरिएको छ ।

### ३.३.७ धार्मिक लोककथाहरू

धर्म, कर्म र व्रतसम्बन्धी आस्था र विश्वास राखेर भन्ने र सुन्ने कथाहरू धार्मिक लोककथा हुन् । "धार्मिक कर्मलाई नेपाली लोकले आफ्नो जीवन तथा व्यवहारमा सदा निर्वाह गर्न खोजेको पाइन्छ । यिनै धार्मिक भाव तथा उद्देश्य राखेर श्रवण तथा मनन गरिने, व्रत, उपवास, धार्मिक विधान तथा मूल्यमान्यता र आदेशसँग सम्बन्धित हाम्रा कथाहरू धार्मिक लोककथाहरू हुन्" (दिवस, २०३३, पृ. ६५) । धार्मिक लोककथाहरूमा धर्मकर्म गर्दै व्रर्त बस्नाले सम्पूर्ण पापहरू नष्टभई स्वर्ग गइन्छ भन्ने आस्था र विश्वस पाइन्छ ।

बारबर्दिया नगरपालिकामा प्रचलित 'एकादशी व्रत' शीर्षकको लोककथा धार्मिक लोककथाअन्तर्गत पर्दछ । यो कथा के कसरी धार्मिक लोककथा भित्र पर्दछ । यसको प्रसङ्गलाई निम्नानुसार देखाइएको छ :

**एकादशी व्रत**

'एकादशी व्रत' लोककथामा लोग्नेस्वास्नी हुन्छन् । स्वास्नी सधैँ एकादशीको व्रत बस्छे । लोग्नेले विहानै खाना खान्छ । एकादशीको व्रतको दिन लोग्ने ससुराली जान्छु भन्छ। नजाऊ बुढा तिमी भोक खटाउन सक्दैनौं मेरो माइत एकादशीको दिन आगो बाल्दैनन् । गाई भैँसीलाई घाँस, पराल हाल्दैनन्भन्दा नि मान्दैन् ।

श्रीमतीले भनेको कुरा नमानेर श्रीमान् ससुराली जान्छ । ससुरालीमा दिन छिप्पिदै जान्छ । उसलाई भोकले सताइरहन्छ । घाम डुब्ने बेला भोक खटाउन नसकेर त्यो त्यही मुर्छा परेर मर्छ । मरेपछि यमराज लिन आउँछ । एकादशीको व्रत नबसेको कारण त्यसलाई स्वर्ग जान दिदैन । स्वर्गजान नपाएपछि लोग्नेले सपनामा स्वास्नीलाई आजसम्मको व्रत मलाई देऊ, म स्वर्ग जान्छु । त्यसपछि आजका दिनदेखि आफ्नो लागि व्रत बस भन्छ । स्वास्नीले हुन्छ भनेर लोग्नेलाई व्रत दिन्छे लोग्ने स्वर्ग जान्छ ।

'एकादशी व्रत'लोककथामा श्रीमती सधैँ एकादशीको व्रत बस्ने गरेको र श्रीमान् व्रत नबस्ने गरेको, श्रीमान् मरेपछि स्वर्ग जान नपाएर श्रीमतीले आफ्नो व्रत दिएर स्वर्ग गएको प्रसङ्गबाट हामीले धर्म, कर्ममा विश्वस गर्नुपर्छ । एकादशीको व्रत बस्नाले सबै पापहरू नष्ट भएर स्वर्ग गइन्छ । श्रीमतीले बसेको व्रतबाट पनि श्रीमान्को पाप मूक्ति भएर स्वर्ग जान मदत गर्छ भन्ने आस्था र विश्वास पाइन्छ । त्यसैले 'एकादशी व्रत' लोककथालाई धार्मिक लोककथामा समावेश गरिएकोछ ।

## ३.४ निष्कर्ष

बारबर्दिया नगरपालिकाबाट सङ्कलित १४ वटा लोककथाहरूमध्ये सांस्कृतिक वा ऐतिहासिक लोककथामा 'कर्मको फल' लोककथा पर्दछ । यो कथामा ऐतिहासिक तथा सांस्कृतिक विषयवस्तुको प्रयोग भएकाले यस वर्गअन्तर्गत समावेश गरिएको हो । अर्ती उपदेशका लोककथाहरूको वर्गअन्तर्गत 'दाइमारा', 'बुद्धि ठूलो', 'चारवटा बुद्धि', 'टुहुरी', 'भाग्यरेखा' र 'झगडाको निहुँ' लोककथाहरू पर्दछन् । यी लोककथाहरूमा लोकका लागि कुनै न कुनै अर्ती उपदेश दिइएको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । पशुपक्षीका लोककथाको वर्गअन्तर्गत 'कुकुरको कथा'पर्दछ । यस कथामा पात्र कुकुरहरू नै रहेको, सम्पूर्ण घटनाक्रमहरू कुकुरहरूकै केन्द्रीयतामा अगाडि बढेको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । मानवका विशेष स्वाभाव र प्रवृत्तिका लोककथाहरूअन्तर्गत 'आफ्नै कर्म खान्छु' र 'हली' लोककथाहरू पर्दछन् । यी कथाहरूमा ठगी तथा चलाखी र विश्वाघातका विषयवस्तुको प्रयोग भएकाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । दैवी लोककथामा 'वनदेवीको शक्ति' लोककथा पर्दछ । यो कथामा दैवी शक्तिको प्रयोग भएको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । फलफूलका लोककथाअन्तर्गत 'फर्सी' र 'सरसिउँको कोसो' लोककथा पर्दछन् । यी लोककथाहरूमा फलफूलबाट स्वरूप परिवर्तन गरेर मान्छेको रूप धारण गरेको हुनाले यस वर्गअन्तर्गत समावेश

गरिएको छ । धार्मिक लोककथाको वर्गअन्तर्गत ‘एकदशी व्रत’ लोककथा पर्दछ । यो कथामा धार्मिक भाव तथा व्रत सम्बन्धी आस्था र लोकविश्वासको प्रयोग भएको हुनाले यस वर्गअन्तर्गत समावेश गरिएको छ । बारबर्दिया नगरपालिका क्षेत्रबाट सङ्कलित लोककथाहरूमा उपर्युक्त सात वर्गमा लोककथाहरू रहेका छन् ।

# चौथो परिच्छेद

# बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूको विधातात्त्विक विश्लेषण

## ४.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा बारबर्दिया नगरपालिकामा प्रचलित १४वटा कथाहरूको विश्लेषण गरिएको छ । यस क्रममा 'कर्मको फल', दाइमारा, 'बुद्धि ठूलो', 'चारवटा बुद्धि', 'भाग्यरेखा', टुहुरी, 'झगडाको निहुँ' कुकुरको कथा, आफ्नै कर्म खान्छु, हली, 'वनदेवीको शक्ति', फर्सी, सरसिउँको कोसो, 'एकादशी व्रत' शीर्षकको लोककथालाई वर्गीकरणको क्रममा विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा लोककथालाई लोककथाका विधात्विकथानक, अभिप्राय, पात्र, चरित्र, उद्देश्य, र भाषाशैलीलाई मूल आधार बनाइएको छ ।

## ४.२ लोककथा विश्लेषणका आधारहरू

लोककथाका विधागत तत्त्वहरू नै लोककथा विश्लेशषणका आधारहरू हुन् । यहाँ तिनको सङ्क्षिप्तव्याख्या गरिएको छ :

### ४.२.१ कथानक

कथामा घटित शृङ्खलित घटनाहरूका विन्यासको समष्टि नै कथानक हो । "लोककथाको कथानकमा घटनाहरू कालक्रमिक सम्बन्धबाट परस्पर गाँसिएका हुन्छन् । अनि के ... भन्ने सन्दर्भबाट कथानक अघि बढ्दै जाने हुँदा यसमाघटनाहरूको कालक्रमिक विन्यासले बढी महत्त्व पाएको हुन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ३७५) । लोककथाको कथानक सरल हुन्छ र प्रायः यो लोकजीवनसँग सम्बद्ध हुन्छ । "मूलतः लोककथाको कथानक छोटो, छरितो, प्रभावकारी हुनकासाथै रोचक र मार्मिक पनि हुन्छ" (शर्मा र लुइटेल, २०६३,पृ.३७५) । अधिकांश लोककथाको कथानक सुखान्त हुन्छ र कुनै कुनै लोककथामा दुःखान्त कथानकको पनि प्रयोग भएको पाइन्छ । लोककथामा "मुख्यत पौराणिक, किंम्वदन्तीमूलक, काल्पनिक, स्वैरकाल्पनिक, अतिप्राकृतिक, सामाजिक, मानवेतर आदि जुन स्रोतबाट पनि कथावस्तु ग्रहण गरिएको हुन्छ" (शर्मा र लुइटेल, २०६३, पृ. ३७५) । लोककथामा कथानकको प्रयोग अनिवार्य हुन्छ । त्यसैले यो लोककथाको अनिवार्य वा आधारभूत तत्त्व हो । कथानक लोककथाको लागि मात्र नभइ जुनसुकै कथाका लागि पनि आवश्यक तत्त्व हो । कथानक विना कथा पूर्ण हुन सक्दैन । यसले कथालाई अगाडि लैजाने कार्यमा विशेष भूमिका खेल्ने गर्दछ ।

## ४.२.२ अभिप्राय

लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व अभिप्राय हो । अभिप्रायको अर्थ लोककथामा प्रयोग हुने त्यस्ता घटना, कार्य, चरित्र र विश्वास हुन् जुन संसार भरका लोककथामाा बारम्बार दोहोरिएर आएका हुन्छन् । "सामान्यत : विशिष्ट वा असामान्य घटना, चरित्र, कार्य तथा विश्वासहरू मात्र अभिप्राय हुन् ।" (पराजुली र गिरी,२०६८,पृ. १८२) लोककथामाअभिप्रायको महत्त्वपूर्ण भूमिकाहुन्छ । "घर बनाउँदा इँटाको भूमिका रहेझैं लोककथाको निर्माण गर्दा अभिप्रायको भूमिका रहने" ( पराजुली र गिरी,२०६८, पृ, १८२) गर्दछ । यसरी लोककथामा महत्त्वपूर्ण भूमिका हुने हुनाले अभिप्राय लोककथाको अनिवार्य तत्त्व हो । अभिप्रायले कथालाई रोचक र कौतुहलता प्रदान गर्ने कार्य गर्दछ ।

## ४.२.३ पात्र वा चरित्र

लोककथामा घटना गराउने, कार्य र विचारको संवहन गर्ने व्यक्तिलाई पात्र भनिन्छ । यसलाई चरित्र वा सहभागी पनि भनिएको पाइन्छ । लोककथामा मानव र मानवेतर पात्रहरूको प्रयोग गरिएको हुन्छ । "यस्ता पात्रमा मानिस, मावनवेतर प्राणी, देवीदेवता, राक्षस, भूतप्रेत, बोक्सी, वनस्पतितथा पदार्थलाई पात्र बनाउने प्रचलन पाइन्छ । मानवेतर प्राणी र पदार्थलाई पनि मानिसको जस्तै स्वभाव, गुण, र विशेषताहरू हुन्छन् भन्ने लोक मान्यताले यस्ता पात्रहरू प्रयोगमा आएका हुन्" पराजुली र गिरी, २०६८, पृ. १८२) यस्तै विभिन्न प्रकारका पात्र र तिनको चरित्रका माध्यमद्वारा नै लोककथाको कथानक अघि बढ्ने गर्दछ । पात्रलाई चरित्र वा सहभागीका रूपमा हेर्ने कार्य गरिन्छ । जसले कथानकलाई अगाडि बढाउने कार्य गर्दछ । कथानकका सम्पूर्ण घटनाहरूलाई बोक्ने कार्य यसले गर्दछ ।

## २.२.४ परिवेश

लोककथामा घटना हुने स्थल, समय र त्यसको पर्यावरणलाई परिवेश भनिन्छ । "लोककथाको परिवेश लौकिकर अलौकिक गरी दुई किसिमको हुन्छ । पृथ्वीलोक र यसभित्रको सामाजिक तथा प्राकृतिक परिवेशको चित्रण लौकिक परिवेशमा रहेको हुन्छ । धार्मिक तथा अति रञ्जित लोककथामा अलौकिक परिवेशको चित्रण गरिएको हुन्छ ।" (पराजुली र गिरी, २०६८, पृ. १८४-१८५) लोककथामा आउने लौकिक परिवेश लोकजीवनका नजिक रहेको हुन्छ ।त्यस्तै अपत्यारिला, स्वैरकाल्पनिक स्थान, समय र वातावरणको चित्रणअलौकिक परिवेशमा गरिको हुन्छ । परिवेश पनि लोकथाको विशेष भूमिका निर्वाह गर्ने अर्को महत्त्वपूर्ण तत्त्व हो । जसले स्थानिक, कालिक, सन्दर्भपरक परिवेशको चित्रण गर्दछ ।

## ४.२.५ उद्देश्य

हरेक कार्यको कुनै न कुनै उद्देश्य हुन्छ । त्यस्तै लोककथामा पनि कुनै एउटा उद्देश्य राखिएको हुन्छ । उद्देश्यविना लोककथा सार्थक हुदैनन् । "लोककथाहरू मुख्यत : मनोरञ्जनका

प्रयोजनले सिर्जिएका हुन्छन् । लोककथाले बालकदेखि बृद्धसम्म सबै उमेर समूहका मानिसलाई मनोविद प्रदान गरी सोद्देश्य पूरा गर्दछ । मनोरञ्जनका अतिरिक्त लोककथाको नीति, उपदेश, शिक्षा दिने उद्देश्य पनिपूरा गरेको पाइन्छ ।" (शर्मा र लुइटेल, २०६३, पृ. ३७६-३७७) यसर्थ लोककथा कुनै न कुनै प्रयोजनका लागि समाजमामा रहेको हुन्छ । जसले मनोरञ्जन, नैतिक शिक्षा, पौराणिक विषयवस्तु आदिको ज्ञान दिने कार्य गर्दछ ।

### ४.२.६ भाषाशैली

लोककथामा मूलत : लोकभाषाको प्रयोग गरिन्छ । लोककथा जुन भूगोल र जुन कालबाट प्रचलन प्रारम्भ भएको हो । स्वभाविक रूपमा त्यस भूगोल र समयमा चलन चल्तीमा रहेको भाषा भाषिकाको प्रभाव लोककथामा परेको हुन्छ । "यो कथ्यभाषामा प्रस्तुत गरिन्छ । स्थानीय स्तरमा प्रचलित उखानटुक्का, गाउँखाने कथा र ठेट लोकशब्दहरूको प्रयोग हुने हुँदा लोककथाको भाषा विशेष महत्त्व रहेको हुन्छ" (पराजुली र गिरी, २०६८, पृ. १८६) । लोककथाको मुख्य भाषिक विशेषता स्थानीयताको प्रभाव रहनु हो ।

लोककथा प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । "प्रायः लोककथाहरू वर्णनात्मक शैलीमा नै प्रस्तुत गरिन्छन् । केही लोककथाहरू गर्भ कथात्मक शैलीमा निर्मित छन् । एकादेशमा ....वा परापूर्वकालमा ....बाट कथा प्रारम्भ हुन्छ र अन्त्यमा सुन्नेलाई सुनको माला ....आदि लोकशैलीमा नै यसको विश्रान्ति हुन्छ" (पराजुली र गिरी २०६८, पृ. १८६) । लोककथाको शैली त्यसका कथयिता वा वाचकका आधारमा निर्धारित हुने गर्छ । त्यसैले लोककथाको विषयवस्तु एउटै भएपनि वाचकको शैलीले त्यसलाई भिन्न बनाएको हुन्छ ।

## ४.३ सांस्कृतिक-ऐतिहासिक लोककथाहरूको विश्लेषण

प्रस्तुत सन्दर्भमा बारबर्दिया नगरपालिकामा प्रचलित सांस्कृतिक-ऐतिहासिक लोककथाहरू अन्तर्गत 'कर्मको फल' एउटामात्र लोककथा प्राप्त भएको छ । 'कर्मको फल' लोककथा बारबर्दिया नगरपालिकामा प्रचतिलत सांस्कृतिक-ऐतिहासिक लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं.६ निवासी लेखनाथ खरेलज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ३ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'कर्मको फल' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'कर्मको फल' लोककथामा मन्त्रमा विश्वास गर्ने एकजना ऋषि हुन्छन् । उनी जङ्गलमा तपस्या गरेर बसिरहेका हुन्छन् । तिनै ऋषिको नजिकै आफ्नो जीविकोपार्जन गर्न नसकेर दुइवटी महिलाहरू देहव्यपार गरेर बसिरहेका हुन्छन् । महिलाहरूले ऋषिलाई तपस्या गरेर बसेकोदेख्छन् । आफूहरूले अन्तिम अवस्थासम्म पनि देहव्यापार जस्तो पापकर्मगरेको र त्यही पाप कर्मबाट मुक्ति पाएरस्वर्ग जानका लागि के गर्नुपर्छ भनेर उपाय खोज्न उनीहरू ऋषिकहाँ जान्छन् । ऋषिसँग गएर उनीहरूले आजसम्म देहव्यापारगरेर बसेको कुरा गर्दछन् र स्वर्ग जानका लागि उपाय बताईदिन आग्रह गर्दछन् । ऋषिले ती महिलाहरूको कुरा सुनी सकेपछि तिनलाई फरक फरक मन्त्र *बे* र *से* दिन्छन् । मन्त्र दिई सकेपछि त्यो मन्त्र एकआपसमा नभनीकन १०८ वटा सिढी चढ्नुभन्छन् । यसका साथै एकआपसमा मन्त्र भन्यो भने स्वर्ग पुग्न नसकिने बताउँछन् । दुईवटीले एकआपसमा नभन्ने वाचा गर्दछन् । त्यसपछि नदीमा नुहाएर मन्त्र जप्छन् । मन्त्र जपेपछि स्वर्गको भऱ्याङ देख्छन् । एक्लाएक्लै मन्त्र जप्दै १०७ वटा सिढी चेढे पछि स्वर्ग देख्छन् । स्वर्ग देखी सकेपछि स्वर्ग देखीहालिम् एकवटा सिढी त हाम् फालेर पनि चढ्न सकिन्छ भन्ने सोचेर तेरो मन्त्र के हो ? भन्दै एकअर्कालाई सोध्छन् । दुईवटीले आ-आफ्नो मन्त्रभन्दा बेसे हुन्छ । उनीहरू झस्किन्छन् । उनीहरू स्वर्ग जान नपाई पहिलेको अवस्थामा पुग्छन् ।

'कर्मको फल' लोककथाको कथानकमा रहेका घटनाहरूको श्रृङ्खलाबद्ध वर्णन छ । प्रस्तुत कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

मन्त्रमा विश्वास गर्ने ऋषि तपस्या गरेर बस्नु, देहव्यापार गरेर बसिरहेका दुईवटी महिलाहरूले ऋषिलाई देख्नु, ऋषिलाई देखी सकेपछि उनीहरूले हामी पनि स्वर्ग जानको लागि ऋषिको शरण परम भनेर एकआपसमा सल्लाह गर्नुसम्मको घटनाक्रमलाई कथाको आदि भाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

दुईवटी महिला ऋषि कहाँ जानु, ऋषि कहाँ गएर आफूहरूले आजसम्म देहव्यापार गरेको र अब स्वर्ग जानको लागि उपाय खोज्न आएको कुरा बताउनु, ऋषिले एकआपसमा नभन्नु भनेर दुईवटीलाई फरकफरक मन्त्र दिनु र उनीहरूले मन्त्र एकआपसमा भन्दैनम भनेर वाचा गरी त्यहाँबाट जानु, ऋषिसँग मन्त्र लिएर नदीमा बसेर दुईवटीले मन्त्र जप्नु, मन्त्रसिद्ध भइसकेपछि स्वर्ग जाने १०८ वटा सिढी देख्नु, मन्त्र जप्दै १०७ वटा सिढी चढी सकेपछि स्वर्ग देख्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

(ग) **अन्त्यभाग**

स्वर्ग देखी सकेपछि अब एकवटा सिढी त हाम फालेर पनि पुग्न सकिन्छ भनेर एकअर्कामा मन्त्र भन्नु र मन्त्र भन्ने बित्तिकै दुवैजना पहिलेको अवस्थामा नै पुग्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्य भागका रूपमा मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा आबद्ध भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

(आ) **अभिप्राय**

प्रस्तुत 'कर्मको फल' लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यस कथामा प्रयोग भएको ऋषिको मन्त्र, स्वर्ग जाने १०८ वटा भऱ्याङ् र स्वर्ग अभिप्रायका रूपमा रहेका छन् । देहव्यापार गरेर बसेका महिलाहरूले आफ्नो पापकर्मबाट मुक्ति पाउँन तपस्या गरेर बसिरहेका ऋषिसँग गएर मन्त्र माग्नु, मन्त्र जपेपछि स्वर्गका १०८ वटा भऱ्याङ् देख्नु, मन्त्र जप्दै १०७ वटा सिढी चढी सकेपछि एकआपसमा मन्त्रभन्दा स्वर्ग नपुगी तल खसेर पहिलेकै अवस्थामा पुग्नु जस्ता घटनाक्रमहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् ।

(इ) **पात्र**

प्रस्तुत लोककथामा मानवीय पात्रहरूको मात्र प्रयोग गरिएको छ । यस लोककथामा प्रमुख पात्रको रूपमा दुईवटी महिलाहरू र सहायक पात्रको रूपमा ऋषि आएकाछन् । मन्त्रमा विश्वास राख्ने ऋषि जङ्गलमा तपस्या गरेर बसिरहेका छन् । ऋषिको नजिकै दुईवटी महिलाहरू आफ्नो जीविकोपार्जनका लागि देहव्यापार गरेर बसेका छन् । महिलाहरूले ऋिषिलाई तपस्या गरेर बसेको देखेर आफुहरूले आजसम्म देहव्यापारजस्तो पापकर्म गरेको र त्यस पापकर्मबाट मुक्ति पाउनको लागि ऋषिसँग मन्त्र माग्न गएका छन् । ऋषिले दुईवटी महिलाहरूलाई फरकफरक मन्त्र दिइएर एकआपसमा मन्त्र नभनीकन स्वर्गका १०८ वटा सिढी चढ्नु अनि मात्र स्वर्ग पुगेर तिमीहरूले आजसम्म गरेको पापकर्मबाट मुक्ति पाउँछौं भनेका छन् । महिलाहरूले भने ऋिषिले दिएको मन्त्रको सही ढङ्गले प्रयोग नगर्नाले स्वर्ग जान नपाई जहाँको त्यही पहिलेको अवस्थामा आएका छन् । यस कथामा प्रमुख र सहायक तीनैजना पात्रहरूको भूमिका उत्तिकै महत्त्वपूर्ण रहेको छ ।

(ई) **परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा वनजङ्गल, नदी, देहव्यापार गरेर बसेको ठाउँहरू रहेका छन् भने अलौकिक परिवेशमा ऋषिको मन्त्र, स्वर्ग, स्वर्गका १०८ वटा भऱ्याङ आदि रहेका छन् । ऋषिको मन्त्रले महिलाहरूले स्वर्गको १०८ वटा भऱ्याङ् देखेका र मन्त्र जप्दै गर्दा १०७ वटा सिढी चढेर एकआपसमा मन्त्रभन्दा महिलाहरू स्वर्ग नपुगी पृथ्वीमै झरेको एउटा अदभूतकार्यले अलौकिक परिवेशलाई देखाएको छ ।

आर्थिक विपन्नताका कारणले देहव्यापार गर्नु परेको एउटा अन्धविश्वासी परिवेश पनि यसमा रहेकोपाइन्छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक परिवेशहरू प्रस्तुत भएकाले लोककथा परिवेशका रूपमा सबल रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको कुनै पनि कार्यको सुरुवात गरिसकेपछि सचेततापूर्वक गुर्नपर्छ भन्ने रहेको छ ।हरेक कुरालाई हेलचक्र्याइँपूर्वक नभई सावधानीकासाथ गोपनीयता राख्दै सम्पन्न गर्न सक्नुपर्दछ भन्ने सन्देशसहित मनोरञ्जन दिनु पनि यस लोककथाको उद्देश्य रहेको छ । यस लोककथामा ऋषिले दिएको मन्त्र पूर्ण रूपमा पालना नगर्नाले दुईवटी महिलाहरू स्वर्गको १०७ वटा भऱ्याङ् चढी सकेर स्वर्ग देखेर पनि स्वर्ग पुग्न नसकी पहिलेकै अवस्थामा पुगेको देखिन्छ । यसले नै यस लोककथाको मूल उद्देश्य सार्थक बाएको पाइन्छ ।

जस्तो कार्य गऱ्यो त्यस्तै फल मिल्छ, जस्तो चरित्र रहन्छ त्यस्तै परिणति भोग्नुपर्छ भन्ने नैतिक कथन पाठकलाई सम्प्रेषित गर्नु नै यस लोककथाको मूल उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यसमा तत्सम शब्दहरू : सूर्य, अनुरोध, त्रिषि, मन्त्र, कर्म आदिको प्रयोग भएको छ भने एउटा आगन्तुक शब्द : लास्ट पनि प्रयोग भएको छ । यस कथामा स्थानीय लवजको प्रयोग पनि गरिएको पाइन्छ । स्थानीय लवजअनुसार क्रियापदमा छ को ठाउँमा च को प्रयोगः गर्चन, हुन्च, रैच गरिएको छ । यस लोककथामा नेपाली कथ्यभाषाको प्रभाव अधिक छ । सरल वाक्यगठन, सहज अर्थ सम्प्रेषण र सरस भावमयता, वर्णनात्मकता यस लोककथाको भाषाशैलीगत विशेषता हुन् ।

## ४.४ अर्ती उपदेशका लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशका लोककथाहरूको विश्लेषण यहाँ गरिएको छ ।

### ४.४.१ दाइमारा लोककथाकोविश्लेषण

प्रस्तुत 'दाइमारा'लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशको लोककथा हो । यो कथा बारबार्दिया नगरपालिका वडा नं. ६ निवासी अविनाश विश्वकर्माज्यूबाट सङ्कलन गरिएकोहो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ८ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

## (अ) कथानक

प्रस्तुत 'दाइमारा'लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यको क्रममा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

एउटा गाउँमा बाबुआमा नभएका दाजुभाइ हुन्छन् । भाइ अलि बाठो हुन्छ । दाजु अलि मोटो दिमागको हुन्छ । दाजुभाइ मिलेर अलिकति जग्गा र एउटा भैँसी किन्छन् । दाजुको बिहे उसको जस्तै लाटो स्वभाव भएकीसँग हुन्छ । केही वर्षपछि भाइको पनि बिहे हुन्छ । त्यसपछि दुई दाजुभाइमा खटपट सुरु हुन्छ । दाजूभाइ घर छुट्टिन्छन् । भाइ बाठो भएको कारण आफूले पानीकुलो लाग्ने अन्नबाली हुने खेतबारी लग्छ । दाजुलाई ढुङ्गा खानी पाखो दिन्छ । भैँसी एउटा मात्र हुन्छ । भैँसीको अगाडिको भाग दाजुलाई दिन्छ र घाँसपानी गर्न लगाउँछ र आफूले पछाडिको भाग लगेर दूध एक्लै खान्छ । नरिवलको रूख पनि एउटा मात्र भकाले नरिवल पनि टुप्पातिरको भाग भाइले लग्छ । फेदतिरको दाजुलाई दिन्छ । नरिवल पनि आफूले मात्र खान्छ ।

भाइले दाजुलाई सबै कुरामा ठगिरहेको हुन्छ, यतिकैमा एकजना गाउँलेले दाजुचाहिँलाई तैले दूध र नरिवल खान पाउँछस् किनाई भनेर सोध्छ । दाजुले हाम्रो अंश लगाएको हो, भैँसीको अगाडि र नरिवलको फेदतिर मेरो भाग हो । त्यसैले भाइको परिवारले खान्छन् भन्छ । गाउँलेले उसो भा तेरो भागतिरको तैले केही काम नगर भैँसीलाईघाँस, पानी र नरिवल गोडमेल सबै छोड्दे र त्यसलाई पनि गर्न नदे भन्छ । दाजुले गाउँलेले भने भैँ गर्छ । मेरो भागको जे सुकै गरुम भनेर भाइलाई पनि गर्न दिदैन । त्यसपछि भाइले भैँसीको स्याहार सुसार गर्ने र दूध खाने पालो साँझ बिहान लगाउँछ । भाइ नरिवलको रूखमा चढेको बेला दाजुले फेदतिर काट्न खोज्छ, नरिवलको रूख काट्न खोज्दा भाइले दाजुसँग माफी माग्छ नरिवल पनि बाँडेर खान्छन र फेरि गाउँलेहरू बोलाएर अंश बराबर गरेर मिलेर बस्छन् ।

'दाइमारा'लोककथाको कथानकमा रहेकाघटनाहरूको शृङ्खलाबद्ध वर्णन छ। दाइमारा कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

### (क) आदिभाग

'दाइमारा'लोककथा बाबुआमा नभएका दुई दाजुभाइको प्रसङ्गबाट आरम्भ हुनु, दाजुभाइमा दाजु अलि मोटो दिमागको र भाइ अलि बाठो हुनु, दाजुभाइ मिलेर अलिकति जग्गा र भैँसी किन्नु र दाजुभाइ दुवैको बिहे हुनुसम्मको घटनालाई यस लोककथाको आदि भाग मान्न सकिन्छ ।

### (ख) मध्यभाग

दाजुभाइको बिहेपछि उनीहरूबिच खटपट सुरु भई घर छुट्टिनु, भाइले अन्नबाली हुने खेत लानु, दाजुलाई ढुङ्गा खानी पाखो बारी दिनु, बाठो भाइले भैँसीको अगाडि पट्टि दाजुलाई दिएर

घाँस, पानी गर्न लगाउनु, पछाडिको भाग आफूले लगेर दूध आफूले मात्र खानु, नरिवलको फेदतिर दाजुलाई दिएर टुप्पोतिर भाइले लगी नरिवल पनि एक्लै खानु, गाउँलेले दाजुलाई भैँसीलाई घाँस, पानी नखुवाउनु र नरिवल पनि गोडमेल नगर्नु भनेर सल्लाह दिनुसम्मको घटनाक्रमलाई यस लोककथाको मध्य भाग मान्न सकिन्छ ।

**(ग) अन्त्य भाग**

गाउँलेले भनेअनुसार दाजुले गर्नु, भाइ नरिवलको रूखमा चढेकोबेला दाजुले फेदतिर काट्नको लागि बनचरो हान्नु, पछि भाइले माफी मागेर गाउँलेहरू बोलाई फेरी अंशबण्डा गरी मिलेर बस्नसम्मको घटनाक्रमलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथा सामाजिक जनजीवनसँग सम्बद्ध छ । लोकसमाजको यथार्थ चित्रलाई कथामा उतारेर त्यसका माध्यमबाट सोझा दाजुहरू र चङ्ख भाइहरूलाई अर्ती उपदेश दिइएको विषयवस्तु यस लोककथामा प्रयोग गरिएको छ र सो विषयवस्तुअनुकूल रैखिक कथानक ढाँचामा यो कथा आबद्ध छ ।

**(आ) अभिप्राय**

लोककथाको मह□वपूर्ण त□व अभिप्राय भए तापनि यस लोककथामा भने अभिप्रायभेटिँदैन ।

**(इ) पात्र**

प्रस्तुत 'दाइमारा'लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रहरूमा दाजुभाइ र गाउँलेहरू रहेका छन् भने मानवेतर पात्रका रूपमा भैँसी र नरिवलको रूख रहेका छन् । यस लोककथामा सोझो दाजु र चलाख भाइ मुख्य पात्रका रूपमा प्रयोग भएका छन् । गाउँलेहरू सहायक पात्रका रूपमा आएका छन् भने प्रासङ्गिक र सिथिल पात्रका रूपमा भैँसी र नरिवलको रूख आएका छन् । दाजु सोझो अलि लाटो स्वभावको भाकाले भाइले सुरुमा दाजुलाई अंशबन्डामा ठगेको छ । गाउँलेको कुरा सुनेर दाजु पनि पछि अलि चलाख भएर भैँसीलाई घाँस, कुडो नदिएपछि, नरिवललाई गोडमेल नगरेपछि अन्तिममा दाजुभाइ मिलेर अंश बण्डा गरी बसेका छन् । भैसी र नरिवलको रूख मानवेतर पात्रले मान्छेको भाषा बोलेर कसैलाई पनि सहयोग गरेका छैनन् तर उनीहरू दाजुभाइको अंशवण्डाको प्रासङ्गिक रूपमा आएर यस लोककथालाई अगाडि बढाउँन सहयोग मात्र गरेका छन् । त्यस्तै गाउँलेको भूमिका लाटो दाजुलाई अर्ती दिएर बाठो बनाएर भाइसँग बराबर अंश पाउन सक्ने बनाइदिनुले सत्चरित्रको रूपमा चित्रण गरेको छ ।

(ई) **परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक नै रहेको छ । लौकिक परिवेशमा घर, खेतबारी, भैँसी, नरिवलको रूख आएका छन् । यस कथामा विशेषतः चलाख भाइले सोझो दाजुलाई अंशमा ठगेको र गाउँलेले अर्ती उपदेश दिएर दाजु बाठो भएको परिवेश हाम्रो समाजमा हुने गरेको सामाजिक परिवेश नै रहेको छ । ग्रामीण परिवेशसँग जोडिएर आएको यसको कालिक परिवेश भने लोकजीवन नै रहेको छ ।

(उ) **उद्देश्य**

यस दाइमारा कथाको प्रमुख उद्देश्य आफू चलाख भए भन्दैमा सोझासाझीलाई ठग्नु हुँदैन भन्ने शिक्षा र मनोरञ्जन दिनु रहेको छ । दाजुभाइ अलग भए तापनि भएको सबै सम्पत्ति बराबर बाड्नुपर्छ, दाजु या भाइ लाटो सोझो छ भन्दैमा ठग्नु हुँदैन । यदि ठग्यो या ठग्न खोजे तापनि समाजमा भएका मानिस वा गाउँलेहरूले त्यसको सत्य तथ्य निसाफ दिनुपर्छभन्ने विचार पनि यसले दिन खोजको छ । यस्तैलाटोलाई पनि सचेत गराएर आफ्नो अधिकार लिन सक्ने बनाउनु गाउँलेको दायित्व हो भन्ने सन्देश पनि यस लोककथाले दिन खोजेको पाइन्छ ।

(ऊ) **भाषाशैली**

प्रस्तुत कथामा सरल, सहज र सरस भाषाको प्रयोग भएको छ । यस कथाको अभिव्यक्तिगत शैली वर्णनात्मक नै रहेको देखिन्छ । लोककथामा बोलीचालीमा सामान्य बनिसकेका तत्सम : अंश, तद्भव : दूध, जेठो, साँझ, खाँचो, आमाबुबा र आगन्तुक : डेली जस्ता शब्दहरूको प्रयोग पाइन्छ ।

### ४.४.२ बुद्धि ठूलोलोककथाको विश्लेषण

प्रस्तुत 'बुद्धि ठुलो' लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशको लोककथा हो । यो लोककथा बारबर्दिया नगरपालिका वडा नं. ७ निवासी मिन बहादुर खड्का क्षेत्रीज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को १० नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

(अ) **कथानक**

प्रस्तुत 'बुद्धि ठुलो' लोककथामा सरल कथानकको प्रयोग गरिएको गरिएको छ । आदि, मध्य र अन्त्यको क्रममा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'बुद्धि ठूलो'लोककथामा बुढाबुढीको एउटा छोरो हुन्छ । छोराको बिहे गरिदिनको लागि बाबु, आमाले केटी खोज्न लाग्छन् । छोरो मूर्ख हुन्छ । बिहेपछि दुलहीलाई दिनको चार जुत्ता

हान्नदिनेभए पछि मात्र बिहे गर्छु भन्छ । त्यस्तो केटी कही खोज्दै जाँदा एउटीले म बिहे गर्छु भन्छे र बिहे हुन्छ । बिहे भइसकेपछि बिहेको साँझ कुट्न जाँदा आज पाहुना छन् आजको साटो भोलि कुटौला आठ जुता भन्छे । अनि अर्कोदिन आठ जुता हान्छु भनेर कुट्न जाँदा लाउन खान सासु ससुराले दिएका छन् तिमीले के दिएका छौं र पहिला आफूले कमाई गर अनि अनि कुटौला भन्छे । श्रमतीले भनेको कुरा ठीकै हो सोचेर श्रीमान् कमाउन हिड्छ ।श्रीमती पनि भेष बदलेर कमाउन जान्छे । खोला तर्दा श्रीमान्को नाउँभन्दा आफ्नो नाउँ अगाडि लान भन्छे । ऊ एउटा अजबको बात भन्नुपर्ने नभनेपछि जेलै जानुपर्ने राज्यमा पुग्छे । त्यसपछिउसले अजबको बात भन्न सुरु गर्छे । त्यसपछि त्यसले यो जोत्नेलाई र गोरुलाई शीतल हुने काम केही छैन भनेर सोध्छे । राजाले यस्ता घाममा पनि के हुने हो भनेर भन्छन् हाम्रो राज्यमा त सानैमा बाँच्छो जन्मेपछि त्यसको पुच्छरमा विरुवा रोपिदिने विरुवा रोपिदिएपछि त्यो बाँच्छो पनि बच्छ ठूलो हुन्छ त्यो रूख पनि ठूलो हुन्छ । जोत्नेलाई पनि शीतल हुन्छ । त्यस्तो व्यवस्था छ हाम्रो भन्छे । सबै सुनिसकेपछि राजाले ओहो ! यो पो हो अजबको बात भनेर त्यसलाई आफ्नो राज्य चलाउन र छोरीसँग बिहे गर्न भन्छन् । ६ महिना पछि बिहे गर्छु । अहिले तरबारसँग गर्छु भनेर राज्य चलाएर बस्छे । श्रीमतीले राज्य चलाएको ठाउँमा श्रीमान् काम खोज्दै आई पुग्छ । श्रीमतीले श्रीमान्लाईचिनेर काम दिन्छे । बोलाको ठाउँमा पुग्छ ।राज्य चलाको ६ महिना बितेपछि घर जाँदा श्रीमान्लाई चादिका र आफूले सुनका पैसा लगेर घर जान्छे । श्रीमान्भन्दा श्रीमती अगाडि घर पुग्छे । आज त कमाएर ल्याएको छु आजसम्मको साटो कुट्छु भनेर कुट्न लाग्दा श्रीमतीले टुरटुर भन्छे । श्रीमान्ले हजुर साव भन्छ । श्रीमतीले राज्य चलाएर आफूलाई काम लगाएको हो भन्ने थाहा पाएर त्यस दिनदेखि चार जुत्ता हान्छु भनेर कहिल्यै भन्दैन ।

'बुद्धि ठूलो'लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलावद्ध वर्णन छ । 'बुद्धि ठूलो' कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार रहेको छ :

**(क) आदिभाग**

'बुद्धि ठूलो'लोककथामा बुढाबुढीको एउटा छोरा हुनु, छोराको बिहेको लागि केटी खोज्नु, दिनको चार जुत्ता हान्न दिने भएपछि बिहे गर्छु भन्नु, एउटीले म गर्छु बिहे भन्नु र बिहे हुनसम्मको घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

'बुद्धि ठूलो'लोककथामा बिहेको दिन साँझ श्रीमान्ले चार जुत्ता हान्न जानु, श्रीमतीले आज मान्छे छन् भोलि आठ जुत्ता हानौला भन्नु, श्रीमान् कमाउन हिडनु, श्रीमती पनि भेष बदलेर श्रीमान्को पछि कमाउन हिड्नु, श्रीमती अजबको बात भन्ने राज्यमा पुगेर अजबको बात भन्नु र राज्य चलाएर बस्नु, श्रीमान् पनि त्यही पुग्नु, श्रीमतीले काम दिनु, ६ महिनापछि श्रीमान्ले चादिका र श्रीमतीले सुनका रूपियाँ लिएर श्रीमान्भन्दा श्रीमती अगाडि घर फर्कनुसम्मका घटनाहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

### (ग) अन्त्यभाग

श्रीमान् श्रीमती घर फर्की सकेपछि श्रीमान्ले श्रीमतीलाई जुत्ता लिएर हान्न जानु, श्रीमतिले टरटुर गर्नु, श्रीमान्ले हजुर साव भन्नु, श्रीमतीले राज्य गरेको ठाउँमा आफूले काम गरेको थाहा पाउँनु, त्यस दिनदेखि केही नभनी मिलेर बस्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्य भाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानकका घटनाहरू शृङ्खलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा सुगठित रूपमा रहेको छ ।

### (आ) अभिप्राय

प्रस्तुत 'बुद्धि ठूलो'लोककथामा विभिन्न अभिप्रायहरूको प्रयोग गरिएको छ । यस कथामा मूर्ख श्रीमान्, बुद्धिमान् र साहसी श्रीमती र अजबको बात भन्न लगाई राज्य दिने राजा अभिप्रायका रूपमा आएका छन् । श्रीमतीले अजबको बात भनेपछि राज्य दिएर अनपेक्षित सफलता पाउनु, बिहेपछि दिनको चार जुत्ता हान्छु भन्ने मूर्ख श्रीमान्लाई बुद्धिमान् र साहसी पूर्व तरिकाले नोकर बनाएर श्रीमतले हुकुम चलाउनु, लोग्ने मान्छेको भेष धारण गर्न सक्ने बहुरूपी महिला श्रीमती हुनुजस्ता घटनाहरू यस लोककथामा आएका अभिप्राय हुन् । यिनले कथालाई रोचक र रहस्यमयी बनाएका छन् ।

### (इ) पात्र

प्रस्तुत 'बुद्धि ठूलो'लोककथामा मानवीय पात्रको मात्र प्रयोग गरिएको छ । यस कथाका मुख्य पात्रअन्तर्गतश्रीमान्, श्रीमती रहेका छन् भने सहायक पात्रअन्तर्गत बुढाबुढी र राजा रहेका छन् । दिनको चार जुत्ता हान्न दिने सर्तमा बिहे गरेको श्रीमान्ले बिहेपछि कुट्न जाँदा आफूले कमाई गर अनि मात्र कुटौला भनेर मूर्ख श्रीमान्लाइई श्रीमतीले कमाउन पठाउँछे । श्रीमान् कमाउन हिडेपछि भेष बदलेर श्रीमान्भन्दा अगाडि अजबको बात भन्ने राज्यमा पुग्छे र अजबको बात भनेर राज्य गरेर बस्छे । त्यसपछि काम खोज्दै गएको श्रीमान्लाई काम दिएर, श्रीमान्लाइ चादिका र आफूले सुनका पैसा लगेर घर जान्छे । घर पुगेर श्रीमान्ले चार जुत्ता हान्न जाँदा श्रीमतीले आजसम्म काम लगाएको थाहा पाएर मूर्ख श्रीमान् सुध्रिएर सत्चरित्रका रूपमा देखिएको छ । श्रीमती भने हिम्मत र साहसका साथ मूर्ख श्रीमान्लाई असल बनाउन सफल भई ऊ पनि सत्चरित्रका रूपमा देखिएकी छे । बुबाआमाले मूर्ख छोरालाई तहमा ल्याउने केटीसित बिहे गरी दिएर अभिभावकको कर्तव्य पूरा गरी सत्चरित्र भएका पात्रका रूपमा देखिएका छन् । राजा भने अजबको बात भने काम दिने नभने जेल जानुपर्ने सर्त राख्ने बेग्लै चरित्रका रूपमा देखिएका छन् भने काम खोज्दै गएकी श्रीमतीलाई अजबको बात भन्न लगाई राज्य नै चलाउन दिने सत्चरित्रका रूपमा देखिएका छन् ।

प्रस्तुत लोककथाका पात्रहरूको चरित्रलाई हेर्दा कहि कतै मूर्खता भेटिए पनि अन्तिममा सबै असल चरित्र भएका पात्रका रूपमा रहेका छन् । कथानकलाई अगाडि बढाउँनको लागि प्रमुख र सहायक सबै पात्रहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(ई) परिवेश**

प्रस्तुत 'बुद्धि ठूलो'लोककथाको परिवेश लौकिक रहेको छ । लौकिक परिवेशका रूपमा गाउँ घर, नदी, डुङ्गा, अजबको बात भन्ने प्रसङ्गमा आएका हली, बाच्छो, खेतबारी जोत्ने आदि रहेका छन् । यी लौकिक परिवेशले ग्रामीण जीवनको सफल रूपमा चित्रण गरेको छ । मागी विवाह गर्ने सांस्कृतिक परिवेश पनि रहेको छ । जीवनशैलीगत परिवेशअन्तर्गत पितृसत्तात्मक समाज श्रीमान्ले श्रीमतीलाई गर्ने दमन शोषण यसमा देखाइएको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत कथाको मुख्य उद्देश्य भनेको जस्तोसुकै रिस, घमण्ड र मूर्खतालाई पनि बुद्धि, धैर्य र सहनशीलताले तोड्न सक्छ भन्ने सन्देश दिनुका साथै मनोरञ्जन दिनु पनि रहेको छ । यस कथामा दिनको चार जुत्ता हान्छु भन्ने मूर्ख श्रीमान्लाई श्रीमतीले धैर्य र सहनशीलताका साथ बुद्धिमतापूर्वक तरिकाले सही बाटोमा ल्याउन सफल भएकी छे । त्यसैलेश्रीमतीलाई दमन शोषणमा राख्ने हामो सामाजिक संस्कारको अन्त्यगर्नूपर्दछ भन्ने सन्देश दिनु नै यस लोककथाको मूल उद्देश्य रहेको छ ।

**(ऊ) भाषाशैली**

यस लोककथाको भाषा सरल र कथ्य रहेको छ भने शैली रोचक एवम् वर्णनात्मक रहेको छ । यस कथामा लोककथाका लागि आवश्यक पर्ने विशिष्ट आरम्भ एकादेशबाट सुरु भए पनि भन्नेलाई फूलको माला सुन्नेलाई ...मा अन्त्य भने गरिएको देखिदैन ।

### ४.४.३ चारवटा बुद्धिलोककथाको विश्लेषण

प्रस्तुत 'चारवटा बुद्धि'लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशको लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं ७ निवासी मिन बहादुर खड्का क्षेत्रीज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ५ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'चारवटा बुद्धि'लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

एकादेशमा बाउछोरा हुन्छन् । छोराले कमाउन जान्छु भनेर बाउसँग भन्छ । बाउले पहिला बुद्धि सिकेर आइजा भनेर४०० रूपैया दिएर पठाउँछ । बुद्धि सिकाउनेले कही जाँदा एक्लै नजानु साथीसँग जानु, केही चीज खादा पहिला कुनै चिजलाई दिएर मात्र खानु, अर्कालेलगाएको बिस्तरा नझारिकन नसुत्नु, कसैसँग बस्दा राम्रो ख्याल राखेर मात्र बस्नु भनेर सिकाउँछ र प्रत्येक बुद्धिको एक सय गरेर चार सय रूपैयाँ लग्छ । छोरो घर जान्छ । बाउँले बुद्धि सिकेर आइस भनेर सोध्दा अँ सिकेर आए भन्छ । अनि बाउले लौ जात भन्छ । छोरो कमाउन हिड्छ । त्यसको पछिपछि न्याउरी मुसो पनि हिड्छ । हिड्दै जाँदा साँझ पर्छ । खाना खान बस्छ । आफूले खानुभन्दा अगाडि कुकुरलाई खान दिन्छ । कुकुर त्यही मर्छ र खाना नखाइ हिड्छन् । अर्कोदिन साँझ सुत्नको लागि बिस्तरा झार्दा रुमाल रोटी पकाउन लागेको कराईमा झर्छ । रुमाल झरेपछि त्यहाँ पनि नसुती हिड्छन् । हिड्दै गर्दा राजा बनाउने तर राजाहरू एकदिनभन्दा दुई दिन बाँच्न नसक्ने उज्यालो हुँदा मरेको हुने ठाउँमा पुग्छन् । हरेक दिन नयाँ मान्छे राजा हुनुपर्ने त्यस दिन त्यसलाई नै राजा बन्न भन्छन् र त्यो राजा बन्छ । राजा बनेपछि खाना खाएर रानीसँग सुत्छ । सुतेको बेला रानीको नाकबाट सर्प निस्केर टोक्न लाग्दा न्याउरी मुसोले त्यो सर्पलाई मारिदिन्छ । सधैँ उज्यालो हुँदा राजा मर्ने हुनाले गाउँका मान्छेहरू दाह संस्कारको लागि घारा बोकेर आएका हुन्छन् । राजालाई जिउँदै देखेपछि सबै घर फर्कन्छन् । ऊ त्यहाँको राजा बनेर बस्छ ।

'चारवटा बुद्धि'लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खबद्ध वर्णन छ । 'चारवटा बुद्धि'कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

एकादेशमा बाउछोरा हुनु, छोराले कमाउन जान्छुभन्दा बुद्धि सिकेर आइजा अनि जालास भनेर बाउले ४०० रूपैयाँ दिनु, ४०० रूपैयाको 'चारवटा बुद्धि' सिकेर छोरा आउनु र घरबाट कमाउन हिड्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

घरबाट कमाउन हिडेपछि खाना खाने ठाउँमा पुग्नु, आफूले खानुभन्दा अगाडि कुकुरलाई खान दिएर कुकुर मर्नु, त्यसपछि खाना नखाई त्यहाँबाट हिड्नु, साँझ सुत्ने ठाउँमा बिस्तरा झार्दा रुमाल कराइमा झर्नु, त्यहाँ पनि नसुति हिड्नु, हिड्दै जाँदा प्रत्येकदिन राजा बनाएर मर्ने ठाउँमा पुग्नु, उसलाई राजा बन्न लगाउनु र ऊ राजा बन्नुसम्मका घटनाक्रमलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

राजा बनी सकेपछि खाना खाएर रानीसँग सुत्नु, राती निदाएको बेला रानीको नाकबाट सर्प निस्केर राजालाई टोक्न खोज्दा न्यारी मुसोले सर्पलाई टोकेर मारिदिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथामा हामीले कुनै पनि काम गर्दा योजनाद्ध तरिकाले गर्न सक्यौं भने जीवनमा सोचेभन्दा धेरै सफलता मिल्छ भन्ने अर्ती उपदेश बुद्धि सिकेर कमाउन हिडेको छोराको माध्यमबाट दिइएको यस कथाको कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'चारवटा बुद्धि'लोककथामा विभिन्न अभिप्रायहरूको प्रयोग गरिउको छ । रानीको नाकबाट सर्प निस्कनु, प्रत्येक दिन फेरिएको राजा मर्नु, न्याउरी मुसो मान्छेको साथी बन्नु, न्याउरी मुसोले सर्पलाई टोकेर मार्नुजस्ता घटनाहरू अभिप्रायका रूपमा आएका छन् । यी घटनाहरूले लोककथालाई रहस्यमयी बनाउन मद्दत पुऱ्याएका छन् ।

**(इ) पात्र**

प्रस्तुत 'चारवटा बुद्धि'लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत प्रमुख पात्रका रूपमा छोरो र सहायक पात्रका रूपमा रानी, बाबु र बुद्धि सिकाउने रहेका छन् भने गौण पात्रका रूपमा राजाको मृत्यु भयो भनेर दाहसंस्कारका लागि आएका गाउँलेहरू रहेका छन् । मानवेतर पात्रअन्तर्गत सहायक पात्रका रूपमा न्याउरी मुसो रहेको छ । प्रमुख पात्र छोरो बुबाले भनेको मानेर बुद्धि सिक्न गई त्यो बुद्धिको सही ढङ्गले प्रयोग गर्दै राजा बन्न सक्ने जस्ता बुद्धिमता कार्य गर्नु प्रमुख पात्रको चारित्रिक विशेषता रहेको छ । सहायक पात्र बुबा कमाउन जान्छु भन्ने छोरालई पहिले बुद्धि सिकेर जा बुद्धिले कुनै पनि काम गर्दा सफल भइन्छ भन्दै पैसा दिएर बुद्धि सिक्न पठाउनुले ऊ एउटा अभिभावकको कर्तव्य पूरा गर्न सक्ने सत्चरित्रका रूपमा रहेको छ । बुद्धि सिकाउने मान्छेको बुद्धिको प्रयोगले केटोको जीवन सफल भएका कारण बुद्धि सिकाउने मान्छे पनि सत् चरित्रको रूपमा रहेको छ । मानवेतर पात्र न्याउरी मुसो भने केटोको साथ कही कतै पनि नछोडी मृत्युको मुखबाट केटोलाई बचाउन सक्नुले ऊ एउटा साहसीका साथसाथै सत् चरित्रका रूपमा देखिएको छ ।

**(ई) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक नै रहेको छ । यस कथामा घर, बाटो, बुद्धि सिक्ने ठाउँ, दरबार सबै ग्रामीण परिवेशका रूपमा रहेका छन् । यस कथामा बुद्धि सिकेर कमाउन गयो भने दुःख पाइँदैन भन्ने बौद्धिक परिवेश रहेको छ । प्रत्येक दिन राजाको मृत्यु हुने र नयाँ राजा छनौट गरी राज बनाउने दरबारिया परिवेश रहेको छ । मृत्युपछि दाहसंस्कार गरिने परापूर्वकालदेखि चलिआएको सांस्कृतिक परिवेश पनि रहेको छ ।

**(उ) उद्देश्य**

प्रस्तुत लोककथाको उद्देश्य बुबाआमा र आफूभन्दा ठूलाले भनेको मानेर कुनै पनि कार्य सुरु गर्नुभन्दा अगाडि बुद्धि, ज्ञान, सिप सिकेर अगाडि बढ्यो भने जस्तो सुकै कार्य पनि

सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भन्ने रहेको छ । मान्छेका हरेक कार्य सम्पन्न गर्न र सफलता प्राप्त गर्नुमा मानवले मात्र नभई मानवेतर प्राणीले पनि सहयोग गर्न सक्छन् । मान्छेको साथी मान्छे मात्र नभई पशुपक्षी पनि हुन सक्छन् भन्ने सन्देश दिनु पनि यस कथाको उद्देश्य रहेको छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथाको भाषा सरल सहज र बोलीचालीको रहको छ भने शैली वर्णनात्मक रहेको छ । यसमा कतै कथ्यभाषाको प्रयोग देखिन्छ ; जस्तै : "घारा लिएर आएका, झ्याप्पै घाँटीमा न्याउरी मुसाले समातेच, एकजनाभन्दा दुईजना राम्रो भनेर भन्योथ्यो केरे आदि" । यस कथामा कथावाचकले कथा वाचन गर्दा *त्याँट* र *चाइने* भन्ने शब्द थेगोको रूपमा प्रयोग गरेका छन् । यसमा तद्भव शब्दहरू : गाउँ, साँझ, घर, बुद्धि आदिको प्रयोग भएको छ भने एउटा आगन्तुक शब्द टाइम पनि प्रयोग भएको छ ।

## ४.४.४ भाग्यरेखालोककथाको विश्लेषण

प्रस्तुत 'भाग्यरेखा' लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशका लोककथा हो । यो लोककथा बारबर्दिया नगरपालिका वडा नं. ७ निवासी टीका गौतमज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ११ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'भाग्यरेखा' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

एकादेशमा बुढाबुढी हुन्छन् । उनीहरूका एउटा छोरो र पाँच बहिनी छोरीहरू हुन्छन् । बुढो निकैधनी भएका कारण काम गर्नेहली राखेको हुन्छ । एकदिन हलीको छोरो जन्मिन्छ । हलीको छोरो जन्मिएपछि भावीले यसको नाम र भाग्य कस्तो लेखी दिन्छन् भन्ने जिज्ञासा लिएर बुढो हलीको घर जान्छ । हलीलाई बाहिर काममा पठाएर आफू भने भावीलाई कुरेर दैलोमा बस्छ । भावी राती आएर बुढोलाई दैलो छोड भन्छ । बुढोले भित्र गएर भाग्य लेखेको कुरा भनेपछि मात्र छोड्छु भन्छ । भावीले हुन्छ म भन्छु भनेर भित्र जान्छ । भावी हलीको छोराको भाग्य लेखी सकेर बाहिर आउँछ । बुढोले के लेखेर आइस भन भनेर भन्छ । भावीले तेरो राज्य यही हलीको छोराले खाओस् भनेर लेखेर आए भन्छ र भावी त्यहाँबाट जान्छ । भावीको कुरा सुनेपछि बुढोलाई पीर पर्छ । कसरी हलीको छोरालाई मार्ने होला भनेर सोच्दा सोच्दै हलीको छोरा ठूलो हुन्छ । एकदिन आफ्नो छोरालाई घर छोडेर हलीको छोरालाई गोठमा लग्छ । गोठमा लगेर चिठी लेखेर हलीको छोरालाई यो चिठी घर लगेर दे भनेर पठाउँछ । चिठी लगेर हलीको छोरो घरतिर जान्छ । पँधेरोमा बुढोको माहिली छोरीसँग हलीको छोराको भेट हुन्छ । त्यो चिठी पढेर बुढोको माहिली छोरीले च्यातेर

फाल्छे र अर्को चिठी लेखेर घर गएर दाजुलाई दिन्छे । त्यो चिठी पढेर बुढोको माहिली छोरीसँग हलीको छोराको बिहे गर्दिन्छन् । त्यसपछि बुढोले चिठी पढिस भनेर छोरालाई सोध्छ । छोराले अँ चिठी पढेर घरको बिच तलामा लगेर माइली बहिनीको बिहे गरिदिए भन्छ । चिठीमा हलीको छोरालाई मारेस भनेर लेखेकोछोरीको बिहे हुँदा बुढो साह्रै चिन्तामा पर्छ । हलीको छोरा ज्वाइँ बनी सक्दा पनि कसरी मार्ने होला भनेर छोरालाई गोठ पठाउँछ र हलीको छोरालाई घर राख्छ । हलीको छोरालाई सार्कीको घर जुत्ता सिलाउन पठाउँछ । जुत्ता बोकेर सार्कीको घर जादै गर्दा बुढोको छोरासँग भेट हुन्छ । जुत्ता बोकेको देखेर बुढाको छोराले ससुराको जुत्ता ज्वाइँले छुँदा पाप लाग्छ म जान्छु जुत्ता सिलाउन भनेर जान्छ । बुढोले जुत्ता सिलाउन जो आउँछ उसैलाई मारेस भनेर सार्कीलाई भनेको हुन्छ । सार्कीले बुढाको छोरोलाई मार्दिन्छ । भएको एउटा छोरो पनि मर्छ । बुढोको सम्पत्तिमा हलीको छोराले राज्य गरेर बस्छ ।

'भाग्यरेखा'लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । 'भाग्यरेखा'कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

एकादेशमा बुढाबुढीका पाँच बहिनी छोरी र छोरा एउटा मात्र हुनु, बुढोले घरमा हली राख्नु हलीको छोरा जन्मनु हलीको छोराको नाम र भाग्य के लेखी दिन्छन् होला भन्ने जिज्ञासाले बुढोहलीको दैलोमा भावीलाई कुरेर बस्नु, राती भावी आउनु, भावीले बाटो छोडभन्दा बुढोले नमान्नु, भित्र गएर लेखेको कुरा भन्ने सर्तमा मात्र भावीलाई भित्र जान दिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

भावी भित्र गएर भाग्य लेखेर बाहिर आउनु, बुढोले भावीलाई के लेखिस भन भन्नु, भावीले यो तेरो सबै राज्य हलीको छोराले खाओस् भनेर लेखे भन्नु, बुढोलाई पीर पर्नु, हलीको छोरालाई कसरी मार्ने होला भन्ने सोच्दा सोच्दै हलीको छोरा ठूलो हुनु, हलीको छोराको हातमा हलीको छोरालाई मारेस भनेर चिठी लेखेर गोठबाट घरमा पठाउनु, माहिली छोरीले चिठी पढेर च्यातेर अर्को चिठी लेखेर दिनु, हलीको छोराको बिहे माहिली छोरीसँग गएर हलीको छोरा ज्वाइँ बन्नु सम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

ज्वाइँ बनी सकेपछि पनि हलीको छोरालाई मार्न सार्कीको घर जुत्ता सिलाउन पठाउनु, बुढोको छोरोले हलीको छोरालाई जुत्ता बोकेको देखेर ज्वाइँले ससुराको जुत्ता बोक्दा पाप लाग्छ म जान्छु भनेर जानु, जुत्ता सिलाउन जो आउँछ उसैलाई मार्नु भनेका कारणले सार्कीले बुढोको छोरालाई मार्नु, अरू छोरा नभएका कारण हलीको छोराले बुढोको सबै सम्पत्ती खाएर बस्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सबल र सुगठित छ । यस लोकथामा घटनाहरू सिलसिलाबद्ध रूपमा घटित भएकाले कथानक रैखिक ढाँचामा आबद्ध रहेको छ ।

### (आ) अभिप्राय

प्रस्तुत लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । भावीले बच्चाको भाग्य लेख्दाखेरी बुढोको राज्य यही हलीको छोराल खाओस भनेर लेख्नु र बुढाकी माहिली छोरी पधेरामा पानी लिन जानु यो अभिप्रायले स्थानीय संस्कृति र ग्राम्म जीवनलाई देखाएको छ ।

### (इ) पात्र

प्रस्तुत 'भाग्यरेखा'लोककथामा मानवीय र मानवेतर दुवै पात्रको प्रयोग गरिएको छ । मानवीय पात्रका रूपमा बुढाबुढी, बुढाबुढीका छोराछोरी, हलीको छोरा र सार्की रहेका छन् भने मानवेतर पात्रका रूपमा दैवी पात्र भावी रहेको छ । मानवीय पात्र हलीको छोरा र मानवेतर दैवी पात्र भावी यस कथाका मुख्यपात्रका रूपमा रहेका छन् भने अन्य पात्रहरू सहयोगीको भूमिकामा रहेका छन् । भावी यस कथाको दैवी पात्र हो । उसले एउटा गरिब हलीको छोराको भाग्य लेख्दा ठूलो भएपछि धनी बुढोको सम्पत्ति खाएर राज गरेर बसेस् भनेर लेखी दिएको छ, त्यसैकारण हलीको छोराले बुढोको सम्पत्तिमा राज गरेर बसेको छ । भावी यस कथाको सुरुवातमा एकपटक मात्र देखिएको छ । उसले हलीको छोराको भाग्य लेख्न आएको कुरा बुढोलाई भनेको छ र भित्र गएर लेखेको कुरा बाहिर आएर भन्छु भनेर भित्र गएर लेखिसकेर लेखेको कुरा बुढोलाई भनेको छ । भावी सुरुमा एकछिन मात्र देखिए पनि उसैले लेखेको भाग्यअनुसार कथानक अघि बढी अन्त्य भएको छ । बुढाकी छोरीले हलीको छोराको ज्यान बचाएकी छे । उसले आफ्नो बाबुले हलीको छोरालाई मार्नु भनेर लेखेको चिठी च्यातेर फाल्छे र माहिली बहिनीको कन्यादान गरिदिनु भनेर चिठी लेख्छे । ऊ आफ्नै बाबुका बिरुद्ध अत्रिएकी एक चलाखी, साहसी पात्रका रूपमा उभिएकी छे । बुढाको छोरा पन सत् पात्रकमा रूपमा देखिन्छ । बुढो हलीको छोरालाई मार्न अनेक जुक्ति निकाल्ने खल सहायक पात्र हो । भावीप्रतिको विश्वास हुँदाहुँदैपनि हलीको छोरालाई मारेर समस्या समधान गर्न खोज्दा खोज्दै आफ्नै छोराको ज्यान गुमाउन पुगेको असफल पात्र हो ।

### (ई) परिवेश

प्रस्तुत कथाको परिवेश लौकिक नै रहेको छ । लौकिक परिवेशमा गाउँ, घर, गोठ, खेतबारी आदि आएका छन् । ग्रामीण जीवनको सफल रूपमा यहाँ चित्रण गरिएको छ । घरदेखि गोठमा जानु, गाई पालेर बस्नु, गाईको दूध दोहेर ठेकीमा दही बोकी घरमा आउनुले भौगोलिक हिसाबले गाउँले पहाडिया परिवेशको राम्रोसँग चित्रण गरेको छ । गरिब निमुखाहरू अरूको घरमा हली बस्नुपर्ने एउटा बाध्यात्मक परिवेश पनि देखाइएको छ । भावीले हलीको छोराको भाग्य लेखी दिएअनुसार यसलोककथाको परिवेश अगाडि बढ्नुले भाग्यवादी परिवेशको सफल रूपमा चित्रण गरेको छ ।

(उ) **उद्देश्य**

यस कथाको उद्देश्य भावीले लेखेको कुरा टारेर टर्दैन । त्यसको सामना गर्नैपर्छ । मानिसले भावीलाई होइन भावीले मानिसलाई चलाएको छ त्यसैले भावी मानिसभन्दा निकै वलवान् हुन्छ भन्ने लोकविश्वास दिलाउनुका साथै लोकबासीलाई मनोरञ्जन प्रदान गर्नु नै यस काथको मुख्य उद्देश्य रहेको छ । हामी सधैं सत्कर्म गर्दै सकारात्मक सोचका साथ अघि बढ्नुपर्दछ । जस्तो कर्म गऱ्योउस्तै भोग भोग्नुपर्ने भएकाले अरूको कहिल्यै पनि कुभलो सोच्नु हुँदैन भन्ने कुराको सन्देश दिनु पनि यस कथाको उद्देश्य रहेको छ ।

(ऊ) **भाषाशैली**

यस कथाको भाषा सरल र कथ्य रहेको छ भने शैली रोचक एवम् वर्णनात्मक रहेको छ । लोककथाका लागि आवश्यक पर्ने विशिष्ट आरम्भ एकादेशबाट सुरु भए पनि भन्नेलाई फूलको माला सुन्नेलाई ... मा भने अन्त्य गरिएको देखिदैन । यसमा संवादात्मक एवम् प्रश्नात्मक शैलीको पनि प्रयोग गरिएको छ । जस्तै : बुढो र भावीबिच भएको संवाद : भावी ए त को होस् ? छोड बुढो । तैले के लेख्छस् भन त्यसपछि बल्ल छोड्दिन्छु ।

## ४.४.५ टुहुरी लोककथाको विश्लेषण

प्रस्तुत 'टुहुरी'लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशका लोककथाहो ।यो कथा बारबर्दिया नगरपालिका वडा नं. ७ निवासी तुलसा खड्काज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ७ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

(अ) **कथानक**

प्रस्तुत 'टुहुरी'लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

एकादेशमा आमा नभएकी एउटी टुहुरी हुन्छे । टुहुरीको बाउले सौतेनी आमा बिहे गर्छ, सैतेनी आमाले आफ्नो छोराछोरीलाई धेरै मायागर्छे । टुहुरीलाई भने हेला गर्छे । एकदिन बाउ बजार जाँदा सौतेनी आमाका छोरीहरूले चुरा, टिकी माग्छन् तर टुहुरी भने चुप लागेरबस्छे । बाउले टुहुरीलाई के ल्याईदिम् भनेर सोध्दा टुहुरीले एउटा बाख्राको पाठी माग्छे । बाउले बाख्राको पाठी ल्याईदिन्छ । बाख्राको पाठीसँग टुहुरीले आफ्ना सबै दुःख पोख्छे । बाख्राको पाठीले पीर नगर भन्दै टुहुरीको जुम्रा हेरिदिन्छ, टुहुरीको स्याहार सुसार गर्दै टुहुरीलाई झरफिनी खान दिन्छ । टुहुरी झरफिन खाएर मोटाएपछि कसरी मोटाई भन्ने शङ्काले आमाले छोरालाई टुहुरीसँग बाख्रा चराउन जङ्गल पठाउँछे । जङ्गलमाबाख्राको पाठीले सधैं झै झरफिनि दिशा गरिदिन्छ । टुहुरीले

कसैलाई पनि नभने है भन्दै भाइलाई पनि खान दिन्छे भाइले नङको कुनामा लुकाएरघर लगेर आमालाईदेखाउँछ । बाखाको पाठी काट्नलाई सौतेनी आमाले नाटक गर्छे । धामीसँग सल्लाह गरेर बाखाका पाठी काटे मात्र सन्चो हुन्छ भनेर भन्न लगाउँछे । धामीले पनि त्यसै गर्छ । टुहुरी चिन्ताले बाखाको पाठीसँग गएर रुन्छे । पाठीले मेरो मासु नखानु, हड्डीहरू तबेलामा लगेर गाडीदिनु भन्छ । टुहुरीले पनि बाखाको पाठीले भने झैँ गर्छे । गाडेको हड्डीबाट सुनको मौलो पलाउँछ । त्यो सुनको मौलो उखेल्ने लोग्ने मान्छेलाई राजा र आइमाइलाईरानी बनाउँछु भनेरराजाले भन्छन् । त्यो सुनको मौलो उखेल्न टुहुरीका सौतेनी आमाका छोरीहरू श्रृङ्गार गरेर जान्छन् । तर त्यो मौलो कसैले पनि उखेल्न सक्दैनन् अनि अरू गाउँका मान्छेहरू कसैले पनि उखेल्न नसकेपछि अन्तिममा टुहुरीले छुने बित्तिकै मौलो उखेलिन्छ । त्यसपछि राजा खुसी भएर भ्याँइ, भ्याँइ बाजा बजाएर बिहे गरेर टुहुरीलाई राजाले रानी बनाएर दरबार लगेर राख्छन् । यस्तै घटनाहरू कथानकका रूपमा आएका छन् ।

‘टुहुरी’लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्धवर्णन छ । टुहुरी कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

आमा मरेकी टुहुरीलाई सौतेनी आमाले हेला गर्नु, बुबासँग सौतेनी आमाको छोरीहरूले चुरा, टिकी माग्नु, टुहुरीले भने बाखाकोपाठी माग्नु र बुबाले बाखाको पाठी दिनुसम्मको घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

टुहुरीले बाखाको पाठीलाई जङ्गलमाचराउन लग्नु, टुहुरीले दुःख पीर सबै बाखाको पाठीसँग पोख्नु बाखाको पाठीले टुहुरीको दुःख बुझेर झरफिनि दिशा गरेर खान दिनु, टुहुरी मोटाउनुको कारण बाखाको पाठी हो भन्ने सौतेनी आमाले थाहा पाउनु, सौतेनी आमाले बिरामी भएको नाटक गर्नु, बाखाको पाठी नकाटेसम्म निको नहुने रोग लागेको छ भनेर धामीलाई भन्न लगाउनु, टुहुरीले बाखाको पाठी काट्ने थाहा पाएपछि बाखाको पाठीसँग रुनु, बाखाको पाठीले टुहुरीलाई मेरो मासुतिमीले नखानु, बचेको हड्डी सबै गाडी दिनु भन्नु, टुहुरीले पनि बाखाको पाठीले भने झैँ गर्नु, हड्डी गाडेको ठाउँमा सुनको मौलो उम्रिनुसम्मकाघटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

सुनको मौलो उम्रिएको कुरा राजाले थाहा पाउनु, त्यो मौलो उखेल्न सक्ने स्वास्नी मान्छेलाई रानी र लोग्ने मान्छेलाई राजा बनाउँछु भन्नु, सुनको मौलो कसैले उखेल्न नसक्नु, अन्तिममा टुहुरीले छुने बित्तिकै उखेलिनु, टुहुरीलाई राजाले बाजा बजाएर दरबार लग्नु, टुहुरीले

अन्तिममा आरामको जीवन बिताउनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्य भाग मान्न सकिन्छ ।

प्रस्तुत लोककथाको कथानक सुगठित छ । आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध क्रममा भएकाले यस कथाको कथानक रैखिक ढाँचाको देखिन्छ ।

### (आ) अभिप्राय

प्रस्तुत 'टुहुरी'लोककथाकथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । यसमा प्रयोग भएको झरफिनी दिशा गर्ने बाखाको पाठी हड्डीबाट उम्रिएको सुनको मौलो अभिप्रायका रूपमा आएकाछन् । टुहुरीले झरफिनी दिशा गर्ने बाखाको पाठीसँग कुराकानी गर्नु, झरफिनि दिशा गर्दिएर टुहुरीले खानु, टुहुरीले बाखाको हड्डी गाड्नु र त्यो हड्डीबाट सुनको मौलो उम्रिनु आदि यस कथामा अभिप्रायका रूपमा आएका छन् ।

### (इ) पात्र

प्रस्तुत 'टुहुरी'लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएकोछ । मानवीय पात्रअन्तर्गत टुहुरी, टुहुरीको बाउ, सौतेनी आमा,सौतेनी आमाका छोराछोरीहरू, धामी र राजा रहेका छन् । भने मानवेतर पात्रको रूपमा बाखाको पाठीको प्रयोग भएको छ । मानवीय पात्रका रूपमा टुहुरी र मानवेतर पात्रका रूपमा बाखाको पाठी यस लोककथाका मुख्य पात्रको भूमिकामा रहेका छन् भने अन्य पात्रहरू सहायक पात्रको भूमिकामा देखिएका छन् । सौतेनी आमा भने यस लोककथामा खलपात्रको रूपमा देखिएको पाइन्छ । टुहुरीलाई सौतेनी आमाले हेला गरेर खान नदिपछि बाखाको पाठीले टुहुरीलाई झरफिनि दिशा गरिदिएर खान दिने, जुम्रा हेरिदिने, म छु पीर नगर भनेर सम्झाउने आदि मानवेतर पात्र बाखाको पाठीमा मानवीय गुण र स्वभावको प्रत्यारोपण गरिएकाले यसको चरित्र पनि मानवीय चरित्रको रूपमा देखिएको छ ।

### (ई) परिवेश

प्रस्तुत लोककथाको परिवेश सामाजिक लोकजीवन नै रहेको छ । ग्रामीण समाजमा हुने गरेका विविध घटनाहरूलाई समावेश गर्नका लागि ग्रामीण परिवेशको उत्कृष्ट प्रयोग गरिएको छ । ग्रामीण जीवन, वातावरण, वनजङ्गलको चित्रण प्रस्तुत लोककथामा प्रयोग गरिएको छ । जीवनशैलीगत परिवेशअन्तर्गत पितृसत्तात्मक समाज, दोस्रो विवाह, सौतेनी आमाको प्रतिकूल व्यवहार यसमा देखाइएको छ । यो कथा ग्रामीण परिवेशमा निर्मित छ । यहाँ पारिवारिक वातावरणलाई चित्रण गरिएकोपाइन्छ ।

(उ) **उद्देश्य**

प्रस्तुत 'टुहुरी' लोककथाको विविध उद्देश्यहरू भेटाउन सकिन्छ । यो सामाजिक कथा भएकाले यसमा समाजको जीवन पद्धति देखाउनु, मनोरञ्जन पैदा गर्नु कौतुहलता पैदा गर्नु यस कथाको उद्देश्य हो । सौतेनी आमा छोराछोरी जो भएपनि हेला गर्नु, दुःख दिनु जस्ता कार्यहरू गर्नु हुँदैन । आफ्नै आमा र छोराछोरी सम्झेर त्यहीअनुसारको सबैसँग राम्रो व्यवहार गर्नुपर्छ, माया गर्नुपर्छ भन्ने सन्देश दिनु नै यस कथाको मूल उद्देश्य हो । सत्कार्य गर्नुपर्छ केही नहुनेको भगवान् हुन्छन् भन्ने भाग्यवादी धारणा बोकेको प्रस्तुत कथाले टुहुरा टुहुरीलाई हेला गर्नु हुँदैन तिनीहरूको पनि भाग्य फर्कन्छ भन्ने नीति शिक्षा दिदै मनोरञ्जन पैदा गर्नु यस कथाको उद्देश्य रहेको छ ।

(ऊ) **भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ । यस कथाको अभिव्यक्तिगत शैली वर्णनात्मक नै रहेको देखिन्छ । स्थानीय लवजअनुसार क्रियापदमा च को प्रयोग गरिएको छ । जस्तै : रचन, भनेच, गर्चु, गर्चे, हुन्च आदि । कथा वाचकले कथावाचन गर्दा थेगोको रूपमा त्याँट भन्ने शब्द प्रयोगमा आएको छ । लोककथामा बोलीचालीमा सामान्य बनिसकेका तत्सम : दुःख, शङ्का, तद्भव : बहिनी,साँझ,आमा,बाबा, घर र आगन्तुक : टाइम शब्दहरूको प्रयोग पाइन्छ । यस लोककथामा नेपाली कथ्यभाषाको प्रयोग अधिक छ । लोककथाका लागी आवश्यक पर्ने विशिष्ट आरम्भ एकादेशबाट सुरु भए पनि 'भन्नेलाई फूलको माला सुन्नेलाई ...' मा अन्त्य भने गरिएको देखिदैन ।सरल वाक्यगठन, सहज अर्थ सम्प्रेषण र सरस भावमयता वर्णनात्मकता यस लोककथाको भाषाशैलीगत विशेषता हो

### ४.४.६ झगडाको निहुँलोककथाको विश्लेषण

प्रस्तुत 'झगडाको निहुँ' लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित अर्ती उपदेशको लोककथा हो । यस कथा बारबर्दिया नगरपालिका वडा नं. ११ निवासी थीर बहादुर राउतज्यूबाट सङ्कलन गरिएको हो ।प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ६ नं. मा सङ्ग्रहण गरिएको छ ।यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

(अ) **कथानक**

प्रस्तुत 'झगडाको निहुँ' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यसु प्रकार रहेको छ :

'झगडाको निहुँ' लोककथामा एउटा झगडी हुन्छ । त्यो झगडीको भेट माइत जान लागेका लोग्ने स्वास्नीसँग हुन्छ । लोग्ने चाहिँले झगडिलाई कसरी झगडा गर्छन् भनेर सिकाइदिन आग्रह गर्छ । झगडीले त्यसको कुरा नसुने झैँ गरी हिड्छ । हिड्दै जाँदा उनीहरू खोला तर्ने

ठाउँमा पुग्छछन् । खोला तर्दै गर्दा झगडिले त्यो स्वास्नी चाहिँको तिघ्रामा चिह्न देख्छ । खोला तरी सेकेपछि उनीहरू छुट्टिने ठाउँ आउँछ । छुट्टिने बेला त्यो स्वास्नी चाहिँलाई मेरी स्वास्नी हो भन्छ । लोग्ने चाहिनेले मेरी स्वास्नी हो भन्दा पनि झगडीले मान्दैन । त्यही स्वास्नी मेरी हो भन्ने विषयलाई लिएर उनीहरू अदालतमा जान्छन् । न्यायाधीशले लोग्ने चाहिँलाई तिम्री श्रीमतीको शरीरमा कुनै चिह्न छ की छैन भनेर सोध्छ । श्रीमान्ले खै थाहा छैन भन्छ । त्यसपछि झगडिलाई सोध्छ झगडिले मेरो श्रीमतीको चिनो तिघ्रामा छ भन्छ । न्यायाधीशले तिम्री श्रीमती रैछिन् लिएर जाऊ भन्छ । उनीहरू तिनैजना अदालतबाट फर्केर जान्छन् । फेरि उनीहरूको छुट्टिने बाटो आउँछ । झगडिले तिम्री श्रीमती लैजाऊ । तिमीले अघि झगडाको निहुँसिकाउन भनेका थियौं त्यसैले मैले तिम्री श्रीमतीलाई मेरी श्रीमती हो भनेर भनेको हुँ भन्छ ।

'झगडाको निहुँ' लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । 'झगडाको निहुँ' कथाको कथानकमारहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकारछ :

### (क) आदिभाग

प्रस्तुत कथामा एउटा झगडि हुनु, झगडिको भेट माइत जान लागेका लोग्ने स्वास्नीसँग हुनु, लोग्ने चाहिँले झगडिलाई झगडा सिकाइदिन आग्रह गर्नु, झगडि केही नबोली हिड्नु, हिड्दै गर्दा खोला तर्ने ठाउँमा पुग्नु, खोला तर्दा झगडिले स्वास्नी चाहिनेको तिघ्रामा चिह्न देख्नुसम्मको घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

### (ख) मध्यभाग

उनीहरू खोला तरेर छुट्टिने बाटो आउनु, छुट्टिन लाग्दा झगडिले त्यो मेरो स्वास्नी हो भन्नु, लोग्नेले तेरी कहाँ हुनु मेरी हो भन्नु, कस्की श्रीमती हो अड्डामा जाऊ भन्नु, अड्डामा गएर न्यायधीशले लोग्ने चाहिँलाई तिम्री स्वास्नीको शरीरमा कुनै चिह्न छ कि छैन भनेर सोध्नु, लोग्नेले थाहा छैन भन्नु, त्यसपछि झगडिलाई सोध्नु र झगडिले तिघ्रामा छ सर भन्नु, न्यायाधीशले झगडिलाई तिम्री श्रीमती हो भनेर जिम्मा लगाउनुसम्मको घटनाक्रमलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ

### (ग) अन्त्यभाग

न्यायाधीशले झगडिलाई श्रीमती जिम्मा लगाई दिएपछि उनीहरू अदालतबाट फर्किनु, अदालतबाट फर्किए पछि फेरि छुट्टिने बाटो आउँदा झगडिले यो तपाईँकै श्रीमती हो तपाईले अघि 'झगडाको निहुँ' सिकाइदे भन्नुभएकाले मेरी श्रीमती हो भनेर भनेको हो भन्नु र स्वास्नी फिर्ता लगेर स्वास्नी माइत र झगडि आफ्नो घर फर्कनुसम्मको घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

(आ) **अभिप्राय**

प्रस्तुत लोककथामा झगडी, श्रीमान् र तीघ्रामा रहेको चिह्न अभिप्रायमा रूपमा आएका छन् । झगडीले अर्काकी श्रीमतीको तिघ्रामा चिह्न देख्नु, त्यही चिह्नको आधारमा त्यो मेरी श्रीमती हो भन्नु, श्रीमान्ले आफ्नी श्रीमतीको तीघ्रामा चिह्न छ भन्ने कुरा थाहा नपाउनु र न्यायाधीशसले तीघ्रामा रहेको चिह्नको आधारमा झगडीलाई श्रीमती दिनु जस्ता घटनाहरू यस लोककथामा अभिप्रायका रूपमा रहेका छन् ।

(इ) **पात्र**

प्रस्तुत कथामा मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको छ । मानवीय पात्रका रूपमा झगडि लोग्ने स्वास्नी र न्यायाधीश रहेका छन् भने मानवेतर पात्रको रूपमा बाखाको पाठी रहेको छ । यी पात्रहरूमध्ये झगडिलोग्ने प्रमुख पात्र, स्वास्नी र न्यायाधीश सहायक पात्रका रूपमा रहेका छन् भने बाखाको पाठी माइत जान हिडेका लोग्ने स्वास्नीले सँगै लेगेको प्रासाङ्गिक र गौण पात्रको रूपमा आएको छ । झगडि यस कथामा बिनाकारण झगडाको निहुँसिकाइ दे भन्ने लोग्ने चाहिँसँग उसकी श्रीमतीलाई आफ्नी हो भनी अदालतमा पुगेर पनि आफ्नै श्रीमती सावित गर्न सकेर लोग्नेलाई उसकी श्रीमती फिर्ता दिएर हरेक कुरामा सचेत रहनुपर्छ भन्ने शिक्षा दिन सक्ने सत्चरित्रका रूपमा रहेको छ । लोग्ने भने बिनाकारण झगडाको निहुँसिक्न खोज्ने, आफ्नै श्रीमतीलाई अरूले दाबी गरेर लैजान खोज्दानि केही पनि नबोली चुपचाप बस्न सक्ने सामान्य चरित्रका रूपमा रहेको छ। स्वास्नी पनि झगडिले मेरी स्वास्नी हो भनेर अदालतमा पुऱ्याएर न्यायाधीशले पनि झगडिकै स्वास्नी हो भनेर उसैसँग पठाउँदा पनि केही नबोली चुपचाप बस्ने सामान्य चरित्र भएकी सहायक पात्रका रूपमा रहेकी छे ।

(ई) **परिवेश**

प्रस्तुत 'झगडाको निहुँ' लोककथाको परिवेश लौकिक रहेको छ । यहाँ ग्रामीण सामाज, खोला, बाटो, अदालत, माइती आदि स्थानिक परिवेशका रूपमा आएका छन् । यस कथाको कालिक परिवेश लोक जीवन नै हो ।

(उ) **उद्देश्य**

प्रस्तुत कथाको उद्देश्य कौतूहल प्रदान गर्नु, मनोरञ्जन प्रदान गर्नु र अनावश्यक कुराको खोजी गर्नु हुँदैन भन्ने रहेको छ । झगडाको निश्चित मुहान हुँदैन त्यसैले हामी हरेक कुरामा सचेत भएर बस्नुपर्छ भन्ने सन्देश दिनु नै यस कथाको मुख्य उद्देश्य हो ।

### (ऊ) भाषाशैली

यस लोककथाको भाषाशैली सरल र सरस नै रहेको छ । संवादात्मक शैलीमा कथानक रैखिक ढाँचामा अगाडि बढेको देखिन्छ । यस लोककथामा मानक नेपाली भाषाको र बारबर्दिया नगरपालिकामा प्रचलित स्थानीय भाषिका दुवैको प्रयोग सरल तरिकाले गरिएको छ ।जस्तै : "माइत जाने मैतालुले झगडिलाई तिमी झगडा कसरी गर्छौ मलाई सिकाई देऊ त भनेर भन्यो, तिनीहरू ठ्याक्कै अड्डामा जानबाटो एक उइको माइत जाने बाटो छुट्टिने मुखति गए । न्यायाधीशले जता दिलाई दिन्च उसैकि स्वास्नी हुन्चे भनेर तिनीहरू ह्वा अदालतमा गए ।" यस कथाको शैली रोचक एवम् वर्णनात्मक रहेको छ । यसको आरम्भ लोकशैलीमा भए पनि अन्त्य चाहिँ लोकशैलीमा भएको छैन ।

## ४.५ पशुपक्षीका लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा बारबर्दिया नगरपालिकामा प्रचलित पशुपक्षीका लोककथामा 'कुकुरको कथा' शीर्षकको एउटा मात्र लोककथा प्राप्त भएको छ । 'कुकुरको कथा' लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित पशुपक्षीका लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं. ६ निवासी अविनाश विश्वकर्माज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ४ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'कुकुरको कथा' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूलकथासार यस प्रकार रहेको छ :

'कुकुरको कथा' लोककथामा धेरै वर्ष पहिला कुकुरहरू इमान्दार हुन्छन् । कसैको घरजान्दैनन् । मकै कुर्न कोही मान्छे जान्छन् भने धेरै जस्तो कुकुरहरू जान्छन् । उनीहरूले बाँदर लखेट्ने, मकै कुर्ने, घरमा मान्छे नभएको बेला घर कुर्दिनेगरेर मान्छेले भन्दा धेरै काम गर्छन् । कुकुरले जति काम गरे पनि मान्छेहरूले आफूले खाना खाइसकेपछि बचेको खाना च्वँ च्वँ भनेर बाहिर ल्याएर दिन्छन् । कुकुरलाई मान्छेको यस्तो व्यवहार मन पर्दैन । एकदिन कुकुरको राजाले भएजति सबै कुकुरहरूलाई बोलाएर सम्मेलन गर्छ । सम्मेलनमा कुकुरको राजाले हामीले मनुष्यको काम दिनरात नभनी गर्छौं तर उनीहरूले हामीलाई बचेको खाना बाहिर ल्याएर दिन्छन् । मनुष्यले हाम्रो अपमान गरेका छन् त्यसैले मुनष्यले आफूहरूसँगै राखेर खाना दिए भने खाने नदिए नखाने भनी निर्णय पारित गर्छन् । मनुष्यले सधैंको जस्तो गरी खाना बाहिर दिन्छन् तर कुकुरले खादैनन् । मनुष्यले आज बाहिर कहि खाएर आएछन् भन्ने बुझ्छन् । कुकुरहरू भोकै हुन्छन् र फेरि कुकुरहरू आफ्नो राजा कहाँ जान्छन् र मनुष्यले हाम्रो भाषा बुझेका छैनन् । हामी भोकै छम प्रभू भन्छन् । राजाले उसो भए घरमै बसेर काम गर्ने होइन बाहिर जता मल लाग्छ डुलेर हिड्ने, जहाँ पाइन्छ

त्यही खाने भनी निर्णय गर्छन् । त्यही दिनदेखि आफ्नो इमानदारीता बेचेर कुकुरहरू डुलेर हिड्न थाल्छन् ।

'कुकुरको कथा' लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । 'कुकुरको कथा' कथाकोकथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छः

(क) **आदिभाग**

प्रस्तुत लोककथामा पहिला कुकुरहरू इामानदार हुनु, मकै कुरिदिने, बाँदर लखेट्ने घर करिदिने जस्ता मान्छेले भन्दा धेरै काम गर्नु, कुकुरहरूले जति काम गरे पनि मनुष्यले बचेको खाना बाहिर ल्याएर दिनु, त्यसरी खाना दिँदा मान्छेले अपमान गरेको सम्झेर कुकुरको राजाले सम्मेलन गर्नु सबै कुकुर जम्मा भएर बाहिर ल्याएर सधैँको जस्तो गरी खाना दिएपछि नखाने भनी निर्णय पारित गर्नुसम्मको घटनाहरूलाई यस लोककथाको आदि भाग मान्न सकिन्छ ।

(ख) **मध्यभाग**

सम्मेलन बसेर निर्णय पारित गरी सकेपछि पनि मनुष्यले पहिलेको जस्तै गरी खाना दिनु, कुकुरहरू खाना नखाई बस्नु, आज बाहिर खाएर आएको भन्ने ठानी केही वास्ता नगर्नु फेरी कुकुरहरू राजा कहाँ गएर मनुष्यहरूले हाम्रो भाषा नबुझेको र हामी भोकै बसेको भन्ने कुरा गर्नु, हामी भोकले मर्न लाग्यौ, हामीलाई बचाउनु होस् भन्नु, राजाले आजबाट डुलेर हिड्ने जहाँ पाइन्छ त्यही डुलेर खाने मनुष्यको भर नपर्ने भनेर निर्णय पारित गर्नुसम्मको घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

(ग) **अन्त्यभाग**

कुकुरहरूको दोस्रो सम्मेलनको निर्णय पारित पछि कुकुरहरूले पहिलेको जस्तै गरी इमानदारिताका साथ मनुष्य घरमा काम नगर्नु, डुलेर हिड्नु, जहाँ पाइन्छ त्यही खान खानुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

(आ) **अभिप्राय**

प्रस्तुत लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । मान्छेको लागि इमानदारीतापूर्वक काम गर्ने कुकुर, कुकुरहरूको सम्मेलन आदि अभिप्रायका रूपमा प्रयोगमा आएका छन् । कुकुरहरूले मान्छेका लागि इमानदारीतापूर्वक घर कुर्ने काम गर्नु, मकै कुर्ने काम गर्नु, मान्छेका हरेक काम इमानदारीतापूर्वक गर्दा पनि कलोको रूपमा बचेको खाना बाहिर ल्याएर दिएपछि कुकुरहरूले सम्मेलन गरेर त्यसरी दिए नखाने भनी निर्णय पारित गर्नु जस्ता घटनाहरू अभिप्रायका रूपमा आएका छन् ।

## (इ) पात्र

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रअन्तर्गत मान्छेहरू रहेका छन् भने मानवेतर पात्रका रूपमा कुकुरहरूको राजा कुकुर र कुकुरहरू रहेका छन् । यस कथाको प्रमुख पात्र कुकुरहरूको राजा कुकुर र कुकुरहरू रहेका छन् भने मान्छेहरू सहायक पात्रका रूपमा रहेका छन् । यस कथाको मुख्य पात्र कुकुरहरूको राजाले कुकुरहरूले जति काम गर्दा पनि मान्छेहरूले बचेको खाना दिएपछि कुकुरहरूको सम्मेलन गरेको, अब पनि यसै गरी खान दिएपछि नखाने निर्ण पारित गरेको, निर्णय पारित पछि पनि मान्छेहरूले यसरी नै खानदिएपछि मान्छेहरूले हाम्रो अपमान गरे अब घर छोडेर डुलेर खानुपर्छ भनेर अर्को निर्णय पारित गरेको र राजाले भनेको कुरा अरू कुकुरहरूले मानेको प्रसङ्गहरूबाट कुकुरहरूको चरित्र अपमान सहेर बस्नु हुँदैन भन्ने सत्‌चरित्र रहेको छ । मानिसहरूमा भने दिन रात नभनी घरको सबै काम गरी दिने कुकुरहरूलाई बचेको खान मात्र दिने असत्‌चरित्र रहेको छ ।

## (ई) परिवेश

प्रस्तुत लोककथाको परिवेश लौकिक रहेको छ । यस लोककथामा विशेषत : प्राकृतिक वा लौकिक परिवेशलाई महत्त्व दिइएको छ । कथामा वनजङ्गल, घर आँगन, खेतबारी स्थानगत ग्राम्य परिवेश हुन् । पहिलेको जमानामा पहाडमा बाँदरले मकै खाईदिन्छ भनेर कुकुर मकै कुर्न जान्थ्यो भन्ने प्रसङ्गबाट भौगोलिक रूपमा पहाडि परिवेशको चित्रण रहेको पाइन्छ ।

## (उ) उद्देश्य

'कुकुरको कथा' लोककथाको उद्देश्य नैतिक शिक्षा एवम् मनोरञ्जन प्रदान गर्नु हो । मान्छेले जनावरबाट आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्ने गरेको छ तर मान्छेको स्वार्थ अनुकूल प्रयोग हुने जनावरलाई उसले प्रेम र स्नेह देखाउन सकेको छैन । मान्छेको सबैभन्दा नजिकको साथी बनेर युगौदेखि सहयोग गर्दै आएको कुकुरलाई कलोको रूपमा होइन उसलाई पनि बाँच्नका लागि खाना चाहिन्छ र त्यो उसले गरेको कामअनुसार सम्मानपूर्वक पाउनुपर्दछ भन्ने लोकवासीलाई शिक्षा प्रदान गर्नु नै यस कथाको उद्देश्य हो ।

## (ऊ) भाषाशैली

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ । यस कथाको अभिव्यक्तिगत शैली वर्णनात्मक नै रहेको देखिन्छ । लोककथामा बोलीचालीमा सामान्य बनिसकेको तत्सम, तद्‌भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । विशेषतः तत्सममा प्रायः, वर्ष, तदभवमामा बाँदर, घर र आगन्तुकमा लास्ट जस्ता शब्दहरूको प्रयोग यस लोककथामा भएको पाइन्छ । कथामा नेपाली कथ्य भाषाको प्रभाव अधिक छ । सरल वाक्यगठन, सहज अर्थ सम्प्रेषण र सरस भावमयता, वर्णनात्मकता यस लोककथाको भाषाशैलीगत विशेषता हो ।

## ४.६ मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूको विश्लेषण

प्रस्तुत सन्दर्भमा बारबर्दिया नगरपालिकामा प्रचलित मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरूको विश्लेषण यहाँ गरिएको छ ।

### ४.६.१ आफ्नै कर्म खान्छु लोककथाको विश्लेषण

प्रस्तुत 'आफ्नै कर्म खान्छु' लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं. ११ निवासी थीर बहादुर रावतज्यूबाट सङ्कलन गरिएको हो ।प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को १ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

**(अ) कथानक**

प्रस्तुत 'आफ्नै कर्म खान्छु' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ ।

एकादेशमा एउटा बुढाका सातभाइ छोरा हुन्छन् । सातभाइ छोराहरूलाई बाउले कसको कर्म खान्छौ भनेर सोध्दा कसैले बाउ कसैले आमाको भन्छन् । कान्छो छोराले म त आफ्नै कर्म खान्छु भन्छ । आफ्नै कर्म खान्छु भनेपछि त्यसलाई घरबाट निकाली दिन्छन् । घरबाट निकाला गरी दिएपछि त्यो एउटा बारीमा गएर भाङको डोरी बाटेर जुम्लीको भेडाको घाँटीमा बाँध्छ र जुम्लीसँग मेरो भेडा देख्यौ भनेर सोध्छ । जुम्लीले देखिन बगालमा होला चिनेर लैजा भन्छ । त्यसपछि केटोले भाङको डोरी बाँधेको भेडोलाई मेरो भेडो यही हो भन्छ । जुम्लीले यो भेडा त मेरो हो भन्छ । जुम्लीले अड्डामा जाम न्यायाधीशले जसलाई दिलाई दिन्छ उसैको हुन्छ भन्छ । केटोको शरीरमा कपडा हुँदैन अनि नाङ्गै कसरी जाने न्यायाधीशका अगाडि भन्छ । जुम्लीले आफ्नो पाखी दिन्छ । दुवै जना अड्डामा जान्छन् । अड्डामा पनि केटोले त्यो भेडा मेरो हो घाँटीमा डोरी बाँधेको छ भन्छ । जुम्लीले मेरो हो भन्छ । केटोले अहिले भेडो मेरो हो भनेका छन्, पछि पाखी पनि मेरो हो भन्लान् भन्छ । जुम्लीले भेडो पनि मेरो हो पाखी पनि मेरो हो भन्छ । केटोले लगाएको पाखी पनि मेरै हो भनेपछि जुम्लीका कुरा झुठा ठहर गरी न्यायाधीशले भेडा र पाखी दुवै यही केटाको हो भन्छ । भेडा र पाखी दुवै केटाले लग्छ । भेडा बेचेर घोडा किन्छ । घोडामा बसेर जादै गर्दा नदीको किनारमा आमा छोरी हुन्छन् । आमाले छोरी र मलाई नदी तराई देउ भन्छे । नदी तारिदिन्छु भनेर छोरीलाई घोडामा बसालेर लग्छ । पारी पुगेर आमालाई लिन नआएर छोरी लिएर टाप कस्छ । आमाले ए तेरो नाम क्या हो ? गाउँ कहाँ हो? भन्दा ज्वाइँ मेरा नाउँ तोरी फुल्या गाउँ भनेर एकादेशमा गएर जीविकोपार्जन गरेर बस्छ ।

'आफ्नै कर्म खान्छु' लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । 'आफ्नै कर्म खान्छु' कथाको कथानकमाा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

(क) **आदिभाग**

एकादेशमा एउटा बुढाका सातभाइ छोरा हुनु, बुढाले सातभाइ छोराहरूलाई कसको कर्म खान्छौ भनेर सोध्नु, ६ भाइले कसैले आमाको, कसैले बुबाको कर्म खान्छु भन्नु, कान्छो छोराले भने आफ्नै कर्म खान्छु भन्नु, आफ्नै कर्म खान्छु भनेपछि कान्छो छोरालाई शरीरको कपडा निकालेर धर निकाला गरी दिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

(ख) **मध्यभाग**

घर निकाला गरी दिएपछि केटो भाङ बारीमा जानु, भाङको डोरी जुम्लीके भेडाको घाँटीमा बाँध्नु, जुम्लीलाई मेरो भेडा देख्यौ भनेर सोध्नु, जुम्लीले बगालमा होला चिनेर लैजा भन्नु, घाँटीमा डोरी बाँधेको भेडा मेरो हो भन्नु, जुम्लीले तेरो होइन मेरो हो भन्नु, केटोलाई जुम्लीले आफ्नो पाखी दिएर दुवैजना अड्डामा जानु, अड्डामा गएर केटोले मेरो भेडा हो भन्नु, जुम्लीले मेरो भेडा हो भन्दा केटोले अहिले भेडो मेरो हो भन्छन् पछि पाखी पनि मेरै हो भन्लान् भन्नु, जुम्लीले पाखी र भेडो दुवै मेरो हो भन्नु, न्यायाधीशले भेडा र पाखी दुवै केटाको हो भन्नु र भेडा र पाखी दुवै केटाले लग्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्य भाग मान्न सकिन्छ ।

(ग) **अन्त्यभाग**

भेडो बिक्री गरेर घोडा किन्नु, घोडामा चढेर नदीतिर जानु, नदीको किनारमा आमा छोरी हुनु, आमाले नदी तार्दिन भन्नु, आमालाई पछि लिन आउँछु भनेर छोरीलाई मात्र नदी तारिदिनु, पारी पुगेर छोरीलाई लगेर टाप कस्नु, एकादेशमा गई जीविकोपार्जन गरी बस्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्य भाग मान्न सकिन्छ ।

(आ) **पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ मानवीय पात्रका रूपमा बुढो, बुढोका सातभाइ छोरा न्यायाधीश, जुम्ली, आमा र छोरी रहेका छन् भने मानवेतर पात्रका रूपमा भेडा र घोडा रहेका छन् । यस कथाको मुख्य पात्रको रूपमा बुढोको सातभाइ छोराहरूमध्येको कान्छो छोरो केटो रहेको छ । केटोले आफ्नै कर्म खान्छु भनेर जुम्लीको भेडा र पाखीलाई आफ्नो भनी लगेको खोला तार्दिन्छु भनेर बुढीलाई पछि लिन आउँछु भनी बुढीको छोरीलाई लिएर टाप कसेको जस्ता घटनाक्रमहरूको प्रसङ्गबाटा केटो असत् चरित्रका रूपमा रहेको छ । न्यायाधीशले केटाले भनेकै भरमा विश्वास गरेर सत्य तथ्यको खोजी नगरी जुम्लीको भेडा र पाखी दुवै केटोलाई दिलाईदिनुले न्यायाधीश पनि असत् चरित्रको रूपमा रहेको

छ । जुम्ली भने सामान्य चरित्रका रूपमा देखिएको छ । आफ्नो भेडा र पाखी न्यायाधीशले केटोलाई दिलाईदिदा पनि केही नबोली मौन बसेको छ । मानवेतर पात्र भेडा भने केटोले जुम्लीकको भेडा मेरो भन्ने प्रसङ्गमा आएर अदालतसम्म पुऱ्याइदिने र भेडो बेचेर घोडा किन्न सक्ने बनाइदिएको छ । केटोका दाजुहरू, बुढी छोरी र घोडा गौण पात्रका रूपमा देखिएका छन् । यस लोककथामा पात्र र तिनको चरित्र चित्रण गर्ने पद्धिति वर्णनात्मक रहेको छ ।

### (इ) परिवेश

प्रस्तुत लेककथाको परिवेश लौकिक नै छ । यसमा गाउँ, घर, भाङबारी, अदालत, खोला आदि स्थानिक परिवेशका रूपमा आएका छन् । यस कथामा केटोले अरूलाई ठग्ने काम उसको मानसिकजन्य परिवेश हो ।

### (ई) उद्देश्य

प्रस्तुत लोककथाको उद्देश्य भनेको जो चलाख छट्ट स्वभावको हुन्छ । उसले अरूलाई ठगेर उल्लु बनाएर भए पनि आफ्नो जीवन चलाउन सक्छ भन्ने सन्देश दिनुसँगै मनोरञ्जन दिनु पनि रहेको छ । यस काथको पात्र केटोले जुम्लीलाई ठगेर जुम्लीको भेडो र पाखी लग्नु भेडो बेचेर घोडा किन्नु, बुढीलाई पछि लिन आउँछु भनेर बुढीकी छोरीलाई मात्र खोला तार्दिनु र बुढीकी छोरीलाई लगेर टाप कस्नुजस्ता घटनाहरूले यस लोककथाको उद्देश्यलाई सार्थक बनाएका छन् ।

### (उ) भाषाशैली

प्रस्तुत कथाको भाषा सरल र सहज रहेको छ । यसमा मानक नेपाली भाषाको प्रयोग गरिएको छ भने कथैयिताले घटना र चरित्रको वर्णन गरेको हुँदा कथा वर्णनात्मक शैलीमा आबद्ध रहेको छ । यसमा तत्सम शब्दहरू: कर्म, न्यायाधीश, अड्डा, झुट्टा आदिको प्रयोग भएको छ । यस कथाको आरम्भ लोकशैली “एकादेश....बाट भए पनि अन्त्य चाहिँ लोकशैली सुन्नेलाई सुनको माला.... मा” भने गरिको छैन ।

## ४.६.२ हलीलोककथाको विश्लेषण

प्रस्तुत ‘हली’लोकथा बारबर्दिया नगरपालिकामा प्रचलित मानवका विशेष स्वभाव र प्रवृत्तिको लोककथा हो । यो बारबर्दिया नगरपालिका वडा नं. ७ निवासी सावित्री काफ्लेज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट ‘क’ को १४ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

(अ) **कथानक**

प्रस्तुत लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथको मूल कथासार यस प्रकार रहेको छः

'हली'लोककथामा एकादेशमा बुढाबुढी हुन्छन् । उनीहरूले घरमा काम गर्ने हली राखेका हुन्छन् । घरमा काम गर्न राखेको हलीलाई एकदिन बुढीले आज तँ जोत्न जा, जोतेर चार पाथी तोरी छर, तोरी छरिसकेपछि एक भारी दाउरा र सिकार लिएर आइजा भन्छे । एकैदिन यति धेरै काम लगाउँदा हली रिसाउँदै बारीमा जान्छ । बारी जोत्छ, एक सियामा एक पाथी तोरी फालेर उसले चार सियामा तोरी छरेर सक्छ । हलो जुवा काटेर दाउँरा बनाउँछ । दाउँरा बनाइसकेपछि घरबाट आफूसँगै गएको कुकुरलाई काटेर मासु बोरामा हालेर दाउरा बोकेर घर जान्छ । घर पुगेर मासु बुढीलाई दिन्छ र सुई सुस्केरा हाल्दै थकाइ लाग्यो काम पनि कति लगाउनु हुन्छ बजुले भन्छ । भोक लागेको छ खाना दिनुहोस् भन्छ । मासु कुरेर बसेकी बुढीले तरकारी पकाएकी हुँदैने । अनि मासु पकाउँछु त्यसपछि खालास भन्छे । त्यसपछि हलीले ढिलो हुन्छ । भोक धेरै लागेको छ, दूधभात, घ्यूँति ल्याउँदा हुन्छ भन्छ । बुढीले खाना दिन्छे र हली खाना खाएर सुत्छ बुढीले मासु पकाउँछे अनि हली र बुढालाई खान बोलाउँछे हली सुती राख्छ खादैन भन्छ । बुढाबुढीले मासुभात खान्छन् खाना खाइसकेपछि कुकुरलाई चेचे भन्दै बोलाउँछन् आधाघण्टासम्म पनि कुकुर आउँदैन । हलीले चेचेन सेचेबुढाबुढीले कुकुरको मासु चेते भन्छ । त्यसपछि कुकुरको मासु खाएको हो भन्ने थाहा पाएर बुढाबुढी उल्टी गर्न खोज्छन् । हली डरल ओछ्यानबाट भाग्छ ।

'हली'लोकथाको कथानकमा रहेका घटनाहरूको शृङखलाबद्ध वर्णनछ । 'हली'कथाको कथानकमा रहेका घटनाहरूलाई आदि, मध्य र अन्त्यको क्रममा यसप्रकार हेर्न सकिन्छः

(क) **आदिभाग**

एकादेशमा बुढाबुढी हुनु, बुढीले काम गर्न राखेको हलीलाई एकैदिन जोत्ने, तोरी छर्ने, दाउरा काट्ने सिकार खेल्ने काम लगाउनु, हली हुन्छ भन्दै रिसाउँदै बारीतिर जानुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको आदिभाग मान्न सकिन्छ ।

(ख) **मध्यभाग**

हलीबारीमा पुगेर जोत्नु, चार सियोमा चार पाथी तोरी छर्नु, हलोजुवा काटेर दाउरा बनाउनु, सँगै गएको कुकुरलाई काटेर मासु बनाउनु, दाउरा र मासु लगेर घर जानु र बुढीलाई दिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

मासु बुढीलाई दिएर हलीले भोक लागेको छ बजु मलाई खाना दिनुहोस् भन्नु, मासु पकाउँछु अनि खालास भन्दा नमान्नु, घ्यूँ, अचार भात खाएर हली सुत्नु बुढीले मासु पकाउनु, हलीलाई पनि खान बोलाउँदा हली नउठ्नु, बुढाबुढीले खाना खाइसकेपछि कुकुरलाई चेचे भनेर बोलाउँदा कुकुर नआउनु, हलीले चेचे न सेचे कुकुरको मासु बुढाबुढीले चेते भन्नु, कुकरको मासु भन्ने थाहा पाएर बुढाबुढी उल्टी गर्न लाग्नु, हली भने ओछ्यानबाट भाग्नुसम्मका घटनाक्रहरूलाई यस लोककथाको अन्त्यभाग मान्न सकिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत लोककथामा विभिन्न अभिप्रायहरूको प्रयोग गरिएको छ । यस कथामा बुढी र हली अभिप्रायका रूपमा आएका छन् । बुढीले हलीलाई एकैदिन गर्नै नसक्ने बढी काम लगाएको, हलीले बुढाबुढीलाई कुकुरको मासु खुवाएको र कुकुरको मासु खाएको भन्ने थाहा पाएपछि बुढाबुढीलाई वाक्वाकी लागेको घटनाहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । मानवीय पात्रका रूपमा हली र बुढाबुढी रहेका छन् भने मानवेतर पात्रका रूपमा कुकुर र गोरु रहेका छन् । यस कथाको मुख्य पात्रका रूपमा हली र बुढी रहेका छन् । हलीलाईबुढीले एकैदिन बारी जोतेर, तोरी छरेर, दाउरा र मासु लिएर आइजा भनेर काम लगाएपछि हलीले हुन्छ भन्दै नबोलेर काममा जानुले जतिसुकै गाह्रो काम लगाए पनि केही नबोली चुपचापसँग काम गर्ने सामान्य चरित्रको रूपमा देखिएको भए पनि मान्छेले नखाने कुकुरको मासु बुढाबुढीलाई खुवाएर विश्वासघात गरेकाले असत्चरित्रका रूपमा देखिएको छ । यस कथामा बुढीले हलीलाई एकैछिनमा बढीभन्दा बढी नसक्ने काम लगाएर मानवीय भावना देखाउन नसक्नुले बुढी पनि असत्चरित्रका रूपमा देखिएकी छे । गोरु र बुढा गौण चरित्रका रूपमा कथामा देखिएका छन् ।

**(ई) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक नै रहेको छ । लौकिक परिवेशमा घर, खेतबारी जोत्नु, दाउरा काट्नु आदि आएका छन् । यस कथामा काम गर्ने हली राख्नु, खेतबारी गोरुले जोतेर तोरी छर्नु, दाउरा काट्नु आदि जस्ता कार्यहरूले ग्राम्य परिवेशको चित्रण सफल रूपमा गरेको छ । बुढीले हलीलाई एकै दिन बढीभन्दा बढी गर्नै नसक्ने काम लगाउनु र हलीले हुन्छ भन्दै काम गर्नु जस्ता कुराले राणाकालीन परिवेशको सङ्केत गरेको पनि छ ।

### (उ) उद्देश्य

यस कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुको साथै नोकरलाई नसक्ने काम लगाउनु हुँदैन, मानवीय भावना देखाउन सक्नुपर्दछ भन्ने रहेको छ । नोकरलाई नसक्ने काम लगाउँदा, मानवीययय भावना देखाउन नसक्दा त्यसको प्रतिक्रियाका रूपमा हली वा श्रमिकहरूले मालिकको इच्छा विपरितका काम गरेर मालिकको जीवन नै मरेतुल्य बनाइदिन सक्छन् भन्ने सन्देश दिनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथाको भाषा सरल रहेको छ । स्थानीय क्षेत्रमा प्रचलित भएका फ्वाक, फ्वाक अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ, जसले यस कथालाई स्थानीय कथ्य भाषा अनुकूल बनाएको छ । लोकथामा लोक जीवन स्वतःस्फूर्त अभिव्यक्ति हो । त्यसैले लोककथाको भााषा र शैली सरल र सरस हुन्छ । 'हली'लोककथामा पनि सोही भाषाशैलीको प्रयोग गरिएको छ ।

## ४.७ दैवी लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा बारबर्दिया नगरपालिकामा प्रचलित दैवी लोककथामा 'वनदेवीको शक्ति'शीर्षकको एउटा मात्र लोककथा प्राप्त भएको छ ।'वनदेवीको शक्ति'लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित दैवी लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं ६ निवासी अविनाश विश्वकर्माज्यूबाट सङ्कलन गरिएकोहो ।प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को १२ नं. मा सङ्ग्रहण गरिएको छ ।यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत 'वनदेवीको शक्ति'लोककथामा सरल कथानको प्रयोग गरिको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

'वनदेवीको शक्ति'लोककथामा एकादेशमा दाजुभाइ हुन्छन् । दाजुले भाइलाई लाटी, सोझी केटी बिहे गरी दिएर अंश जति सबै आफूले लग्छ । भाइ गरिब भएकाले तरुल खनेर आफ्नो जीविकोपार्जन गर्छ । एकदिन जङ्गलमा तरुल खन्दाखन्दै रात पर्छ र घर कसरी जाने होला भनेर त्यो रुन थाल्छ । यतिकैमा त्यहाँ वनदेवी उत्रीन्छिन् । वनदेवीले बाबु तिमी किन रोएको भनेर सोध्छिन् । सोधेपछि उसले प्रभू ! म एउटा गरिब मान्छे हुँ । तरुल खन्दाखन्दै यत्रो आधा रात भइसक्यो कसरी जाम मेरा केटाकेटीहरू भोकले मरे हेलान भन्छ । सबै सुनिसकेपछि वनदेवीको मनमा दया जाग्छ र वनदेवीले भाइ चाहिँलाई जादुको छडि महाजाल दिन्छिन र घर गएर यसलाई हान्नुभन्दा अगाडि घर बराल्नु अनि हरियो गोबरले लिपेर तीनपटक मात्र हान्नु मागेको पुग्छ भन्छिन् । घर गएर वनदेवीले भनेअनुसार गरेर तीनपटकसम्म जादुको छडि महाजाल हान्छ ।

त्यसपछि उसको घर रानीमहल बन्छ, कोठाभरी धन र अन्न हुन्छन् । त्यसपछि दुहुनो गाई, भैँसी, बाखा सबै भएर भाइ रातारात धनी हुन्छ । भाइ रातारात धनी भएको देखेर दाइ छक्क पर्छ र उसलाई जलन हुन्छ दाइले भाइलाई भाइ योके भयो ? तेरो यत्रो सम्पत्ति कसरी भयो ? भनेर सोध्छ । भाइले तरुल खान्दा खन्दै रात परेको घर फर्कन नसकेर रोएको, वनदेवीले जादूको छडी दिएर, तीनपटक हान्दा यस्तो भएको भनेर सबै कुरा सुनाउँछ । भाइको सबै कुरा सुनी सकेपछि दाइ पनि जङ्गलमा तरुल खन्न जान्छ । तरुल खन्न लाग्दा रात कतिबेला होला भन्दै खन्छ र रात परेपछि रुन्छ । उसलाई पनि वनदेवी आएर किन रोएको भनी सोध्छिन् । तरुलबाट जीवन चलाउँथे । आज रात पऱ्यो बालबच्चा भोकले मरे होलान् भनेर रोएकोभन्छ । उसलाई पनि जादुको छडि दिएर तीनपटक मात्र हान्नु मागेको पुग्छ भन्छिन् । दाइ चाहिँको एउटा आदत बालैसित्ति भन्ने हुन्छ । घर गएर पहिलोपटकछडि हान्छ र मेरो घर मेरो भाइको भन्दा राम्रो बनाइदेऊ बालैसित्ति भन्छ, भाइको भन्दा ठूलो घर बन्छ तर घरभरि रौ मात्र उम्रिन्छन् । घर भरि रौँ उम्रिएपछि दोस्रोपटक यो घरमा भएका सम्पूर्ण बाल लैजा भनेर हान्छ । त्सपछि उसको श्रीमती र छोराछोरीहरूको सबै रौं लगेर उनीहरू चिल्लै हुन्छन् । त्यसपछि श्रीमतीले बुढा कपाल त माग्नुपर्थ्यो सबै चिल्लै भयो भन्छे । एउटाछडि मात्रहुन्छ । आफ्नो, श्रीमतीको बालबच्चाको मात्र कपाल आइज भनेर हान्छ । अनि ऊ पहिले जस्तो अवस्थामा थियो त्यस्तै हुन्छ । डाहा गरेर हुने रैनछ भनेर बुद्धि खुल्छ अनि भाइसँग माफी मागेर मिलेर बस्छ ।

'वनदेवीको शक्ति'लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । 'वनदेवीको शक्ति'कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

एकादेशमा दाजुभाइ हुनु, दाजुले भाइलाई अंशमा ठगेर अंश लटपटाएर हुनेखाने भएर बस्नु, भाइले भने तरुल खनेर जीविकोपार्जन गर्नु, एकदिन तरुल खन्दाखन्दै जङ्गलमा रात परेर भाइ रुनु, रोएको सुनेर वनदेवी उत्रीएर किन रोएको भन्नु, भाइले घर कसरी जाने मेरा छोराछोरी भोकले मेरे होलान भनेर रोएको भन्नु त्यसपछि वनदेवीले तीनपटक मात्र हान्नु मागेको पुग्छ भनेर जादुको छडी दिनुसम्मका घटनाहरूलाई यस लोककथाको आदि भाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

जादुको छडी लगेर भाइ घर जानु, पहिलोचोटि मेरो घर रानी महलहोस् भनेर हान्नु, घर रानीमहल बन्नु, दोस्रोपटक कोठाभरी धन र अन्न माग्नु, त्यसपछि जतातत्तै धन अन्न हुनु, तेस्रो पटक पशपक्षी चौपाया होस् भनेर हान्नु, गोठभरी टन्न गाई, भैँसी हुनु, भाइ रातारात धनी भएपछि दाजुलाईजलन भइ कसरी भइस् भन्नु, भाइले सबै कुरा भन्नु, दाजु तरुल खन्न जङ्गल जानु, रातपरेपछि रुनु, वनदेवी उत्रीएर त्यसलाई पनि जादुको छडि दिएर पठाउनुसम्मका घटनाक्रमहरूलाई यस लाकेकथाको मध्य भाग मान्न सकिन्छ ।

### (ग) अन्त्यभाग

जादुको छडि लगेर दाजु घर जानु, उसको आदत बालैसिति भन्ने हुनु, घर पुगेर पहिलो चोटि छडि हान्दा मेरो भाइको भन्दा ठूलो घर बनाइदेउ बालैसित्ति भन्नु, घर त बन्नु तर जतातितै रौं भएको घर बन्नु, दोस्रो पटक घर भरीको रौं हटाइदेउ भन्नु श्रीमती, छोराछोरी र आफ्नो सबै कपाल हराउनु, तेस्रोपटक आफ्नो, श्रीमती र छोराछोरीको मात्र आइज भन्नु, त्यसपछि पहिलेकै अवस्थामा पुग्नु र भाइसँग माफी मागेर बस्नु सम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्यभाग मान्नसकिन्छ ।

### (आ) अभिप्राय

प्रस्तुत लोककथामा विभिन्न अभिप्रायको प्रयोग भएको छ । वनदेवी, जादुको छडि, भाइको प्रगतिमा दाजुको जलन अभिप्रायका रूपमा आएका छन् । गरिब भाइ जङ्गलमा तरुल खन्न गएको बेला वनवदेवीले जादुको छडि दिएको, जादुको छडि तीनपटक हान्दा भाइ धनी भएको, भाइ धनी भएको देखेर जलन भई दाजुपनि जङ्गलमा तरुल खन्न गई वनदेवीले दिएको जादुको छडि तीनपटक हान्दा पनि पहिलेकै अवस्थामा पुगेको घटनाहरू यस लोककथामा आएका अभिप्रायहरू हुन् ।

### (इ) पात्र

प्रस्तुत लोककथामा मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको छ । मानव पात्रअन्तर्गत दाजु, भाइ, दाजुभाइका श्रीमती र छोराछोरीहरू रहेका छन् । मानवेतर पात्रको रूपमा दैवी पात्र वनदेवी रहेकी छिन् यस कथामा प्रमुख पात्रको रूपमा दैवी पात्र बनदेवी रहेकी छिन् भने सहायक पात्रका रूपमा दाजुभाइ रहेका छन् । वनदेवी आर्थिक रूपमा केही पनि नभएको गरिब भाइलाई जादुको छडि दिइ घर, महल, धन सम्पत्ति भएर भाइको जीवन शैलीमा धेरै परिवर्तन ल्याउन सफल भूमिका निर्वाह गरेकी सत्चरित्र भएकी पात्र हुन् । भाइ दाइले धनसम्पत्ति आफूले मात्र लग्दा पनि केही भन्न, प्रतिकार गर्न नसक्ने अफ आफूलाई वनदेवीले जादुको छडि दिएर धनी भएको कुरा सबै दाइलाई भन्ने एकदमै सोफो अरूको कुभलो नचाहने चुपचाप बस्ने सामान्य चरित्रका रूपमा रहेको छ । दाजुमा भएको सबै सम्पत्ति आफूले लटपटाएर भाइलाई अंशमा ठग्ने, भाइ धनी हुँदा भाइको डाहा गरेर जङ्गल तरुल खन्नसम्म पुग्ने रिस डाहा भएको असत्चरित्र रहेको छ। दाजुभाइका श्रीमती र छोराछोरीहरू भने गौण पात्रका रूपमा आएका छन् ।

### (ई) परिवेश

प्रस्तुत लोककथाको परिवेश लौकिक र अलौकिक दुवै रहेको छ । लौकिक परिवेशका रूपमा गाउँघर, वनजङ्गल, गाई, भैंसी, बाखा रहेका छन् । अलौकिक परिवेशका रूपमा तरुल खन्दा खन्दै जङ्गलमा वनदेवी उत्रीएर जादुको छडि दिएको र त्यो जादुको छडि तीनपटकसम्म हान्दा मागेको सम्पूर्ण कुराहरू पूरा भएको घटना कथामा अलौकिक परिवेशका रूपमा आएको छ । यस

कथामा दाजुले भाइलाई सम्पत्ति नदिएर आफूले मात्र लग्नु रवनदेवीको शक्तिले भाइ धनी हुँदा रिस डाहा गरी जङ्गल तरुल खन्नसम्म पुग्नु उसको मानसिकजन्य परिवेश हो । यस कथामा ग्राम्य परिवेशको शसक्त रूपमा चित्रण गरिएको छ । समग्रमा एउटा लोककथाको लागि आवश्यक पर्ने लौकिक र अलौकिक दुवै परिवेश यसमा रहको छ ।

### (उ) उद्देश्य

प्रस्तुत 'वनदेवीको शक्ति'लोककथामा समाजको जीवन पद्धति देखाउनु, मनोरञ्जन र कौतूहलता प्रदान गर्नु यस कथाको उद्देश्य रहेको छ । दाजुभाइ आपसमा रिस डाहा नगरी मिलेर बस्नुपर्छ । सोझो छ भन्दैमा भएभरको अंश बाठोले लगेर दुः ख दिनु हुँदैन भन्ने सन्देश दिनु नै यस कथाको मुख्य उद्देश्य रहेको छ । कोही नहुनेको भगवान हुन्छन् सधैँ सत्कार्य गर्नुपर्दछ जस्ले सत्कार्य गर्छ । उसलाई भाग्यले खोज्दै आउँछ भन्ने भाग्यवादी धारणा बोकेको प्रस्तुत कथाले रिस डाहा त्यागेर धैर्य इमानदार र लगनशीलताका साथ काम गर्नुपर्दछ भन्ने नीति शिक्षा दिदै मनोरञ्जन पैदा गरेको छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ । अन्य लोककथामा झै प्रस्तुत लोककथामा पनि कथयिताले घटना र चरित्रको वर्णन गरेको हुँदा कथा वर्णनात्मक शैलीमा आबद्ध रहेको छ । प्रस्तुत लेककथामा तत्सम शब्दका रूपमा माता, पिता तद्भव शब्दका रूपमा साँझ, घर आदि शब्दहरूकथामा प्रयोग भएका छन् ।

## ४.८ फलफूका लोककथाहरूको विश्लेषण

प्रस्तुत सन्दर्भमाबारबर्दिया नगरपालिकामा प्रचलित फलफूलका लोकथको विश्लेषण यहाँ गरिएको छ ।

### ४.८.१ फर्सी लोककथाको विश्लेषण

प्रस्तुत 'फर्सी' लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित फलफूलका लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं. ७ निवासी टिका गौतमज्यूबाट सङ्कलन गरिएको छ । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को ९ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

## (अ) कथानक

प्रस्तुत 'फर्सी' लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको कथासार यस प्रकार रहेको छ :

एकादेशमा निःसन्तान रहेका बुढाबुढी हुन्छन् । उनीहरूको साहारा कोही हुँदैन । बुढो बारी जोत्न गएको बेला बुढीले खाजा बनाउँछे । खाजा पुऱ्याइ दिने कोही पनि नहुँदा बुढी दुःखी हुन्छे । त्यही बेला घरको छानामा रहेको फर्सी ले आमा रोटी बान्देउम पुऱ्याई दिन्छु भन्छ । रोटी लगेर बुढोलाई दिन्छ । फर्सी ले बारी जोत्छ । केही समयपछि बुढाबुढीले फर्सी को बिहे गरिदिने सोच्छन् ।फर्सीर बुढो सात बहिनी छोरी भएका घरमा केटी माग्न जान्छन् । कसैले पनि फर्सी सँग बिहे गर्न मान्दैनन् । कान्छीले म गर्छु भन्छे । बिहे हुन्छ । बिहे पछि दुलहन फर्काउन आउँदा लेकमा काफल पाकेको हुन्छ । फर्सीरूखबाट खस्छ र धपधप बल्ने राजकुमार बन्छ । त्यसपछि उनीहरू माइत जान्छन् । माइतमा सबैजना रिसाउँछन् । फर्सीसँग बिहे गरिदिएकोकोसँग आइस भनेर । सबै कुरा भनेपछि ज्वाइँ रहेछ भनेर विश्वास गर्छन् । त्यसपछि दिदीहरू फर्सी सँग बिहे नगरेकोमापछुताउँछन् । दिदीले बहिनीलाई पानी लिन जाम भनेर पधेरामा लग्छे र उसका सबै लुगा गरगहना आफूले लगाएर पधेरोमा धकेलेर मारिदिन्छे । ज्वाइँले खोई बहिनीभन्दा मै हुँ भनेर जबरजस्ती ज्वाइँसँग घर जान्छे । आफ्नी श्रीमती होइन भन्ने थाहा पाएर श्रीमतीको पीरले गोठमा बस्छ । श्रीमती बाँस बनेर उम्रन्छे । एकदिन कामीले बाँसुरी लिएर राजा बस्ने गोठमा आउँछ । बाँसुरी बजाउँदा मेरो श्री आफू साइको भैंसी गोठ म त कामी हात भन्छे । सधैँ बाँसुरी बजाउँदा त्यस्तै भन्छे र राती खाना बनाएर राखी दिन्छे अनि बाँसुरी भित्र गएर बस्छे । आफू भने कति गर्दा पनि राजासँगभेटिदैने । श्रीमतीलाई नभेटाएपछि बाँसुरी काटेर फाल्छन् र फर्सीराजा एक्लै बस्छन् ।

फर्सीलोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । फर्सीकथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

### (क) आदिभाग

एकादेशमा बुढाबुढी हुनु, उनीहरूको छोराछोरी कोही नहुनु, बुढो बारी जोत्न जानु, बुढीले रोटी पकाउनु, छानामा रहेको फर्सी ले आमा म रोटी पुऱ्याई दिन्छु भन्नु, फर्सी ले रोटी पुऱ्याई दिएर बारी जोत्नु, बुढो र फर्सीकेटी माग्न जानुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको आदि भाग मान्न सकिन्छ ।

### (ख) मध्यभाग

केटी माग्न सात बहिनी भएका घर पुग्नु, फर्सी सँग नि कसले बिहे गर्छ भन्दै ६ बहिनीले बिहे गर्न नमान्नु, कान्छीले म गर्छु भन्नु र बिहे हुनु, बिहे पछि दुलहन फर्काउन जाँदा काफल टिप्दा रूखबाट खसेर फर्सीमान्छे बन्नु, माइतमा सबै दिदीहरू फर्सी सँग बिहे नगरेकोमा

पछुताउनु रबहिनीलाई पधेरामा धकेलेरमारिदिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्य भाग मान्न सकिन्छ ।

(ग) **अन्त्यभाग**

बहिनीलाई मारेर दिदी ज्वाइँसँग घर आउनु, आफ्नी श्रीमती होइन भन्ने थाहा पाएर राजा एक्लै गोठमा बस्नु, मरेकी श्रीमती बाँस बनेर उम्रनु, कामीले राजाकोमा बाँसुरी लिएर आउनु, बाँसुरी बजाउँदा श्रीमतीले मेरो साइ भैसीँ गोठ, म कामी हात भन्नु, राजालाई खाना बनाई दिनु बाँसुरीभित्र पस्नु, राजाले श्रीमतीलाई खोजेर नभेटाएरपछि बाँसुरी काटेर एक्लै बस्नुसम्मका घटनाक्रमलाई यस लोककथाको अन्त्य भाग मान्न सकिन्छ ।

(आ) **अभिप्राय**

प्रस्तुत लोककथामा विभिन्न अभिप्रायहरूको प्रयोग गरिएकोछ। यस कथामा फर्सी ले बुढालाई बारीमा खाजा लगी दिनु, बारी जोती दिनु, मागी बिहे गर्नु, फर्सीले काफल टिप्नु, फर्सीफुटेर मान्छे बन्नु, फर्सीमान्छे भएपछि दिदीहरूलाई जलन भएर कुवामा धकलेर बहिनीलाइ मार्नु, फर्सी की श्रीमती मरेपछि बाँस बनेर उम्रनु, मरिसकेकी श्रीमती रातीमा आई श्रीमान्को स्याहार सुसार गरेर बाँसरीभित्र पस्नु जस्ता घटनाहरू यस लोककथामा अभिप्रायका रूपमा आएका छन् । यस लोककथामा प्रयोग भएका अभिप्रायहरूले लोककथालाई रहस्यमयी बनाउनुका साथै कथनकमा स्वैरकल्पनालाई देखाएका छन् ।

(इ) **पात्र**

'फर्सी'लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रको प्रयोग गरिएको छ । मानव पात्रका रूपमा बुढाबुढी, बुढीका सातवटी छोरीहरू र कामी रहेका छन् । मानवेतर पात्रको रूपमा फर्सी रहेको छ । फर्सीयस कथाको प्रमुख पात्र हो । फर्सी को केन्द्रविन्दुमा नै यस कथाको कथानक अगाडि बढेको छ । फर्सी सुरुदेखि अन्तिमसम्म रहेको छ । फर्सी ले निःसन्तान बुढाबुढीलाई छोरो बनेर सहारा दिएको छ । मानवेतर पात्रमा पनि मानवीय गुण र स्वभाव प्रत्यारोपण गरिएको फर्सीसत्चरित्रका रूपमा रहेको छ । फर्सी को श्रीमती भने सबै दिदीहरूले फर्सी सँग पनि कसले बिहे गर्छ भन्दै उपहास गर्दा उसले म गर्छु भनेर फर्सी को श्रीमती बनेर सत्चरित्रका रूपमा देखिएकी यस कथाकी सहायक पात्र हो । बुढाबुढीले फर्सी लाई छोराको रूपमा पाएपछि खुसी भएका छन् । फर्सी को मागी विवाह गरी दिएर अभिभावकको कर्तव्य पूरा गरी दिनेसत्चरित्रका रूपमा देखिएका छन् । उनीहरू यस कथाका सहायक पात्र हुन् । फर्सी कोश्रीमतीका दिदीहरूले बहिनीको डाहा गरी बहिनीलाइ मारेकाले असत्चरित्रका रूपमा देखिएका छन् । सार्की र फर्सी को सासू यस कथाका गौण पात्रका रूपमा देखिएका छन् ।

### (ई) परिवेश

प्रस्तुत लोककथाको परिवेश सामाजिक जनजीवनसँग जोडिएर आएको लौकिक नै रहेकोछ । लौकिक परिवेशका रूपमा गाउँ, घर, गोठ, खेतबारी, रूखबिरुवा रहेका छन् । लेक, काफल, पधेरो, गाउँ, घर, गोठ हुनुले भौगोलिक हिसाबले पहाडिया ग्राम्य परिवेशको सेरोफेरोमा यस कथाका घटनाहरू अगाडि बढेको देखिन्छ । मागी बिहे गर्नु सांस्कृतिक परवेशको रूपमा आएको छ ।

### (उ) उद्देश्य

प्रस्तुत लोककथाको मुख्य उद्देश्य भनेको जसले अरूको उपहास र डाह गर्छ उसको कहिल्यै पनि उन्नति प्रगति हुँदैन, उसको पश्चताप गर्ने दिन अवश्य आउँछ भन्ने सन्देशसँगै मनोरञ्जन दिनु रहेको छ । यस लोककथामा फर्सी को उपहास गरेर उसँग बिहे नगरेका दिदीहरू फर्सी को रूप परिवर्तन भएर धपधप बल्ने राजकुमार भएपछि बिहे नगरेकोमा पश्चतापमा परेका र बहिनीलाईमारेर ज्वाइसँग बिहे गरी सँगै बस्न नपाएको घटनाले यस लोककथाको उद्देश्य सार्थक बनाएको देखिन्छ ।

### (ऊ) भाषाशैली

प्रस्तुत लोककथाको भाषा सरल, साहज र समान्य बोलीचालीको कथ्य भाषा रहेको छ। यसको शैली वर्णनात्मक भएता पनि केही ठाउँमा भने गीति शैलीको पनि प्रयोग भएको पाइन्छ । यस कथामा स्थानीय नेपाली कथ्य भाषाको प्रभाव अधिक छ । फर्सी , फुर्लुङ, फुर्लुङ गर्दै तल खौलामा पर्यो, काफल टिपेर ओर्लिने बेलामा बुद्रुङ्ग खसेर फर्सीप्याट्टै फुटेच, बहिनीलाई त्यो कुवामा भूत्त धकेल्दिच, बाँसुरीलाई काटकुट पारेर थिचथाच पारेर उडाएर एक्लै बस्यो आदि प्रस्तुत लोककथाको आरम्भ लोकशैलीमा भए पनि अन्त्य भने लोकशैलीमा भएको छैन ।

## ४.८.२ सरसिउँको कोसो लोककथाको विश्लेषण

प्रस्तुत सरसिउँको कोसो लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित फलफूलका लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं. निवासी टीका गौतमज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट ‘क’ को १३ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको मूल कथासार यस प्रकार रहेको छ :

सरसिउँको कोसो लोककथामा एकादेशमा बुढो र बुढोको एउटा छोरो हुन्छ । बुढोको छोरालाई केटी माग्न जान्छन् । केटी माग्न जाँदा बाटोमा कही नफुटाउन भनेर सरसिउँको कोसो दिन्छन् तर सरसिउँको कोसो बाटैमा लोटेर फुट्छ अनि रानी पैदा भएर पानी भन्दा भन्दै मर्छे । त्यसपछि अर्को कोसो लिन जान्छ त्यो सरसिउँको कोसो घरमा लगेर फुटाल्दा फेरि पनि रानी पैदा हुन्छिन । पानी खान दिएपछि रानी बाँच्छिन । त्यसपछि बिहे गर्नको लागि पधेरा नजिकै रूखमा छोडेर जन्ती लिन घर जान्छन् । जन्ती लिन घर गएको बेला पधेरोमासर्केनी आउँछे । सर्किनीले सधैँ पानी बोक्ने गाईको छालाको थैलोमा पानी भरेर थैलो ठटाउँछे । त्यो थैलो ड्याम्ड्याम् बजेको सुनेपछि रूखमाथिबाट रानी खितिति हाँस्छिन् । सर्केनीले रानीलाई रूखमाथि बसेको देखेपछि तल ओराल्छे र कुवामा धकेलेर मार्छे । रानीलाई मारेर सर्केनी रूखमाथि गएर बस्छे । रानी बाँस भएर उम्रिन्छिन् । त्यसपछि घरबाट जन्ती आएर सर्केनीलाई रानी भनेर भूइँमा ओराल्छन् । ओरालेर किन काली भयौं रानी भन्छन् । सर्केनीले घामले डढेर भन्छे । त्यसपछि घाँटीमा के भएको भनेरसोध्छन् । आमाले कसार ल्याइदिएकी थिइन् त्यही अड्केर गार आएको भन्छे । अनि सर्केनीलाइ बिहे गर्नको लागि डोलामा हाल्छन् । त्यपछि मरेकी रानीले राईको छोरा रानी कुवा भरी, सर्केनी राडी डोला भरि भन्छिन् । राजाले नबुझेर के भन्छ यो डोलाले भन्छन् । सर्केनीले गुर्का डोला गुर्काभन्छे । रानीले भन्दाभन्दै सर्केनीलाई डोलामा हालेर लग्छन् । पर पुगेर हेर्दा सर्केनीलाई रानीले विष छोड्दिएर सर्केनी मरिसकेकी हुन्छे । रानी मरेको थाहा पाएपछि अब फेरि माग्न जाम भने दिने छैनन् के गर्ने होला भनेर सोच्दै बस्छन् । मरेकी रानीले रातीमा जागेर खानपिन बनाइदिने सबै काम गर्दिने गर्छिन् । रानीलाई कसैले पनि समात्न सक्दैनन् । गोठको माउ भैँसीले समात्छ अनि राजा रानी घरजम गरेर बस्छन् ।

सरसिउँको कोसो लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । सरसिउँको कोसो कथाको कथानकमा रहेका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छ :

**(क) आदिभाग**

बुढोको एउटा छोरो हुनु, केटी माग्न जाँदा सरसिउँको कोसो बाटोमा नफुटएर घरमा लगेर फुटाउन भनेर दिनु, सरसिउँको कोसो बाटैमा फुटेर पानी भन्दा भन्दै रानी मर्नु फेरी माग्न जानु, फेरी मागेर ल्याएको कोसो घरमा लगेर फुटाल्दा रानी पैदा हुनु, बिहे गर्नको लागि रानीलाई पधेरा नजिकै रूखमा राखेर घरमा जन्ती लिन जानुसम्मका घटनाक्रमलाई यस लोकथको आदि भाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

गाईकोछालाको थैलो लिएर सर्केनी पानी ल्याउन पधेरोमा आउनु, थैलोमा पानी भरेर ठटाउँदा रूखमा बसेकी रानी हाँस्नु, रानीलाई तल ओरालेर कुवामा मारेर सर्केनी रूखमा चढ्नु, जन्ती आएर सर्केनीलाई तल ओराल्नु, सर्केनीलाई किन काली भयौं भन्दा घामले डढेर भन्नु,

घाटीमा के भयो भन्दा आमाले ल्याइदिएको कसार खादा अड्किएर गाड आएको भन्नु, डोलीमा राखेर लग्दा मरेकी रानीले सर्केनीलाई विष छरेर मार्दिनुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्य भाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

रानी मरेपछि राजा एक्लै हुनु, मरेकी रानीले राती आएर खाना बनाउनु, स्याहार, सुसार गर्नु को रैछ यो सबै गर्ने भनेर समात्न खोज्दा कसैले पनि समात्न नसक्नु, अन्तमा गोठको माउ भैँसीले समात्नु र रानीलाई ल्याएर घरजम गरेर बस्नुसम्मका घटनाक्रमहरूलाई यसलोककथाको अन्त्य भाग मान्न सकिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत लोककथमा विभिन्न अभिप्रायको प्रयोग भएको छ । ययस कथामा सरसिउँको कोसो, रानी र माउ भैँसी अभिप्रायका रूपमा रहेका छन् । सरसिउँको कोसोबाट रानी जन्मनु, रानी मरेपछि बाँस बन्नु मरिसकेकी श्रीमतीले रातीमा आई श्रीमान्को स्याहारसुसार गर्नु र मरेकी रानीलाई भैसीले समात्नुजस्ता घटनाहरू यस लोककथामा अभिप्रायका रूपमा रहेका छन् ।

**(इ) पात्र**

प्रस्तुत लोककथामा मानवीय र मानवेतर पात्रको प्रयोग गरिएको छ । मानवीय पात्रमा बुढो, बुढोको छोरो, सर्केनी र जन्तीहरू रहेका छन् । मानवेतर पात्रको रूपमा सरसिउँको कोसो, माउ भैँसी रहेका छन् । मानवीय पात्र बुढोको छोरो र मानवेतर पात्र सरसिउँको कोसो यस लोककथाका मुख्य पात्रका रूपमा रहेका छन् । यस कथाको मुख्य पात्र बुढाको छोरोले बिहे गर्नको लागि सरसिउँको कोसो मागेर ल्याएर घरसम्म नपुऱ्याई बाटैमा फुटेर रानी पैदा भई मर्नुले ऊ हेलचक्र्याइँ गर्ने असचेत पात्रका रूपमादेखिएको छ भने फेरी अर्को सरसिउँको कोसो मागेर घरसम्म पुऱ्याइ रानी पैदा भएर बिहे गर्न नपाइ सर्केनीले मारेको र पछि फेरि त्यही मरेकी रानीसँग घरजम गरी बस्न पाएको घटनाबाट केही समय दुःख पीर भोग्नु परेपनि पछि सत्चरित्र भएको भाग्यमानी चरित्रका रूपमा रहेको छ । सरसिउँको कोसो भने आफूलाई मार्ने सर्केनीलाई पनि मारेर प्रतिकार गर्न सक्ने अद्भूत कार्य गर्न सक्ने साहसी चरित्रका रूपमा रहेकी छे । मरेर पनि आफ्नो लोग्नेको स्याहरसुसार गर्न सक्ने, अद्भूत चरित्रसँगै सत्चरित्रका रूपमा रहेकी छे । सर्केनी रिस डाह गर्ने खल चरित्रका रूपमा रहेकी छे । बुढो र जन्तीहरू गौण पात्रका रूपमा रहेका छन् ।

**(इ) परिवेश**

प्रस्तुत लोककथाको परिवेश लौकिक नै रहेको छ । लौकिक परिवेशका रूपमा घर, बाटो, पानी, भर्ने ठाउँ कुवा, रूख, गोठ, भैँसी रहेका छन् । यस लोककथामा ग्राम्य परिवेशको चित्रण

पाइन्छ । बिहे गर्नको लागि रससिउको कोसो माग्न जानु, दुलहीलाई डोलीमा हाल्नुजस्ता प्रसङ्गहरूले सांस्कृतिक परिवेशलाई देखाएको छ । सर्केनीमा रहेको रिस डाहाले मानसिकजन्य परिवेशको चित्रण गरेको छ ।

### (ई) उद्देश्य

प्रस्तुत लोककथाको उद्देश्य कुनै पनि काम गर्दा एकदमै सचेततापूर्वक गर्नुपर्दछ भन्ने सन्देशसँगै मनोरञ्जन दिनु पनि रहेको छ । यस लोककथामा बिहे गर्नको लागि सरसिउँको कोसो मागेर ल्याउँदा पहिलोपटक ल्याएको बाटैमा फुटेर रानी पैदा भएर मरेको र दोस्रो पटक ल्याएको बाट रानी पैदा भई रानीलाईएक्लै रूखमा छोडेर जन्ती लिन जाँदा सर्केनीले रानीलाई मारेको प्रसङ्गले नै यस लोककथाको उद्देश्य सार्थक बनाएको देखिन्छ । रानीलाई मारेर आफूले बिहे गर्छु भन्ने सोचेर दुलही बनेकी सर्केनीले पनि मर्नु परेको प्रसङ्गले अरूको रिसडाह गर्नेको कहिले पनि उन्नति प्रगति हुँदैन भन्ने सन्देश पनि दिएको छ ।

जस्तो कार्य गर्‍यो त्यस्तै फल मिल्छ जस्तो चरित्र रहन्छ । त्यस्तै परिणति भोग्नुपर्छ भन्ने नैतिक कथन पाठकलाई सम्प्रेषित गर्नु नै यस लोककथाको मूल उद्देश्य रहेको छ ।

### (उ) भाषाशैली

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । यसमा तत्सम शब्दहरू : जन्ती, विष आदिको प्रयोग भएको छ भने तद्भव शब्दहरू : बाँसुरी, बाँस, घाँटी आदिको प्रयोग गरिएको छ । यसको आरम्भ लोकशैलीमा भए पनि अन्त्य चाहिँ लोकशैलीमा भएको छैन ।

## ४.९ धार्मिक लोककथाको विश्लेषण

प्रस्तुत सन्दर्भमा बारबार्दिया नगरपालिकामा प्रचलित धार्मिक लोककथामा 'एकादशी व्रत' शीर्षकको एउटामात्र लोककथा प्राप्त भएको छ । 'एकादशी व्रत'लोककथा बारबर्दिया नगरपालिकामा प्रचलित धार्मिक लोककथा हो । यो कथा बारबर्दिया नगरपालिका वडा नं. ७ निवासी सावित्रा काफ्लेज्यूबाट सङ्कलन गरिएको हो । प्रस्तुत कथालाई यसै शोधको परिशिष्ट 'क' को २ नं. मा सङ्ग्रहण गरिएको छ । यो लोककथालाई लोककथाका प्रमुख तत्त्वहरू कथानक, अभिप्राय, पात्र वा चरित्र, परिवेश, उद्देश्य, र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

### (अ) कथानक

प्रस्तुत लोककथामा सरल कथानकको प्रयोग गरिएको छ । आदि, मध्य र अन्त्यमा विकसित यस लोककथाको कथासार यस प्रकार रहेको छ :

'एकादशी व्रत'लोककथामा एकादेशमा लोग्नेस्वास्नी हुन्छन् । स्वास्नी सधैँ एकादशीको व्रत बस्ने गर्छे । लोग्नेले भने उज्यालो हुने बित्तिकै खाना खान्छ । एकादशीको व्रत परेको दिन लोग्नेससुराली जान्छु भन्छ । स्वास्नीले मेरो माइतमा एकादशीको दिन आगो फुक्दैनन् । हजुर भोकले आत्तिनु हुन्छ अर्कोदिन जानुहोला भन्छे । स्वास्नीले भनेको कुरा नमानेर जे पो होला भन्दै ससुराली जान्छ । ससुरालीमा घाम जति माथि निक्लन्छ त्यसलाई भोकले छट्पटाई रहन्छ । उसलाई भोकले बेसरी मुर्छा पार्छ अनि सासुसँग मलाई खान दिनुहोस् अब म भोक खटाउन सक्दैन भन्छ । सासुले एकादशीको दिन हाम्रोमा आगो पनि फुक्दैनम, डिगालाई खान नि दिदैनम भन्छे । घामडुब्ने बेला भोक खटाउन नसकेर त्यो त्यही मर्छ । मरेपछि यमराज आएर त्यसलाई लगेर जान्छ आजसम्म कति ओटा एकादशीको व्रत बसिस् भनेर सोध्छ । म कत्ति पनि बसेन, मैले भोक खटाउन सक्थेन भन्छ । व्रत नबसेको कारण त्यसलाई नर्कमै छोडेर जान्छ । स्वर्ग जान नपाएपछि लोग्नेले सपनामा स्वास्नीसँग रुदै छटपटिदै व्रत नबसेको कारण म स्वर्ग जान पाएन आजसम्मको व्रत मलाई देऊ म स्वर्ग जान्छु त्यसपछि आजका दिनदेखिआफ्नो लागि व्रत बस भन्छ । स्वास्नीले हुन्छ भनेर लोग्नेलाई व्रत दिन्छे । यो कुरा यमराजले थाहा पाएर लोग्नेलाई स्वर्गतिर लग्छ । श्रीमती आफ्नो लागि व्रत बसेर धर्म कर्म गर्दै बस्छे ।

'एकादशी व्रत'लोककथाको कथानकमा रहेका घटनाहरूको शृङ्खलाबद्ध वर्णन छ । 'एकादशी व्रत'कथाको कथानकमा रेहका घटनाहरूको आदि, मध्य र अन्त्यको क्रम यस प्रकार छः

**(क) आदिभाग**

एकादेशमा लोग्ने स्वास्नी हुनु, स्वास्नी सधैँ एकादशीको व्रत बस्नु, लोग्नेले सधैं बिहानै खाना खानु, एकादशीको दिन स्वास्नीलाई लोग्नेले ससुराली जान्छु भन्नु, आज हाम्रो माइतमा आगो फुक्दैनन्,हजुरले भोक खटाउन सक्नुहुन्न अर्कोदिन जानुहोला भनेर भन्नु, स्वास्नीको कुरा नमानेर लोग्ने ससुराल जानुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको आदि भाग मान्न सकिन्छ ।

**(ख) मध्यभाग**

श्रीमान् ससुराल गइसकेपछि घाम माथि निक्लिएसँगै भोकले छट्पटिनु, उसलाई भोकले मुर्छा पारेर सासुसँग खाने कुरा माग्नु, सासुले आज एकादशीको दिन हाम्रोमा आगो फुक्दैनन् र डिँगालाई पनि खान दिदैनन् भन्नु, खानेकुरा नपाएपछि भोकले त्यो त्यहि मर्नु, मरेपछि यमराज लिन आउँनु, एकादशीको व्रत नबसेको कारण यमराजले स्वर्ग नलगि नर्कमै छोडेर जानुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको मध्यभाग मान्न सकिन्छ ।

**(ग) अन्त्यभाग**

स्वर्ग जान नपाएपछि सपनामा छट्पटिदै स्वास्नीसँग आजसम्म बसेको व्रत मलाई देऊ । व्रत नबसेको कारण म स्वर्ग जान पाएन भन्नु, हुन्छ भनेर स्वास्नीले व्रत दिनु, यमराजले थाहा

पाएर स्वर्ग लैजानु, लोग्ने स्वर्गमा खुसी भएर बस्नु र स्वास्नी आफ्नो लागि व्रत, धर्म, कर्म गरेर बस्नुसम्मका घटनाक्रमहरूलाई यस लोककथाको अन्त्य भाग मान्न सकिन्छ ।

**(आ) अभिप्राय**

प्रस्तुत 'एकादशी व्रत'लोककथामा विभिन्न अभिप्रायको प्रयोग गरिएको छ । पाप र धमको न्याय गर्ने यमराज, धर्म गर्दा स्वर्ग जान पाइने विश्वास र पाप गर्दा नर्क जानुपर्ने विश्वास अभिप्रायका रूपमा रहेका छन् । एकादशीको व्रत नबसेको लोग्नेलाई यमराजले नर्कमा छोडेर जानु, श्रीमतीले बसेको व्रत पाएपछि यमराजले नर्कमा छोडेको लोग्नेलाई स्वर्गमा लैजानुजस्ता घटनाहरू यस कथामा अभिप्रायका रूपमा आएका छन् । यिनले एकातिर लोककथालाई रहस्यमयी बनाएका छन् भने अर्कोतिर कथानकमा स्वैरकल्पनासँगै धर्म, कर्ममा मान्छेका आस्था र विश्वासलाई स्थापित गरेका छन् ।

**(इ) पात्र**

'एकादशी व्रत'लोककथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरू प्रयोग गरिएकोछ । मानवीय पात्रका रूपमा लोग्ने, स्वास्नी र लोग्नेकी सासु रहेका छन् । मानवेतर पात्रका रूपमा दैवी पात्र यमराज रहेको छ । यी पात्रहरूमध्ये लोग्ने स्वास्नी यस कथाका मुख्य पात्र हुन् । लोग्नेकी सासु र यमराज सहायक पात्र हुन् । प्रमुख पात्र लोग्नेको चरित्र जिद्धिपना रहेको छ । जिद्धिपनाले आफ्नो मृत्यु आफै वरण गर्न पुगेको र व्रत नबस्नाले नर्कमै बस्नु परेको छ । स्वास्नीभने धर्मकर्ममा आस्था, विश्वास राख्ने, व्रत बस्ने आफूले बसेको व्रत पनि लोग्नेलाई दिएर स्वर्ग पठाएर एउटा असल श्रीमतीको भूमिका निर्वाह गर्ने सत् चरित्र भएकी पात्र हो । लोग्नेकी सासु एकादशीको दिन भनेर ससुराल आएको ज्वाइँले भोक खटाउन सकिन मेरो प्राणै जान लाग्योभन्दा पनि ज्वाइँलाई भोकै राखेर मर्न बाध्य बनाउने असत् चरित्र भएकी पात्र हो । यमराज भने व्रत नबसेको लोग्ने मरेपछि श्रीमतीले आफ्नो व्रत दिएर नर्कबाट स्वर्ग लैजाने सत्चरित्र भएको पात्र हो ।

**(ई) परिवेश**

प्रस्तुत लोककथाको लौकिक र अलौकिक परिवेश रहेको छ । लौकिक परिवेशको रूपमा गाउँ, घर, ससुराल रहेका छन् । यस कथाामा आएका गाइ, भैँसी, बाखा, डिँगा, घाँस परालजस्ता प्रसङ्गहरूले हाम्रो समाजमा रहेको ग्रामीण परिवेशको शसक्त रूपमा चित्रण गरेका छन् । व्रत बस्नुले धार्मिक आस्था र विश्वास राख्ने सांस्कृतिक परिवेशको चित्रण गरेको छ । लोग्ने मरेपछि स्वर्गबाट यमराज आएर लैजानु, व्रत नबसेका कारण नर्कमै छोड्नु र स्वास्नीले व्रत दिएपछि नर्कबाट स्वर्ग लैजानुले अलौकिक परिवेशको चित्रण गरेको छ ।

(उ) **उद्देश्य**

प्रस्तुत लोककथाको उद्देश्य *एकादशीको व्रत* महत्त्वपूर्ण व्रत हो, एकादशीको व्रत बस्नाले सबै पापहरू नष्ट भइ स्वर्ग गइन्छ र श्रीमतीले बसेको व्रतबाट पनि श्रीमान्को पाप मुक्ति भएर स्वर्ग जान मदत गर्दछ भन्ने धार्मिक आस्था र विश्वाससँगै मनोरञ्जन दिनु पनि रहेको छ । एकादशीको दिन ससुराल जान लागेकोश्रीमान्लाई आज नजाउ, आज हाम्रो माइतमा खाना बनाउँदैनन् तिमीले भोक खटाउन सक्दैनौं भनेरभन्दा पनि जिद्धि गरेर ससुराल गएको लोग्नेको मृत्यु भएको घटनाबाट कि आफैले जान्नुपर्छ नजाने अरूले भनेको मान्नुपर्छ भन्ने नैतिक सन्देश दिनुपनि यस कथाको उद्देश्य रहेको छ ।

(ऊ) **भाषाशैली**

प्रस्तुत लोककथामा सरल, सहज र सरस भाषाको प्रयोग गरिएको छ भने कथैयिताले घटना र चरित्रको वर्णन गरेको हुँदा कथा वर्णनात्मक शैलीमा आबद्धछ । यस कथामा स्थानीय लवजको प्रयोग गरिएको छ । स्थानीय लवजअनुसार क्रियापदमा *छ* को ठाउँमा *च* को प्रयोग : लागेच, भनेच, जान्चु, बस्चु, मरेच, गएच आदि गरिएको छ । यस लोककथामा नेपाली कथ्यभाषाको प्रयोग अधिक मात्रामा गरिएको छ ।

## ४.१० निष्कर्ष

यस परिच्छेदमा बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूमध्ये १४ वटा कथाहरू सङ्कलन गरी लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र, परिवेश, उद्देश्य र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । विश्लेषित लोककथाहरूको कथानक कुतूहलमय र रैखिक ढाँचामा अगाडि बढेका छन् । कथामा अभिप्रायका रूपमा रहेका असमान्य स्वैरकाल्पनि घटनाहरूले कथालाई रोचक र रहस्यमयी बनाएका छन् । कथामा मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको प्रयोग गरिएको छ । सत् र असत् चरित्र भएका पात्रहरूले उपदेशात्मक नैतिक शिक्षाका साथै मनोरञ्जन दिएर कथानकलाई अगाडि बढाउनमा प्रभावकारी भूमिका खेलेका छन्

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ विषयपरिचय

प्रस्तुत शोधपत्र बारबर्दिया नगरपालिका क्षेत्रमा प्रचलित लोककथाको अध्ययन शीर्षकमा केन्द्रित रहेको छ । शोधकार्य सम्पन्न गरी अन्तिम रूप दिने क्रममा यस शोधकार्यको सारांश तथा निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ । यसअन्तर्गत यस शोधका मुख्यय परिच्छेदहरूको सारांश क्रमशः प्रस्तुत गर्दै सामान्यीकरणबाट समष्टि निष्कर्षमा पुगिएको छ ।

## ५.२परिच्छेदगत सारांश

प्रस्तुत शोधलाई पाँचवटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोधपरिचय, दोस्रो परिच्छेदमा शोध क्षेत्रको परिचय, तेस्रो परिच्छेदमा शोधसामग्रीको वर्गीकरण, चौथो परिच्छेदमाविधात्त्विक विश्लेषण र पाँचाँपरिच्छेदमा शोध सारांश तथा निष्कर्ष प्रस्तुत गरिएको छ । यस शोधका शोध प्रश्नहरूको समाधानमा केन्द्रित भएकाले तिनको सारांश प्रस्तुत गर्नु आवश्यक छ, त्यसैले ती परिच्छेदको सारांश क्रमश यस प्रकार छ :

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा बर्दिया जिल्ला र यसै जिल्लाअन्तर्गत पर्ने बारबर्दिया नगरपालिकाको सङ्क्षिप्त परिचय दिइएको छ । बारबर्दिया नगरपालिका प्रस्तुतशोधको मूल सामग्रीहरूको प्राप्ती स्थल हो । जसअन्तर्गत लोककथा सङ्कलन गरिएको जिल्लाको विस्तृत रूपमा परिचय दिएको छैन भनेनगरपालिकाको भौगोलिक परिचय, प्राकृतिक पर्यावरण, राजनैतिक तथा प्रशासनिक विभाजन, शैक्षिक स्थिति, धार्मिक एवम् पर्यटकीय स्थलहरू, यातायात, सञ्चार, आर्थिक स्थिति र सांस्कृतिक अवस्थाको बारेमा जानकारी दिइएको छ ।

तेस्रो परिच्छेदमा बारबर्दिया नगरपालिका ६, ७ र ११ गरी तीनवटा वडाबाट सङ्कलन गरिएका लोककथाहरूलाई लोककथाका अध्येता तुलसी दिवस (२०३३) ले प्रस्तुत गरेका लोककथाको वर्गीकरणका आधारहरूमा आधारित भएर वर्गीकरण गरिएको छ । सङ्कलित लोककथाहरूलाई वर्गीकरण गर्ने क्रममा सांस्कृतिक-ऐतिहासिक लोककथाहरू, अर्ती उपदेशका लोककथाहरू, पशुपक्षीका लोककथा, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू, दैवी लोककथा, फलफूलका लोककथा र धार्मिक लोककथा गरी जम्मा ७ प्रकारका लोककथाहरू रहेका छन । सङ्कलन गरिएका लोककथाहरूमध्ये सांस्कृतिक तथा ऐतिहासिक लोककथाअन्तर्गत ‘कर्मको फल’, लोककथा रहेकोछ । यस कथामा मन्त्रमा विश्वास गर्ने, ऋषिबाट पापकर्मबाट मुक्ति पाउनको लागि मन्त्र मागेर मन्त्र पाएको र त्यो मन्त्रको सही ढङ्गले प्रयोग गर्न नसकेर उनीहरू पहिलेकै अवस्थामा पुगेको घटनाहरूको प्रसङ्गबाट यस लोककथाले सांस्कृतिक विश्वास तथा सामाजिक प्रचलन र विशेषताहरूको संरक्षण गरेर राखेको हुनाले यस वर्गअन्तर्गत राखिएको छ ।

अर्ती उपदेशकालोककथाहरूमा 'दाइमारा','बुद्धि ठूलो','चारवटा बुद्धि','भाग्यरेखा', 'टुहुरी',र'झगडाको निहुँ' गरी ६ वटा लोककथाहरू रहेका छन् । यी लोककथाहरूमा सोझा र इमान्दारीको फाइदा गलत तरिकाले लिनु हुँदैन, मूर्खसँग महामूर्ख भएर होइन नम्र व्यवहारको प्रयोग गर्नुपर्दछ । कुनै पनि काम गर्दा आफूभन्दा ठूलाको सल्लाह सुझाव लिनुपर्दछ, अरूको कुभलो कहिल्यै सोच्नु हुँदैन, धैर्य र सहनशीलतापूर्वक काम गर्नुपर्दछ आदि भन्ने जस्ता अर्ती उपदेश दिइएका हुनाले यी लोककथाहरूलाई यस वर्गअन्तर्गत राखिएको छ । पशुपक्षीका लोककथामा 'कुकुरको कथा' लोककथा रहेको छ । यस लोककथाको मुख्य पात्र पशु रहेको छ । आयामका रूपले छोटो र विषयका रूपले रोचक भएको हुनाले यस लोककथालाई पशुपक्षीका लोककथा वर्गअन्तर्गत राखिएको छ । मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथामा 'आफ्नै कर्म खान्छु' र 'हली'गरी दुईवटा लोककथाहरू रहेका छन् यी लोककथामा चलाख केटोलेसबैलाई ठग्दै हिडेको र हलीले बुढाबुढीलाई मान्छेले नखाने गरेको कुकुरको मासु खुवाएर विश्वासघात गरेको हुनाले यी लोककथाहरूलाई यस वर्गअन्तर्गत राखिएको हो । दैवी लोककथामा 'वनदेवीको शक्ति'लोककथा रहेको छ । यस लोककथामा अन्यायमा परेको गरिब भाइ वनदेवीको चमत्कारपूर्ण कार्यले गरिबिबाट मुक्ति भएको छ । यस कारणले यो लोककथालाई दैवी लोककथाअन्तर्गत राखिएको छ । फलफूलका लोककथामा फर्सीर सरसिउँको कोसो गरी दुईवटा लोककथाहरू रहेका छन् । यी लोककथाहरूमा फलफूल भएर पनि मानवीय गुण व्यवहार रहेको फर्सीर सरसिउँको कोसो दुवैले फलफूलबाट मानवीय रूप धारण गरेको हुनाले यस वर्गअन्तर्गत राखिएको छ । धार्मिक लोककथामा 'एकादशी व्रत'लोककथा रहेको छ । यस लोककथामा एकादशीको व्रत नबसेको कारणले मरेपछि स्वर्ग जान नपाएको श्रीमान्लाई श्रीमतीले आफ्नो व्रत दिएपछि स्वर्ग गएको प्रसङ्गबाट व्रत सम्बन्धी धार्मिक भाव एवम् आस्था र विश्वास भएको हुनाले यस लोककथालाई धार्मिक लोककथाअन्तर्गत राखिएको छ ।

चौथो परिच्छेदमा बारबर्दिया नगरपालिकामा प्रचलित लोककथाहरूको विधातात्त्विक विश्लेषण लोककथाका प्रमुख तत्त्व कथानक, अभिप्राय, पात्र, परिवेश, र भाषाशैलीका आधारमा गरिएको छ । विधाताि□वक विश्लेषण गर्दा यी कथामा विभिन्न प्रकारका मूल वैशिष्य देखिएकाछन् । प्रायः सबै लोककथाहरूकोकथानक कुतुहलमय र रैखिक प्रकारका छन् । लोककथामा प्रयोग भएका विभिन्न प्रकारका अभिप्रायहरूमा स्वैरकाल्पनिक, असामान्य घटनाहरूले कथालाई रोचक र रहस्यमयी बनाएका छन् । प्रायः सबै लोककथाहरूमा मानवीय र मानवेतर पात्रको प्रयोग भएका छन् । भने'बुद्धि ठूलो'र'कर्मको फल' दुईवटा लोककथामा मात्र मानवीय पात्रको प्रयोग भएकाछन् । कथामा सत् र असत् चरित्र भएका पात्रहरू चरित्रचित्रणका हिसाबले सबल नै रहेका छन् । परिवेशका हिसाबले प्राय सबै लोककथाहरूमा लौकिक परिवेश रहेको छ भने 'आफ्नै कर्म खान्छु','वनदेवीको शक्ति', 'एकादशी व्रत', 'कर्मको फल' लोककथाहरूमा लौकिक र अलौकिक दुवै परिवेश रहेको छ । सङ्कलित लोककथाहरूको मुख्य उद्देश्य उपदेशात्मक नैतिक शिक्षाका साथै मनोरञ्जन प्रदान गर्नु रहेको छ ।

## ५.३ समष्टि निष्कर्ष

नेपालका ७ वटा प्रदेशहरूमध्येपाँचाँ लुम्बिनी प्रदेशका १२ वटा जिल्लामध्ये बर्दिया एउटा जिल्ला हो । यस जिल्लामा ६ वटा नगरपालिका र २ वटा गाउँपालिका छन् । तिनमा बारबर्दिया नगरपालिका एउटा हो । नेपालको साक्षरता दरकै हाराहारिमा रहेको यस नगरपालिकामा सामाजिक विकास आर्थिक विकास, पर्यावरणीय संरक्षणको चेतना मध्यम स्तरीय देखिन्छ । यो नगरपालिकाभित्र थारु बाहुल्य संस्कृति रहेको पाइन्छ । यहाँ लोकसाहित्यका विभन्न विधा उपविधामध्ये लोककथा भन्ने सुन्ने परम्परा समृद्ध छ । यस नगरपालिकाबाट जम्माजम्मी १४ वटा लोककथाहरू सङ्कलन गरी तिनको वर्गीकरण गर्दा सांस्कृतिक-ऐतिहासिक लोककथाहरू, अर्ती उपदेशका लोककथाहरू, पशुपक्षीका लोककथा, मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू, दैवी लोककथा, फलफूलका लोककथा र धार्मिक लोककथा गरी जम्मा ७ प्रकारका लोककथाहरू रहेका छन । सरल तथा रैखिक कथानकको बाहुल्य रहेका यी कथाहरूमा लोक जीवनका यथार्थपरक पात्रहरूको प्रयोग गरिएको देखिन्छ । लोककथामा अनुकूल हुने अभिप्रायको प्रयोगका दृष्टिले विश्लेषित लोककथाहरू कमजोर देखिन्छन् । प्रायजसो लोककथामा लौकिक परिवेशको चित्रण गरिएको देखिन्छ भने आंशिक रूपमा अलौकिक परिवेशको चित्रण पनि पाइन्छ । मूलतः मनोरञ्ज दिनु, नैतिक शिक्षा दिनु र लोकसंस्कृतिको संरक्षण गर्नु नै यी लोककथाको उद्देश्य रहेको देखिन्छ । सरल, सहज र अनुसन्धान क्षेत्रमा प्रचलित ग्राम्य कथ्य भाषाको प्रभावयुक्त यी कथाको कथनशैली वर्णनात्मक नै रहेको देखिन्छ । समग्रमा बारबर्दिया नगरपालिकाका लोककथाहरूले त्यहाँको स्थानीय जनजीवन, जनबोली, जनसंस्कृति, लोककला र लोक व्यवहारको प्रतिनिधित्व गर्न सक्षम रहेको देखिन्छ ।

## ५.४ भावी शोधकार्यको लागि सम्भाव्य शोधशीर्षक

(क) बारबर्दिया नगरपालिकाको लोककथाहरूको समाजशास्त्रीय अध्ययन ।

(ख) बारबर्दिया नगरपालिकाको लोककथाहरूमा अभिप्राय ।

(ग) बारबर्दिया नगरपालिकाको लोककथाहरूको सांस्कृतिक अध्ययन ।

# परिशिष्ट 'क'
# बारबार्दिया नगरपालिकामा प्रचलितलोककथाहरू

## १. आफ्नै कर्म खान्छु

एकादेशमा एउटा बुडाका सात भाई छोरा रैचन । सात भाइ छोरा हुँदा खेरीमा बाउ चाइले कसको कर्म खान्चौ भनेर जेठोलाई सोध्दा जेठो छोराले म आमाको कर्म खान्चु भन्यो । माइलो छोरालाई कस्को कर्म खान्चौ भन्दा म बुबाको कर्म खान्चु भन्यो । त्यस्तै गरी प्रत्येकलाई सोध्दैगए । सोध्दै जाँदा खेरीमा कसैले आमाको कर्म खान्चु भने कसैले बुबाको कर्म खान्चु भने । कान्छै कान्छाले भन्योकी कसैको कर्म खाँदैन । म त आफ्नै कर्म खाने हुम भन्दा खेरी त्यसलाई के गरेचन भने आङको कपडा निकालेर त्यसलाई घरवाट निकाल्दिएचन । त्यसलाई देश निकाला गर्दिएचन । निकाल्दा खेरीमा त्यो एउटा भाङ वारीमा गएच त्या एउटा जुम्लीले भेडा चराउन लागेको रैच । उस्को पालो उपाय के गरेच भने एउटा भाङको डोरी बाटेच । डोरी बाटेर जुम्लिका ठूलो भेडालाई घाँटीमा लगाएच । लगाएपछि त्यहाँबाट उठेच र पर गएर ए जुम्ली दाई जुम्ली दाई मेरो भेडा देखिस भनेर भनेच । जुम्लीले देखिन तेरो भेडा त्यही बगालमा होला चिनेर लैजा भनेच । जुम्लीले भेडा चिनेर लैजा भन्दाखेरीमा उले त भाङ्गाको डोरी बाटेर लाथ्यो । भेडो चिन्याथ्यो । त्याँ बाट गएर भेडो समात्यो । त्यो भेडो त मेरो हो भन्यो जुम्लीले । तैले चिनिन लैजा भन्थिस । मैले भाङ्गाको डोरी लाहुँ भन्थेकी भनेथेन भनेर त्यसले भनेच । डोरी त लगाको छ भन्यो जुम्लीले र फेरी जुम्लीले ओहो ! भेडो त मेरो हो भन्दा खेरीमा जुम्लीले फेरी होइन अडडामा जाउ जैको डिलाइ देला नियादिसले उसैको हुन्च भन्यो । त्यसपछि मेरो त ओड्ने छैन कसरी जाउ नियादिसका छेउ माथि नाङ्गै भनेर भन्यो । त्यसपछि जुम्लीले ला मेरो पाखी लैजा ओड्लास हिन भन्यो । पाखी लिएरगयो । जादा खेरीमा नियादिसका गएर त्यो केटाले के भन्यो भने मेरो भेडा बगाल आछ की भनेर मैले भने भन्दा खेरीमा जुम्ली दाइले तेरो भेडा चिनिन लैजा भन्यो । मेरो भाङ्गाको डोरी लाको थियो । मैले चिने । यले मेरो हो दिन्न भन्च । अइले भेडो मेरो हो भन्चन पछि त पाखी पनि मेरै हो भन्लान यो जुम्ली भनेर भनेच त्यसपछि जुम्लीले पाखी पनि मेरै हो भनेच । पाखी पनि मेरै हो भनेको सुन्दा होईन यो झुट्टा हो यो भेडा पनि यो केटैकै हो । पाखी पनि यई केटैको हो यो सब झुट्टा हो भनेर न्यायादीसले भनेच । त्यसपछि त्यो केटाले भेडा पनि लियो । पाखी पनि लियो । भेडो लग्यो र एक ठाउँमा बिक्री गरेर घोडा किन्यो । घोडा किनेपछि एउटा नदीमा गयो । नदीमा जाँदा नदी बड्याथ्यो । एउटाकी आमा र छोरी गएर नदीको किनारमा बसेईथिन । ए बाटो हिड्ने बटुवा दाई मेरी छोरी र मैन तराई देउ त भनेर भन्दा खेरीमा म तपाईकी छोरी लिएर पारी जान्चु अनि पछि तपाई न तराउचु भन्ने शब्द गर्यो । हुन्च त भनेर आमा चाइनेले भनि छोरी न तरा एर पारी लियो । पारी लिएर घोडामा बसाल्यो । घोडा समातेर टाप कसेर गइगो । आमा चाइनेले । ए तेरो नाम क्या हो ? गाउ क्या हो ? भन कैलेकैले त आउला भनि । उले भन्यो की ज्वाइ मेरो नाउ तोरी फुल्या गाउ भन्यो । त्यहाँबाट एकादेशमा गएर उइले राज्य गरेर आफ्नो जीविका गरीखायो ।

कथावाचकको नाम : थीरबहादुर राउत
उमेर : ७० वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.११, लम्कीफाँटा, बर्दिया

२. 'एकादशी व्रत'

एकादेशमा लोग्ने स्वास्नी थिए । स्वास्नी चाँही सधैं एकादशीको व्रत बस्ने गर्थि । लोग्ने कहिल्यै व्रत बस्दैन्थ्यो । स्वास्नी एकादशीको व्रत बस्ने तर लोग्नेलाई भने बिहान उज्यालो हुँदा बित्तिकै खाना चाहि हाल्थ्यो । त्यसको ससुरालीमा पनि एकादशीको दिन गाई, बाखा, भैसीलाई घाँस पराल हाल्दैन्थे रे । त्यस्तो संस्कारमा हुर्केकी त्यसरी व्रत बसेकी केटीलाई बिहे गरेको थियो । यस्तै एकदिन एकादशीको व्रत परेको दिन लोग्ने चाहिनेलाई ससुराली जान मन लागेच । त्यस पछि लोग्नेले स्वास्नीलाई आज म ससुराली जान्छु भनेर भनेच । लोग्नेले आज ससुराली जान्छु भन्दा स्वास्नीले आज नजानुस है । आज त एकादशीको दिन हो । एकादशीको दिन मेरो माईत त आगो पनि फुक्दैनन् । हजुर भोकले आत्तिनु हुन्च, भोक खटाउन सक्नुहुन्न आज नजानुस् अर्कानदिन जानुहोला भन्दै थि स्वास्नीले भनेको लोग्नेले मानेन । जान्छु जे पो होला बस्न सके बस्छु नत्र जे सुकै होस भनेर सुसुराली गइहाल्यो । जादा त एकादशीको दिन ससुराली आयो । एकादशीको दिन जति माथि घाम निक्लन्चन त्यसलाई छट्पट्यार लायो कसो गरु र के गरु भयो । झन अझै अझै दिन थपिदै जान्च त्यो आत्तिदै गयो । १०/११ बज्न लायो त्यसलाई बेसरी मुर्छा पर्ने गरी भोकलायो । भोकले सहिनसक्नु भएपछि सासुलाई ज्वाईले मलाई त बेसरी भोक लायो । भोक अब खटाउन सकिदैन । मलाई केई खान दिनुस भनेर भन्यो । सासुले ए ज्वाँई हाम्रो त यहाँ आज त आगो पनि फुक्दैनम । आज डिँगालाई खान नि दिदैनम भनेर सासुलेभनिच । केई खानेकुरा खान नपाएपछि भोक लायो भोक लायो भन्दा भन्दै साँझतिर अलिकति घाम छदा त भोकले छट्पटिदा छट्पटिदै तेले प्राणै छोड्यो । त्यो मरेच । मरेपछि त्यसलाई लिन यमराज आएच । यमराज लिन आएर त्यसलाई लएर गएच । लादा त त्याँट यमराजले सुरुमा सोधेच । कति ओटा व्रत बसिस एकादशी ? भनेर भनेच । त्यसपछि त्यसले मत कति पनि बसेउथिन । मैले सक्दै सक्दैन्थे भोक खटाउन भनेर भनेच । व्रत बस्न सकिन भन्दा आज एकादशीको दिन मरे म भोक खटाउन नसकेर मरे भन्यो यमराजले यसको सबै कुरा सुनिसकेपछि अलि ठूलै स्वरमा हेर त ह्या बाट उता स्वर्गमा जान पाउन्नस । त नर्कमा हिड भनेर स्वर्ग जान नदिएर त्यतै तल नर्कतिर लग्न लागेच । यमराजले स्वर्ग जान नदिनएपछि लोग्ने पीडाले छट्पटिएर सपनामा रुदै श्रीमतीलाई भनेच । आजसम्म तिमी एकादशीको व्रत जति बसेउ नि त्यो व्रत जति सबै मलाई देउ है । म एकादशीको व्रत नबसेको कारणले स्वर्ग जान पाइन् । मलाई नर्कमा धेरै गाह्रो भइराछ । त्यसैले आज सम्म व्रत बसेको मलाई देउ । तिमीले गरेको धर्म जति मलाई देउ । आजदेखि पछि व्रत बसेको तिमीलाई भनेर स्वास्नीलाई भन्यो । त्यसपछि स्वास्नीले पनि हुन्च मैले गरेकाले तपाईलाई हुन्च भने लैजानुस म दिन्छु भनेरभनि । स्वास्नीले गरेको धर्म र व्रत पाएको कुरा यमराजलाई थाहा भयो र लोग्ने चाँहिनेलाई बैकुण्ठ तारेर स्वर्गतिर लग्यो । स्वर्गमा लोग्ने पुण्य कमाएर खुशी भएर बस्यो । यता स्वास्नी भने आफ्ना लागि एकादशीको व्रत बसेर धर्म कर्म गर्दै बसी ।

कथावाचकको नाम : सावित्रा काफ्ले
उमेर : ६२ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## ३. 'कर्मको फल'

एउटा मन्त्रमा विश्वास मान्ने कुरोमा एकजना ऋषि जङ्गलमा तपस्या गर्नुभएको थियो । त्यई ऋषिको अलिकत टाढाको समयमा दुईटा महिला आफ्नो जीविकोपार्जन गर्न नसकेर देह व्यापारमा लागिराखेका थिए । त्यो लाइराखेको भएर अन्तिम अवस्थासम्म पनि उनीहरूले देह व्यापारनै गरिराखे । त्यई ठाउँको नजिकै एउटा महान शक्तिशाली ऋषि तपस्या गरेर बसेको ती महिलाहरूले देखे । त्यसपछि लास्टमा के भयो भनेपछि ती ऋषि त्यस्तो तपस्या गरेको देख्दा खेरी ती महिलाहरूले के गरे भने ऋषि त्यस्तो तपस्या गरेर वस्नुभएको छ । अब हाम्रो अवस्था कमजोर भयो । अब हाम्लाई पनि स्वर्ग जान इच्छा छ । हामी पनि स्वर्ग जाम । ती ऋषि स्वर्ग जानुहुन्छ । ऋषिको शक्तिले गर्दाखेरी हाम्लाई पनि स्वर्ग जाने इच्छा भएको हुनाले हाम्लाई पनि स्वर्ग लैजानु भनेर ऋषिसँग सरण परम भन्ने कुरो गरे त्यसपछि बिहान उठे नुवाई धुवाई गरे । आफ्नो कर्म जेजे गर्नुथ्यो त्यो कर्म सबै कर्म सकियो । त्यसपछि चोखो कपडा लगाएर गङ्गाजीमा गएर नुवाएर सूर्यलाई अग्र दिएर अग्र दिइसकेपछि अब ती दुईटी महिलाहरू ऋषिसँग दर्शन गर्न गएपछि ती महिलाले ऋषिलाई षष्डान्तवत् म त भन्दै भुईमा ढोग गरे । त्यसपछि ऋषि ध्यानबाट उठे । उठिसकेपछि अब ऋषिले किन आयौ भनेर सोध्न पर्यो । ऋषिले सबै सोधे । सोधिसकेपछि हामी यस्तो हो । हाम्ले यसरी यो कर्म गरिम, हामी यसरी बसिम अब हामी मुक्ति हुनको लागि, स्वर्ग जानको लागि उपाय तपाईसँग छ । तपाईले हाम्लाई उपाय लगाइदिनुस् भनेर उनीहरूले अनुरोध गरे । अनुरोध गरेपछि स्वर्ग जानको लागि ऋषिले उनीहरूलाई दुईटा मन्त्र दिए । दुईटालाई दुई थर भनेर है । उनले त पैले जानि सक्याथे यिनले योयो कर्म गर्चन हैन यो कर्म गर्या छन् । यिनलाई अरु मन्त्र दिनु हुन्न भनेर एउटीलाई 'बे' भनेर दिए र अर्किलाई 'से' भनेर दिए । तर आपसमा तिमी दुईटीले भन्दै नभन यही मन्त्र नभन यई सिद्ध हुन्छ । यो मन्त्र सिद्ध भएपछि स्वर्गका १०८ भऱ्याङ देख्ने छौ । तिमीहरू स्वर्ग जानेछौ । तर यो मन्त्र तिमीहरू दुईटीले आपसमा भनेउ भने तिमीहरूको मन्त्रले फल गर्दैन भनेर पैलेनै कबल थियो । हुन्च गुरु भने फेरी दर्शन गरे गए । गएपछि जेजे गर्नु थियो सबै कर्म गर्दै नदीमा बसेर त्यो मन्त्र जप्दै गरे । त्यो मन्त्र तिनीहरूलाई सिद्ध भयो । मन्त्र सिद्ध भैसकेपछि उनीहरूले स्वर्ग जाने भऱ्याङ देखे । त्यो भऱ्याङ देखिसकेपछि अब स्वर्ग जाने भऱ्याङ त देखियो दिदी भनि एउटीले अँ बैनी मैले पनि देखे भनि आर्कीले । भनेपछि अब स्वर्ग जान तयारी भए । फेरी नुवाई धुवाई गरे । भगवान्लाई प्रार्थना गरे । तिनी ऋषिलाई पनि फेरी प्रार्थना गरे अनि उनीहरू स्वर्ग गए। स्वर्ग जाँदा खेरी त्यो मन्त्र जप्दै जानु भनेर ऋषिले भनेका थिए । त्यो मन्त्र जप्दै जप्दै जादा खेरी १०८ सिढी मध्येमा १०७ सिडी कटे १०७ सिडी कटिसकेपछि अब त्यो १ सिडी छ । स्वर्ग देख्नु थियो तिनीहरूले स्वर्ग देखे । त्यसपछि एउटीले भनि दिदी अब १ सिडी मात्र बाँकी छ । त्यति १ सिडी त फुङ्गालेरनि गइन्च तिम्लाई के मन्त्र भनेको भनन भनि अनि एउटीले 'बे' भनि अर्किले 'से' भनि के रैच त भन्दा ए 'बसे' पो रैच भनेर तिनीहरू झस्के । ऋषिले १०८ सिडी नकटेसम्म दुईटीले आपसमा मन्त्र नभन्नु भनेका थिए । १ सिढी बाँकी हुँदा दुईटीले मन्त्र भनेका हुनाले तिनीहरू १०७ सिडीबाट तल खसेर स्वर्ग जान नपाई त्यही पहिलेको झैं जीवन बिताएर वसे ।

कथावाचकको नाम : लेखनाथ खरेल<br>
उमेर : ६७ वर्ष<br>
ठेगाना : बारबर्दिया नगरपालिका,<br>
वडा नं.६, धामपुर, बर्दिया

## ४. 'कुकुरको कथा'

आज भन्दा धेरै वर्ष पहिला कुकुरहरू धेरै इमान्दारी हुन्थे । कुकुरले मान्छेले भन्दा धेरै काम गर्थे । एक घरदेखि अर्को घर जान्थेनन् । तर मानिसहरूको व्यवहारले गर्दा कुकुरहरू अलग अलग बिचलित भएर हिड्न थाले । अनि पहिलाको जमानामा पहाडमा बाँदरले मकै खाइदिन्छ भनेर मकै कुर्न जान्थे । कोही मान्छेहरू जान्थे र प्रायः भोटे कुकुरहरू राख्दिन्थे । भोटे कुकुरहरू राख्थे अनि ती कुकुरहरूले दिनभरी बाँदर लखट्याउने मकैको सुरक्षा दिने काम गर्थे । तर कुकुरलाई खाना लास्टमा बचेपछि च्वँ च्वँ भनेर ल्याएर भाइर एक ठाउमा हाल्दिने गर्थे । गरेपछि एकदिन कुकुरहरूको सम्मेलन बस्यो । एकजना कुकुरको राजा थियो । उले बोलाए पछि सारा गाउँका कुकुरहरू आए । कुकुरहरू आएर महाराज किन बोलाउनुभयो भनेपछि हेर साथी हो यी मनुष्य भन्दा बढी काम हामीले गर्छौ । मकै कुर्दिने, बाँदर लखटिदिने इत्यादि दिउँसोमा घरमा कोही नभाको बेला घर कुर्दिने र गर्दा गर्दा राती पनि हामी रातभरी नसुतेर उनीहरूको सुरक्षा गर्छौ । उनीहरू भित्र गएर छपक्क सुत्छन् । तर यिनीहरूले आफूले खाना खाइसकेपछि हामीलाई कलोको रूपमा ल्याएर खाना दिन्छन । यो अपमान हो । अब हामीले यो कलो, यसरी दिएको कलो नखाने भनेर कुकुरहरूको सम्मेलनमा पारित भयो । ल सबै आ-आफ्नो घर जाने र यसरी दियो भने नखाने यदी आफूसँगै भाग लगाएर दियो भने खाने यही हिजो आजका जसरी नै दियो भने नखाने भनेर उनीहरू आ-आफ्नो घरमा गए । घरमा गएपछि अब कुकुरहरूको काम दिनभरि त्यही हो । साँझफेरी उनीहरूलाई खाना त्यही किसिमले हाल्दिए । हाल्दिए पछि उनीहरूले सम्मेलनमा यसरी दिएको खाना नखाने भनेका थिए । त्यसैले उनीहरूले त्यो खाना नखाएर त्यही त्यो खाना हेरेर बस्न लागे । अनि मालिकहरूले के सोच्न लाएँ भने अँ मेरो कुकुरले त आज के खाँएछ । यो भातै खाएन भनेर वास्तै नगरेर खाना लगे । यसै गरी तीन दिन बिताए कुकुरले त्यसपछि भोकले लत्थरान परे । अब हुँदैन यसरी हाम्रो भाषा चाई यो मनुष्यले बुझ्दैनन् भनेर फेरी सम्मेलन गरे । राजा का गए । प्रभु † राजा साहेब यो हुँदैन । यो मनुष्यले हाम्रो भाषा बुझ्दैनन । हामी भोकले मर्न लायौ । प्रभु प्राण जान लाग्यो । हाम्लाई बचाउनुपर्यो भनेपछि कुकुरको राजाले भन्यो हेर साथी हो अब हामीले कुनै पनि काम डुलेर गर्ने । जहाँ मिल्छ त्यही खाने र यिनीहरूको भरोसा चाई आजबाट नगर्ने भनेर निर्णय गरे । त्यसपछि आ-आफ्नो घरमा फर्के । अनि त्यस दिनदेखि कुकुर डुल्न थाले । हजार ठाउँमा खान थाले आफ्नो इमान्दारिता चाइ बेच्न थाले ।

कथावाचकको नाम : अविनाश विश्वकर्मा<br>
उमेर : ३५ वर्ष<br>
ठेगाना : बारबर्दिया नगरपालिका,<br>
वडा नं.६, मनिकापुर, बर्दिया

## ५.चार वटा बुद्धि

एकादेशमा बाउ छोरा थिए । एक दिन छोराले कमाउन जान्चु भन्यो । बाउले चाइने कमाउन जानुभन्दा पहिला बुद्धि सिक्न जा भनेर छोरालाई चार सय रूपैयाँ दियो । छोरा पनि घरबाट बुद्धि सिक्न भनेर गयो । बुद्धि सिक्ने ठाउँमा बुद्धि सिकाउनेले एकजना भन्दा दुईजना राम्रो हुन्च कई जाँदा खेरी संगी चाइन्च भनेर भन्यो । त्याँट सय रूपैया लियो । केइ चिज खाँदा खेरीमा कुनै चिजलाई खाना दिएर मात्रै खानु त्यसै नखानु भन्यो दुई सय रूपैयाँ त्यो लियो । फेरी चाइने भन्दै गयो अर्काले लाको विस्तरामा नझारिकन नबस्नुभन्यो ३०० रूपैयाा लियो । कसैसित हिड्दा डुल्दा खेरी राम्रो ख्याल राखेर चाइने बस्नु भनेर भन्यो चार सय रूपैया लयो । त्याँट घर गयो । घर गएपछि बाउले बुद्धि सिकेर आइस भनेर भन्यो छोराले अँ आए भन्यो । त्याँट लौ जा त कमाउन भनेर बाउलेभन्यो । छोरो कमाउन गयो । त्यसको पछि पछि न्याउरी मुसो पनि गयो । त्याँट साँझ खाना खान भनेर चाइने लाको अब केइ चिजलाई नदिइकन नखानु भन्योथ्यो । त्याँट कुकुरलाई खान दिएको त्यो कुकुर मर्यो । त्यो दिन खाना खाएन । अर्कानदिन साँझ फेरी बास बस्न भनेर गाको त्याँ चाइने अर्काले लाको बिस्तरामा नझारिकन नसुत्नु भनेर भन्यो थियो । त्याँट रुमाल लिएर गरैच सफा गर्छु भनेर यसरी झ्याट्ट हान्दा खेरी तलतिर सेल पाकिराखेको त्यो करैमा भयाप्पै त्यो कपडा खस्यो । कपडा खसेपछि त्यसलाई सुत्ने कुरो भएन । त्यस्तो भयो भइसकेपछि एक जना भन्दा दुई जना राम्रो भनेर भन्योथ्यो केरे त्यसरी जादा जादा जादा बाटोमा त्याँ राजा बनाउने रैचन रात भरीमा उज्यालो हुँदा त्या राजा मर्ने रैचन त्यस्तो रैच । त्याँट चाइने त्यसलाई लौ राजा हुनुपर्यो भनेर भने । त्यस्ले पनि ल हुन्च भनेर राजा बन्न गयो । त्या रानी रैच रानी सित चाइने खाना साना बनाएर खाएँबसे । अब साँझ पनि खाना बनाए खाए बसे । राती १२ बजेको टाइममा रानीको नाकबाट चाइने साप निक्लदै रैच । न्याउरी मुसोले देखेर हेरिराखेको रैच । तिनीहरू भुसुक्क निदाएका बेलामा त्यो साँपले यसो गरेर टोक्न भनेर ला रैच । झ्याप्पै घाटीमा न्याउरी मुसाले समातेच । झ्याप्पै समातेर मार्दिएच । त्यो रानीका नाकबाट त्यस्तो साप निक्लेर त्यसरी मार्दियो । मार्दिएपछि अब गाउँवाला सधै मर्ने आज राजा बनायो, भोलि मर्ने भोलि बनायो पर्सि मर्ने त्याँट गाउँले सबै राज्य सबैले बिहान घारा लिएर आएका राजालाई दाहसंस्कार गर्न लाने भनेर । बाहिर सबै जम्मा भएर बस्दा त भित्र राजारानी गफ गरेर बसिरहेका सबै जना चकित परे । त्याँट चाइने सबैजना घारा लिएर आफ्नो आफ्नो घर फर्किए । त्यो त्यहाँको राजा भएर राज्य गरेर त्यही बस्यो ।

कथावाचकको नाम : मीनबहादुर खड्का क्षेत्री
उमेर : ९७ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## ६. झगडाको निहुँ

एकादेशमा एउटा झगडी थियो । झगडी आफ्नो कामले घर देखि बाइर बाटोमा हिड्दै गाको थियो । त्यस्तैमा अँ एउटाको लोग्ने स्वास्नी माइत जान लागेका जाँदा जादा जादा माइत जाने मैतालुले झगडीलाई तिमी झगडा कसरी गर्छौ मलाई सिकाइदेउ त भनेर भनेच । सिकाइ देउ त भन्दा झगडी केइ बोलेन नबोल्दा खेरी जादा जादा जादा एउटा खोला पर्यो । खोला पर्दा खेरीमा तेईकी स्वास्नीका दाइने खुट्टाका तिघ्रामा चिन्न रैच । उइले बाखाको पाठा लिएर माइत जान लाको । स्वास्नीको चिन्न भाको था नपाको दाइने खुट्टामा चिन्न रैच भन्ने । जो झगडी उसैले दाइने खुट्टाको चिन्न याद गरिराख्या रच । खोलो तर्दा खेरीमा कपडा माथि सिमल्यो कपडा सिमल्दाखेरी दाइने खुट्टामा चिन्न गर्या रैच । त्याटँ तिनीहरू ठ्याक्कै अड्डामा जाने बाटो एक उईको माईत जाने बाटो छुट्टिने मुखति गए । जादा खेरीमा उइले भन्यो की लोग्ने स्वास्नी गएका उइकी स्वास्नीका पाखुरा यी स्वास्नी त मेरो हो भनेर समात्यो । नाई मेरी हो भनेर उ भन्न लाग्यो । तेरीका हुदी हो । माईत जान आको हुँ । मैले बाखो पाठो, ल्या हूँ भन्यो । त्याँट ती झगडीए। झगडीपछि त्याँट जाउ त माथि जिल्ला अदालतमा जाउ न्यायाधीशले जता दिलाई दिन्च उसैकी स्वास्नी हुन्चे भनेर तिनीहरू हवा अदालतमा गए । अदालतमा जादा खेरीमा अनि तेरी स्वास्नीको कई चिन्न छ भनेर नियाधिसले भन्यो । भन्दा खेरीमा जो थियो उइको लोग्नेले भने केई थाह छैन भन्यो । त्याँट नियाधीसले झगडीलाई सोध्यो उइले मेरो स्वास्नीका दाइने खुट्टामा चिन्न छ भनेर भन्यो । नियाधीसले फर्काएर हेर्दा खेरी मा त दाइने खुट्टामा चिन्न रच । स्वास्नी यईकी रैन्चे यईकी रैचे भन्यो । भन्दा खेरीमा त्याँट अब माईत जान गएको मान्छे रुने जस्तो खाप्चो लाएर बस्यो । त्यसपछि उनीहरू त्याबाट दोबाटोमा आए । आउँदा खेरीमा झगडीले सोच्योकी स्वास्नी त यईकी हो । एउटा प्रमाणले एउटा चिन्नले गर्दाखेरी मैले लिए तापनि स्वास्नी यसैकी हो । त्यसैले यईकी स्वास्नी यईलाई दिन्चु भनेर जानुस तपाई माइततिर जानुस । स्वास्नी तपाई कै हो । तपाईले झगडा सिकाइदिनु भन्नुभाथ्यो नि मैले यसैका पथ सिकाइदिएको छु । बुडा यो झगडीका एक सिङ हुँदैनन सात सिङ हुन्चन भन्ने कुरा यस्तै हुन्चन भनेर पछि झगडा सिकाइदियो र ऊ स्वास्नी लिएर ससुराल गयो । झगडी आफ्नो घर आयो ।

कथावाचकको नाम : थीर बहादुर राउत
उमेर : ७० वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.११, लम्कीफाँटा, बर्दिया

## ७. टुहुरी

एकादेशमा एउटी टुहुरी रैचे । त्यो टुहुरीकी आमा मरेकी बाउ जिउदै रैचन् । सौतेनी आमा व्या गरेचन बाउले । बाउले सौतेनी आमा व्या गरेपछि सौतेनी आमातिरबाट अरु दुई तिन बैनी छोरी भएचन । अब उतातिर छोरी जन्मेपछि त आफ्नी छोरीलाई सौतेनी आमाले धेरै माया गरी । टुहुरीलाई भने हेला गर्न थाली । खान पनि दिन छोडी । जति बेला पनि गाली गर्ने गर्न थाली । त्याँट अब बाउ फेरी यस्तै बजारतिर जाने सामान लिउने बेच्ने अथवा फेरी लिन जाने यस्तैगरिरहन्थ्यो । एकदिन बाउ बजार सामान लिउन जान लाएच । त्याँट सबैले मलाई चुरा ल्याइदिनु, डोरी ल्याइदिनु, टिकी ल्याइदिनु भनेर यस्तै सबैले भने पछिल्ला पट्टिका छोरीहरूले । अनि त्यो टुहुरी विचरा एक्लै बसिच केइ पनि नभनेर चुप लाएर नबोलेर बसि । त्याँट बाउ बजार जान भनेर हिड्न लाओ । बजार जान हिड्न लाएसी मलाई त टुहुरीले केई पनि भनिने अनि मैले त टुहुरीलाई सोध्नुपर्यो भनेर ए टुहुरी ए टुहुरी तलाई के ल्याइदिने हो । त त केइ पनि बोलिनस त भनेर भन्यो । अनि टुहुरीले मलाई केइ पनि चाहिदैन बाबा मलाई एउटो बाखाको पाठी दिनुस भइहाल्च भनेर भनिचे । अनि त्याँट हुन्च तनि भने बाउले एउटा बाखाको पाठी त्यसलाई भनेर दिएर यो तेरो भयो अबदेखि भनेर छोड्यो । अब आफू बजार गयो । दुई तीन दिनको बाटो बटोल कतातिर गयो । उले अब त्यो बाखाको पाठी पाइ । अब यो मेरो भनि खुशी भई । त्यसलाई सेवा गर्ने मलाई यस्तो भन्चन । खान दिन्नन हेला गर्चन भनेर तेई बाखाको पाठीसित दुःख पोख्दिरैचे । बाखाको पाठीले पनि दिदी तपाई नरुनुस म तपाईलाई सहयोग गर्छु भनेर भनेच । जङ्गल जाने जुम्रा हेर्दिने यताउती गर्दा गर्दै त्यो बाखाको पाठीले झरफिनी हगदिन थालेछ र टुहुरीलाई ए दिदी तपाईलाई मैले उ त्यो कुनामा खानेकुरा राख्दिएको छु जानोस् भन्दौरैच टुहुरी जादी रैचे खादी रैचे । घरमा कसैलाई था नदिनु तपाईले मात्रै खानुहोला अरुलाई नदेखाउनुहोला भनेको रैच । अब त्यो खादा खादै त त्यो टुहुरी मोटाउन थाली क्यारे । अनि त्या बाट सानीमालाई सङ्का पर्न थाल्यो । यो अचानक यस्ती मोटाउनलाई पहिला यस्ती त थिन यो । हेर अब के गर्ने होला एलाई भनेर एकदिन भाइलाई पनि जङ्गलमा सँगसँगै पठाई । टुहुरीले नजाउ बाबु भोक लाग्च जानि हैन नजाउ म मात्र जान्छु भन्दा नमानी नमानी त्यो गएच । गएपछि त्यो बाखाको पाठीले उसको टाइम त किन छोड्थ्यो । ठ्याक्क जुन टाइममाथियो । तेइ ट्याममा तेले झरफिनी हगदिएच । त्याँट अब त्यो टुहुरीले आफूले खाइ, भाइलाई पनि खुवाई । ख्वाएपछि आमाले सिकाएर पठाइथि सानिमाले यले के खान्चे कसो गर्चे भनेर चेवा गर्न पठाइकी उले त खाएच उरेच अनि यत्ति नङ्गो चरामा राखेच । टुहुरीले नङ्सङ पनि काटिदिएकी काट्न त । नभने है बाबु नभने है घर कसैलाई नभने बाबु भनेर फकाउँदै फकाउँदै घर लिएर आई । घर लिएर आउँदा त घरभन्दा अल्लि नजिक आउना साथ त्यो त दगुरेर भित्र गयो । आमा सोली थाप आमा डालो थाप भन्दै भित्र गएच । थाप्दा खेरी त नङ्बाट त फररर झरफिनी झरेचन् । यस्तो खादि रैचे र त यो मोटाइकी रैचे आमा भनेर छोराले भनेच । अनि आमाले अँ अब यसलाई यसको बाउ नआउँदै अब यसको बाखाको पाठी काट्ने मेसो गर्नुपर्यो म धामीका जान्चु । धामीका गएर म यस्तो यस्तो गर भनेर सिकाउँचु भन्दै धामीका गइचे धामीका गएर मलाई यस्तो यस्तो भाछ मलाई सन्चो छैन । तपाईले त्यो टुहुरीको बाउ हेराउन आए भने त्यो टुहुरीको वाखाको पाठी नकाटेसम्म सन्चो हुन्न भन्दिनु है भनिचे । त्याँट गइचे र घर गएर घैटो फुटालेर त्यई माथि बिस्तरा लाइचे । उतावाट बाउ चाइने थाकेर आएच, ऐया ऐया गर्दै आएच । घर आउँदा खानेकुरो खुवाउली बुडीले भन्दा त बुडी त

भटटट उता फर्कन्चे यता फर्कन्चे ऐया ऐया गर्चे । त्यो घैटोको खपटा कटटट बज्ने रैच लौ मर्ने भई बुडी के भएच यल्लाई यस्तो भनेर बुडोले चिन्ता मानेच । अनि बुडीले जाउ बुडा फलानोकोमा हेराउन जाउ म त मर्ने भए भनेर बाहाना गरेर पठाई । पठाएपछि हेराउन जलाई सिकाएथी तेइ गयो । तेले पनि तेइ तेइ भन्दियो । त्यो टुहुरीको बाख्रोको पाठी काट्नु पर्च नाइभने तिम्री बुडीलाई सन्चो हुन्न भनेर लगाइदियो । त्याँट तेले त्यई भनेर लाइदिएसी साँझ घर आयो ए टुहुरी यस्तो यस्तो भयो । अब के गर्चेउ अब यो नकाटेसम्मन तिम्री आमालाई सन्चो नहुने भयो । अव के गरम अब थुकेको थुक पनि चाट्न पर्ने भो छोरी भनेर बाउले भन्यो । अब मैले त के भनम र बाबा थुकेको थुक पनि चाट्नु हुन्च भने चाट्नुस मैले त के भनम भनेर भनि । अर्कानिदिन पनि बाख्राको पाठी चराउन लिएर गई बाख्राको पाठी पर्सी जस्तो काट्ने भए । बाख्राको पाठीसँग टुहुरीले अब तिम्लाई काट्चन । मलाई अब कले सेवा गर्च, कले खान दिन्च भन्दै रोई, रुदाखेरी बाख्राले के भन्यो भने मलाई काट्चन तिम्ले नखाए । मलाई नखाए तह परे तिम्लाई खाका तिनी जुठा सुठा दिन्चन । हड्डी दिन्चन सबै जम्मा गरेर एउटा तगालामा लगेर गाडे भनेर भन्यो । त्याँट घर गए अर्कानदिन बाख्राको पाठी काटे । बाख्राको पाठीले जे भनेथ्यो टुहुरीले त्यई गरिचे । सबैको सोरेर लगेर तगालोको छेउमा लगेर गाडिचे । गाडेपछि अर्कानदिन त्याबाट यत्रो सुनको मौलो झललल निक्लेच । सुनको मौलो निक्लेपछि राजाले सारा दुनियाँ संसारमा हाक पारेर तिनी राजाहरूका ठूला ठूला मान्छेहरू जम्मै हेर्न आएचन । त्या एउटा राजा थिए रे तिनी राजाले यो सुनको मौलो जल्ले उखल्च त्यलाई लोग्ने मान्छेले यो उखले राजा बनाउँचु आइमाइले उखले रानी बनाउँछु भनेर त्यो राजाले भनेचन । राजाले त्यस्तो भनेपछि त त्यो टुहुरी केटीका दिदी बहिनी सिंगारिएर धुमधाम गरेर जम्मै गएचन । उखल्न खोज्याछन त्यो उखलिएन । दुनियाँ संसार सबै भ्याए त्यो डेग चलेन । त्यो मौलो त्या बाट डेग नचले पछि राजाले अब कोइ छनकी छैनन् । ह्या अब कोइ बाँकी रहेकी रहेनन भनेर सोध्दा खेरी एउटी टुहुरी छ भनेर त्यहाँका मान्छेले भनेचन् । त्यसो भा ल्याउनु पर्यो गएर त्यो टुहुरीलाई ल्याउनु पर्यो भनेर जाँदा खेरी त म यस्ती छु, लुगा पनि गतिला छैनन । म जान्न राजाका अगाडि म कसरी जाम भनेर तेले भन्दा खेरी गना पात कपडाहरू लगाएर राम्री बनाएर टुहुरीलाई त्या लएचन । लए पछि त्यो मौलो थिम पुगेपछि ल यो मौलो तिम्ले उखेल भनेर राजाले भनेचन । राजाले भने पछि तेले यसो कान्छी औंलाले छोइथी मात्रै त्यो मौलो त फकलक्कै त्यसका हातमा आयो । त्या बाट राजाले तेलाई झ्याई झ्याई बिहे गरेर दरबारमा लगेर रानी बनाएर राखे । टुहुरीको जीवन सुखयम बित्यो ।

कथावाचकको नाम : तुलसा खड्का
उमेर : ६१ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## ८. दाइमारा

एकादेशमा दुईवटा भाइ मुले टुक्रे थिए । उनको आमा र बुबा कोही पनि थिएनन् । सानै उमेरमा उनीहरूलाई बुबा आमाले छोडेर परलोक गएका थिए । उनीहरू दुई भाइमध्ये कान्छो भाइ अलिकति बाठो थियो र जेठो चाइ दाजु अलि लाटो र मोटो दिमागको थियो । उनीहरू अरुको घरमा काम गरेर खान्थे । उनीहरूले अरुको घरमा काम गर्दा सम्पत्तिको नाममा एउटा भैसी र अलिकत जग्गा किनेका थिए । किनेपछि त्यही खेतीबाली गर्ने खाने आफ्नो जिविकोपार्जन गरेर त्यो ठाउँमा उनीहरू त्यसरी नै बसिरहेका थिए । पछि गएर दाइले बिहे गर्यो । दाइले बिहे गरिसकेपछि त्यसको केही वर्षपछि फेरी भाइले पनि बिहे गऱ्यो । दाइको श्रीमती पनि अब दाइ अलि लाटो भाको कारणले श्रीमती पनि लाटो स्वभावकै बिहे गरेको थियो । अनि धेरै समयपछि दुई भाइको खटपट सुरुभयो । दुई भाइको खटपट सुरु भएपछि उनीहरू गाउँलेहरूको कुरा सुनेर घर अलग गरी बस्ने निर्णय गरे। त्यो गरिसकेपछि भाइ चाइने बाठो भएर उले भाइ अंश लगायो । एउटा गोरु दाइलाई एउटा गोरु मलाई भनेर राख्यो । अनि जग्गा आदा खेतबारी धान, गहुँ, मकै हुने जति आफूले लयो । जहाँ पानी नै नचर्ने, पानी नै नलाग्ने सुख्खा ठाउँमा डाँडामा ढुङ्गा खानीमा दाइलाई दियो । अनि एउटा नरिवलको रुख थियो । एउटा दुनो भैसी भाग लगाउनमा अनि भाइले भन्यो । दाइ त गोबर फाल्न झ्याउ मान्छस् म ढाडदेखि यता लिन्छु भैसीको । तँ दाइ होस् तलाई गोबर सोबर फाल्न पर्दैन । ढाडदेखि उता टाउकोतिर तैले लैजा भन्यो । अनि त्यो भनिसकेपछि दाइ लाटो त भैगो तेले हुन्छ भन्यो । अनि त्यसपछि नरिवलको बुटा रह्यो भाग लगाउन । अनि फेरी भाइले भन्यो दाइ भैसी मैले पुच्छरतिर लथे तैले टाउको तिर लथिस । अब यो नरिवलको तँ फेदतिर लैजा यो आधाबाट तलतिरको तेरो तल तिरको तैले गर्ने माथितिरको मेरो भन्यो । दाइले पनि हुन्छ भाइ त्यो पनि ठिकै छभन्यो । दाइ लाटो मान्छे भैसीको टाउको तिर आफूले लगेको थियो । त्यसैले अहिले नरिवलको पुच्छरतिर मैले लानुपर्छ भनेर स्वीकार्यो । स्वीकारेपछि डेली घाँस काटेर भैसीलाई दाई भाउजुले हाल्ने भाइले दुध दोएर खाने । ए बाबु मलाई पनि दुध देउनभन्दा तिमीहरूको टाउकोतिरको हो । तिमीहरूले टाउको तिर जेजे हुन्छ खाने हो । ढाडदेखि यता मेरो भाग पर्छ मैले त दुध दोएर नै खाने हो भन्दै त्यसरी नै वितायो । अनि नरिवल पनि फल्यो । नरिवलमा पानी हाल्न सधै दाइलाईपठाउने । नरिवल टिपेर खाने बेला भाइले मात्र खाने । भाइ नरिवल मलाई पनि देन । यो त हामी दुवैको हो भन्दा हैन दाइ यो रुखको बिचबाट तलतिरको भाग तेरो हो । तलतिर तेरो अधिकारलाग्छ । यो देखि माथितिरको भाग मेरो हो । माथितिर मेरो अधिकार लाग्छ । यो मैले खानुपर्छ भनेर यसमा पनि त्यसरी नै ठग्यो । एक डेढ वर्ष सम्म दाइलाई यसरी नै ठगेपछि त्यहाँको एक जना गाउँलेले तैले दुध खान पाउँछस् किनाइ भनेर दाइचाइलाई सोध्यो । दाइले नाइ मैले दुध खान पाउँदैन भनेर भन्यो । फेरी तैले त्यो नरिवल खान पाउँछस् किनाइ भनेर सोध्यो । नाइ मैलेपाउँदैन । कोले खान्छ त भनेर गाउँलेले सोध्यो । त्यसपछि भाइको परिवारले खान्छन् । हाम्रो अंश लाको हो । अब मैले दुध केटाकेटीलाई माग्दाखेरी तेरो त टाउकोतिरको हो । अनि टाउकोतिर तेरो अधिकार लाग्छ पुच्छरतिर मेरो लाग्छ भन्यो, अनि नरिवलको के भयो ? भनेर सोध्यो । सोध्दाखेरी अब भैंसी भाइले पुच्छरतिर लग्यो । मैले भैंसी टाउकोतिर लगेको थिएँ । अनि नरिवलको चै तैले लैजा भनेर भन्यो । नरिवलपनि खान दिन्न, माथितिर मात्र नरिवल फल्छ तलतिर फल्दैन । तल गोडमेल पानी म हाल्छु । फल त्यसले खान्छ । सबै कुरा सुनी सकेपछि गाउँलेले भाइलाई अहो ! उसोभए अब यसो

गर, तैले भैँसीलाई फिट्टिक्कै घाँस नहाल टाउकोतिर भैँसीलाई घाँस हाल्दै नहाल भन्यो । घाँस नहाले पछि तेरो भाइले कसरी दुध खान्छ त्यसलाई पनि घाँस हाल्न नदे । यो मेरो अधिकार हो यता केही नगरेस भन् भनेर उपाय दियो । अनि त्यसपछि तेरो भाइले आफै थाहा पाउछ भनेर भन्यो । ल हुन्छ भनेर दाइचाहिँले पनि भन्यो । एकदिन घाँस हालेन, भाइले दूध त दोयो । भैसी कराएको कराई गर्यो । ए दाइ भैसीलाई केइ खान दे । तेरो भैसी करायो भन्यो । त्यसपछि दाइचाहिँले भन्यो । ए भाइ तेरो पुच्छरतिर हो । त्यो तेरो भाग हो तैले जे गर गर, मेरो त टाउकोतिर हो जे सुकै गरम तँलाई के खाचो पर्यो भन्यो । अरे यो भैसी मर्छ तैले यसो गर्यो भने भनेर भाइले भन्यो । दाइले पनि नाइ मरे मर्छ मर्न दे म घाँस पनि खुवाउँदैन । म केही पनि गर्दैन । यसलाई यस्तै राख्छु भन्यो । त्यसपछि भाइ चाहिँले ए बुढी जा कुडो बनाएर दे त भन्यो । त्यसपछि दाइले ए मेरो त्यो टाउकोतिरको भाग केही अधिकार छैन है तेरो, त्यसलाई केइपनि नदेऊ भन्यो । भाइले यसलाई केइपनि खान नदिए यल्ले कसरी दूध दिन्छभन्यो । अनि दाइचाहिँले हो मैले पनि त्यही भएर रोक्न खोजको हो । मलाई तैले टाउकोतिरको भाग पारेकोछस् म यसलाई केही खान दिन्न भनेपछि दाइ भै गो अब जे भयो भयो । अब दुवै दाजुभाइ मिलेर भैसीको स्यारसुहार गरौंला । दूध आधा आधा गरौंला त्यसपछि ल हुन्छ भन्दै दुवै भाइको सहमति भयो । अनि त्यसपछि भाइ नरिवल टिप्नलाई रुखमा चढ्यो । रुखको टुप्पोमा पुगेपछि तलबाट नरिवलको रुख दाइले भच्चाभच काट्न थाल्यो । माथिबाट भाइले ए दाइ के गरेको ? तैले भनेर कराउँदै भन्यो । त्यसपछि दाइले ए भाइ तेरो रुखको टुप्पोतिर हो, तैले जेसुकै गर् मेरो फेदतिर हो म यसलाई काट्छु भन्दै भच्चाभच बन्चरो हान्न लाग्दा ए दाइ नकाट रोक रोक गल्ती भो दाइ यो रुखलाई पनि दुई भाइ मिलेर पानी चारौंला यो फल पनि आधा तैले खाने आधा मैले खाने भनेर सहमति गरे । त्यो दाइमारा चतुरे भाइलाई दाइले त्यसरी ठाउँमा ल्यायो । त्यो दिन देखि ती दाजु भाइले सबै कुरा मिलाएर पुन गाउँ समाज बोलाएर भद्र भलादमी बोलाएर सबै कुरालाई नरमकरम गरेर सबै कुरा बाँडफाँड गरेर त्यो समाजमा दाजुभाइले हाँसीखुसीका साथ जीन बिताए ।

कथावाचकको नाम : अविनाश विश्वकर्मा
उमेर : ३५ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.६, मनिकापुर, बर्दिया

## ९. फर्सी

एकादेशमा बुढाबुढी थिए । उनीहरूको छानाभरी फर्सीफलेका थिए । उनीहरूका छोराछोरी कोइ थिएनन् । बिहान उठेर बुढा जोत्न गएचन । बुढीले रोटी हाल्न लागेचिन । रोटी हाल्दै बुढीले सोच्दै गरिचिन । मेरो छोरा पनि छैनन् छोरी पनि छैनन् । छोराछोरी भए त पु-याइदिने थिए । आफै जानुपर्यो भन्दै रोटी हाल्दै गर्दाखेरी ए आमा ए आमा भन्यो मेरो छोराछोरी कोई छैनन् मलाई कल्ले बोलायो भन्दै बाहिर निस्किन । बाहिर गएर हेर्दा त छानाबाट फर्सी ले बोलाको । रोटी टालामा बान्देउ म पुर्याइदिन्छु भन्यो । तेरो हात खुट्टा केइ पनि छैन के गरी पु-याइ दिन्चस भनेर बुढीले भनिन् र फर्सी लाई टिपेर भुईमा राखिन् । त्यसपछि फर्सी ले भन्यो कम्मरमा बान्दिनुस अनि मलाई ऊ त्यो डाँडामा गएर पल्टाइदिनुस भन्यो । त्यसपछि बुढीले पनि फर्सीले भनेझैं गरी डाँडामा लगेर पल्टाइदिन । फर्सीफुर्लुङ, फुर्लुङ गर्दै तल खौलामा पर्यो । खौलामा परे पछि खौलाबाट बा बा भन्दै करायो । मेरो छोराछोरी कोइ छैनन् मलाई कल्ले बोलायो भन्दै बुढोले जोत्दै गरे । तिम्रो छोरो म हुँ बा मलाई लिन आउ भनेच । जाँदाखेरी त फर्सी त्याँट ल्याँएचन र बाउ खान बसेचन । म हलो जोत्छु भनेर फर्सीले भनेच । बाउले सक्दैनस् तैले भनेचन सक्दैनस भने पछि फर्सीले मलाई अनामा बान्देउ म जोत्छु भनेंच । त्याँट बाउले अनामा बान्दिएचन । छोराले जोतेछ बाउले खाना खाएचन् । त्याँट गोरु फुकाएर छोरालाई काँधमा हालेर गोरु लिएर घर आएचन् । केही समयपछि बुढाले बुढीलाई भनेचन अहो ! बुढी यो छोरालाई केटी माग्न जानुपर्यो । त्याँट बुढो र छोरो घरबाट केटी माग्न हिडेचन । केटी माग्न हिडेपछि एउटा घरमा पाँच बहिनी छोरी रैचन । उनीहरूकै फुलबारीमा गएर बाउ छोरा बसेचन । खाना खाने समय भएपछि त्यस घरकी बुढीले भात पस्कन थालिचे । भात पस्कदा दुईटा थालमा बढ्ता त्यो भात बुढीले भाँडामा खनाइचे फेरी पनि दुईटा थालमा बढ्ता नै भएच । त्याँट बुढीले जेठी छोरीलाई भनिचे जाँ जेठी फुलवारीमा को बसेको छ हेर भनेर । जेठी छोरी दगुर्दै हेर्न गइचे । हेरेर आएर सेतै फुलेको बुढो र फर्सीधुम्म बसेछन् आमै भनेर भन्नआइचे । त्यसपछि आमाले छोरी माग्न आएका भन्ने थाहा पाइचे । जेठी छोरीलाई ए जेठी त जानेहोस् पोइल भनिचे अनि छोरीले अँ कदु पाए कति खाँदाम कदु पोइल जादाम भनेर भनिचे । त्याँट फेरी माइलीलाई हेर्न पठाइचे माईलीले हेरेर आएपछि आमाले सोधिचे त जानेहोस् वा भनेर । माईलीले म जान्न कद्दु पाए कति खादाम तरकारी त्यसको पोइल जादाम भनिच । त्यसपछि साइलीको पालो आएच साइलीले पनि तेइ भनिच । त्यसपछि काइलीलाई जात हेर त को बस्या छ र हो भनेर पठाइ अनि काइलीले कोइ पनि छैनन् । कोई कोई कोई पनि छैनन् फुलबारीमा भन्न आइच । त्याँट कान्छीलाई हेर्न पठाइच एल्ले देखिन त जात भनेर । त्याँट कान्छी गइ हेर्न । कान्छी गएर हेरेर फुलबारीमा सेतै फुलेको मान्छे र फर्सीबसेछन् भनिच । त्यसपछि आमाले ल ह्या बोला भनेर भनिच । त्यसपछि कान्छीले बुढोलाई ह्या आउनोस् गरे भनेर बोलाइच । अनि बुढोले मैले मागेको कुरो दिने भए आउँचु नत्रआउन्न भनेच । त्याँट कान्छी फेरी घर गइच । घर गएर आमासँग मागेको कुरो दिने भए आउँचु नत्र आउन्न भनेछन् भनिचे । त्याँट आमाले आउनु जे मागे पनि दिउँला भन भनेर कान्छीलाई फेरी पठाइचे । त्यसपछि छोरी माग्न घर आएचन र कुरोकानी गरेपछि कान्छीले बिहे गर्न मानिचे । कान्छीको बिहे फर्सीसँग गरिदिएचन । बिहे गरेपछि कान्छीलाई लगेर घर गएचन । घर गएपछि फेरि दुलन फर्काउन माइत हिडेछन । दुलन फर्काउन जादा बाटामा काफल पाकेका रैचन् । काफल पाकेको देखेर कान्छीले फर्सी लाई भनिचे ओहै लेकमा काफल पाकेका हातखुट्टा भए त तिमी रुख चढ्ने थियौ । टिपेर ल्याउँथेउ अनि खान्थिम । कान्छीले त्यस्तो भनेपछि फर्सी ले

मलाई घलेक पार्देउ घलेक पारेर रुखको ऊ त्यो चोकमा राख्देउ म टिप्छु भनेच । कान्छीले नाई लोटौला भनिच । फर्सी ले नाई म जान्छु भनेच । त्यसपछि कान्छीले घलेक पारेर रुखको चोकमा राख्दिचे । फर्सीरुखमा गएर काफल टिपेच । काफल टिपेर ओर्लने बेलामा बुदरुङ्ग खसेर फर्सीप्याट्ट फुटेच फुट्दा खेरी त्यो फर्सी को भित्र धपधप बल्ने राजा रैच । उनीहरू त्यसपछि माइत आएचन् । माइत आएपछि माइतीले गाली गरेचन् । तलाई फर्सी लाई दिएको हो । यिनलाई त हाम्ले दिएको होइन । तैले यस्तो के गरिस भनेर छोरीलाई गाली गर्न लाएचन । त्याँट गाली गर्दा गर्दा ज्वाईले होइन मै हो हजुरको ज्वाई भनेर भनेच । त्यसको कुरा कसैले विश्वास गरेनचन् । सबै कुरा भनेपछि बल्ल विशवास गरेचन् । त्यति राम्रो कान्छीको बुढो देखेपछि दिदीहरूको मन कलबलियो । कति राम्रो यसको बुढो भनेर डाहा मान्न थाले । घरमा अरु दिदीहरू नभएको बेला एउटी दिदी घरमा रैच अनि कान्छीलाई पानी लिन पँधेरा जाम भनिच । त्याँट म दिदीसँग पानी लिन जान्चु भनिच । आमाले पनि जाउ भनेर पठाइच । त्याँट पँधेरामा गएचन र दिदीले बहिनीलाई ए व्यनि तेरो शिरफूलले म लाउचु भनिच व्यनिले भिकेर दिइच, तेरो नथिया ले म लाउचु भनिच भिकेर दिइच । त्याँट सबै गहना मागिच बहिनीले पनि दिइच । त्याँट आफ्ना लुगा सबै बहिनीलाई दिएर बहिनीको लुगा दिदीले लगाइच । त्याँट लुगा गहना लगाइसकेपछि को राम्रो छ छायाँमा हेरम त व्यनि भनेर कुवाको पानीमा हेर्न लगाइच । घोप्टो परेर त्यो छायाँ हेर्ने बेला बहिनीलाई त्यो कुवामा भुत्त धकेल्दिच । बैनी मरिच आफूले थाङ्नाको दूध बनाएर बैनी जस्तै बनेर घर आइच । घर आउँदा ज्वाइले बैनी खोइ भनेच । बैनी खोइ भन्दा मै त हुँ केरे आँखा फुटेछन् । मलाई चिन्दैनौ भन्दै भर्किच अनि फेरी ज्वाईले हजुरको बैनी खोइ भनेच । बैनी खोइ भन्दा भन्दा घर जाने बेला भएच । त्यसैलाई लिएर घर गएच । घर गएर त्याँट गोठमा गएर बसेच । गोठमा गएर वुडीको चिन्ता मान्दै गाई भैसी हेर्दै बसेच । त्याँट राती रानी उठेर जाने रैच भकारो फाल्ने, पाँडा बाच्छालाई घाँस हाल्ने, त्यो लोग्नेलाई खान्की बनाएर सिरान राख्ने गरेर त्याट जानेरैच । त्यसपछि त्यो बाँस बनेर उम्रीछ । बाँस भएर उम्रीदा खेरी कामी आएर त्यसलाई काटेर बाँसुरी बनाएच । त्याँट बासुरी बनाएर बजाउँदै त्यो राजाको घर गएच । राजाको घर गएर बाँसुरी बजाउँदा “मेरो श्री आफू साईको भैसी गोठ मत कामी हात” भनि । त्याँट भोली पल्ट पनि त्यई भनिच । मिठो मिठो बनाएर राती राख्दिने रैचे अनि आफू स्वाटै बाँसुरी भित्र लुकी हाल्नेरैचे । त्याँट त्यस्तो गर्दा गर्दा को रैच का रैच यो सब गर्ने भनेर भैसीहरूलाई दोबा बस्न लगाएच । भैसीहरूले सकेनचन । नसकेपछि आफू दोबा बसेच । समाएपछि धततेरी त उल्लुकी म उल्लु, त उल्लु की म उल्लु भनेर स्वास्नीले भनिच । लोग्नेले तिमी उल्लु हो भनेच । भन्दा भन्दै त्यो रानी फुत्केर गइचे । त्यो राजा त्यइ रानीलाई खोज्न लाएच । त्यो मुरली बजाएको छ रातदिन हिडेकोछ । रानीसँगै हुनलाई त्यो मुरली राजाले राती पनि समाएर सुत्न थाल्यो । राजा सँगै हुँदा रानीले खाना बनाउन भ्याउदिन । रानीलाई कतै नपाएपछि कामीको घर गयो । जतातत‍ै खोज्दा पनि कतै पाउन्न । त्याँट रिसले तलाइ भन्दै त्यो बाँसुरीलाई काटकुट पारेर थिच थाच पारेर उडाएर एक्लै बस्यो ।

कथावाचकको नाम : टीका गौतम
उमेर : ६५ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## १०. बुद्धि ठुलो

एकादेशमा बुढा बुडी थिए । उनीहरूको एउटा छोरो थियो । त्यो छोरो चाईको बिहे गरिदिन भनेर बाउ आमा लागेचन । छोरा चाईले विहे गरेपछि श्रीमतीलाई दिनको चार जुत्ताँ हान्न पाउने भए बिहे गर्छु होइन भने बिहे गर्दिन भनेच । त्यसपछि केटी हेर्न भनेर हिडेचन । अब चाइने सबै ठाउँमा डुल्दा खेरी चार जुत्ता हान्चु भन्ने मूर्खसँग कै पनि केटी भेटिएनन् । एउटीले बुद्धि कमाई । के भनि भने मैले व्या गर्छु भनेर भनि । ल हुन्च त भनेर व्या गरे । व्या गरिसकेपछि अब व्याका दिन त कोई पाउना पाछा सबै हुन्छन । त्यो सित व्या भो । व्या भएपछि साँझ त त्यले जुत्ता लिएर आज चार जुत्ता हान्चु भनेर त्यो त हान्न तयार पर्यो । तयार परिसकेपछि हेर आज पाउना छन्, सबै छन्, इष्टमित्र छन् लाज हुन्छ । आजको सट्टा भोली चार जुत्ताको साटो आठ जुत्ता हानौला आज चुप्प लाएर बस भनेर भनि त्याँट त्यस दिन चुप लागेर बस्यो । अर्कानदिन फेरी आठ जुत्ता हान्चु भनेर कसियो । कसिएपछि त्यो दुलईले । के भनी भन्देखुन सासुले खान दिने ससुराले लाउन दिने तिम्रो के कमाई छ र हान्चौ । जहिले तिम्ले कमाई गरौला तब मात्रै हानौला भनेर चाइने भनि । दुलईले त्यसो भनेपछि यसो विचार गर्यो र ठिकै पनि हो भन्यो । त्याँट अब कमाउन जान्चु भनेर चाइने भन्यो । त्याँट चाइने कमाउन जान्छु भनेर चाइने गयो । यताबाट लोग्ने कमाउन गयो । लोग्ने कमाउन गएपछि स्वास्नी चाइने माइत गई । माइत गएर म पनि कमाउन जान्चु भनेर भनि । माइतमा सबैले हुन्च जा भने । त्यसपछि चाइने लोग्ने मान्छेका कपडा लाएर माइतबाट त्यो कमाउन गई । कमाउन गईसकेपछि बाटोमा खोला तर्नुपर्ने रैच । त्यो खोला नाउमा तर्नुपर्ने त्यो नाउमा बसी र नाउ चलाउनेलाई के भनि भने पार आफ्नो लोग्नेको नाउ देखाउँदै त्यो नाउ भन्दा अगाडि लैजा तैले भनेर आफू बसेको नाउलाई उछिन्याएर लिएर गई । उछिन्याएर लिएर गईसकेपछि त्यो काम गर्ने ठाउँ एउटा राज्यमा पुगी । त्यो राज्यमा अजबको बात भन्नु पर्ने रैच । अजबको बात नभनेपार फेरी चाइने झ्र्लै जानु पर्ने । त्याँट चाइने यो राज्यमा आइसकेपछि तिम्ले अजबको बात भन्नुपर्छ भनेर त्याँ को राजाले भने । त्याँट हो ठीक छ म भन्चु भनेर भनि । त्यसपछि यो जोत्नेलाई र गोरुलाई शीत्तल हुने काम केइ छैन भनेर चार जुत्ता हानी माग्नेले सोधी । त्याँट राजाले के भने भनेपार यस्ता घामममा पनि के हुने हो । ल हाम्रा राज्यमा त सानैमा बाच्छो जन्मेपछि त्यसको पुठामा बरको विउ रोप्दिने । रोदिएपछि त्यो बाँच्छो पनि बच्छ । ठूलो हुन्च । त्यो रुख पनि ठूलो हुन्च । जोत्नेलाई पनि शीत्तल त्यस्तो व्यवस्था छ हाम्रो । भनेर भन्दाखेरी ओहो ! यो पो हो अजबको बात भनेर राजाले भने । त्यस्तै गरेर त्यसले चारवटा अजबको बात भनि । भनिसकेपछि अनि अब त्यो लोग्ने मान्छे भएर गइथि केरे त्यसैलाई राज्य दिएर राजाले छोरी छ तपाईले व्या गर्नु भने । राजाले छोरीसँग व्या गर्नुपर्च भनेपछि अइले तरबारसित बिहे गर्ने पछि ६ महिना भएपछि फेरि चाइने म घर गएर आउचु अनि बिहे गर्ने भनेर भनि । त्यसपछि राजाले पनि हुन्च भने । राज्य त्यसलाई दिएपछि त्यो राज्यमा बसेर हुकुम चलाउन थाली । त्यसले राज्य चलाउन थालेपछि त्यसको दुला पनि काम खोज्दै ठ्याक्कै त्यई त्यसको राज्यमा गयो । राज्यमा गइसकेपछि हुकुम त दुलइको छ । दुलाले दुलईलाई चिनेको छैन । ऊ त राजाको श्री पेच लगाइ कपडा लगाईच मजाले हुकुम गरेर बसिच । त्यसले त आफ्नो दुलालाई चिनेर नोकरी दिइ । दुलाले त्या नोकरी गर्यो । अव हुकुम त दुलइको छ । त्याँ बाट

चाइने नोकर जस्तो बनाई । टुरटुर भन्दा खेरी हजुर सरकार भन्च । बोलाको ठाउँमा दगुर्दै जान्च । त्यस्तै दुलईले राज्य चलाएर हुकुम चलाउँदै र दुलाले नोकरी गर्दै त्यस्तो गर्दै बसे । ६ महिना भएपछि म घर जान्छु भनि भनेपछि लोग्नेलाई चाँदीको रुपियाँ दिई । जति नाउले बोक्न सक्च त्यति आफूले सुनका पैसा लगि र त्यो राज्य बाट तिनीहरू आए । त्याँट आउँदा खेरी पनि त्यसले आफ्नो नाउँ लोग्नेको भन्दा अगाडि लग्न भनि । अगाडि नाउँ लगेर माइत गई । माईतबाट चाइने तिनी पैसा लिएर घर आई । दुला आउँदा खेरी त दुलई घर छ । सधै घर बसेको जस्तै गरी दुलई बसेकी थिई । दुलाले साँझ अब बल्ल कमाएर आए । अब यसलाई हान्चु । आजसम्म भए जतिका जुत्ता भनेर हान्न कस्सेको थियो । लोग्नेले हान्न कस्सेका बेलामा स्वास्नीले टुरटुर भनि टुरटुर भनेको सुन्दा दुलाले हजुर सरकार भन्यो । त्याँट चाइने तिम्रो आर्जन खान पर्दैन मलाई केको जुत्ताले हान्चौ मैले दिएर त्यई पैसा चाइने लिएर आका हौ मैले सुनका पैसा लिएर आको छु भनेर भनि । आफूलाई नोकर बनाएर हुकुम चलाउने आफ्नै श्रीमती रैच भन्ने थाहा पाएपछि त्यसले चाइने हान्न सकेन । त्यसदिन देखि त्यसले कइले चार जुत्ता हान्चु भन्ने आँट गर्न सकेन र तिनीहरू सबैजना मिलेर बसे ।

कथावाचकको नाम : मिनबहादुर खड्का क्षेत्री
उमेर : ९७ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## ११. भाग्यरेखा

एकादेशमा बुढाबुढी बस्थे रे । तिनका पाँच व्यनि छोरी र एउटा छोरो थियो रे । त्यो बुढो अचम्मै धनी थियो रे । आफूले काम नगर्ने केटा कमेरा राख्ने गर्दथ्यो रे । त्याँट उसले एउटा हली पनि राखेको थियो रे । एकदिन त्यो हलीको छोरो जन्मिएचरे । त्याँट त्यो छोरो जन्मिदाखेरी ओहो आज यो हलीको छोरो जन्मियो भनेर भनेच । त्याँट हलीको छोरो ६ दिन पुग्नाको दिन यसको नाम के राख्चन त यो हलीको छोराको भनेर हलीको घर गएर । हलीलाई अन्त गाउँमा पठाएच अरे अनि त्यो बुढो हलीको मालिक चाइ सुत्केरीलाई कुर्न दैलामा सुतेच । दैलामा सुतेको बेला राती भावी आए, त्यो बच्चाको भाग्य लेख्न भावी आउँदा दैलोमा सुतेको बुढोलाई ए त को होस् । छोडभनेचन । त्यो बुढोले म छोड्दैन भनेर भनेच । त्याँट फेरी भावीले नाई छोड त को होस् किन आकोहोस् ? छोड भनेर भनेचन् । त्याँट बुढोले तैले के लेख्चस भन मलाई त्यसपछि बल्ल छोड्दिन्चु भनेच । त्याँट मलाई अइले भित्र जानदे भित्र गएर लेख्चु अनि जानि बेला तलाई भन्चु अइले मलाई बाटो छोड्दे भनेर भावीले भनेचन् । त्यसपछि त्यो बुडोले बाटो छोड्दिएच । भावी भित्र गएर लेखेचन रे । भावीले लेख्दा खेरी तेरो राज्य यही हलीको छोराले खावस भनेर लेखेचन। त्यति लेखिसकेपछि भावी वाहिर निस्कएचन । दैलोमा बुढो बाटो छेकेर बसिरहेको रैच । भावीले छोड भनेचन । बुढोले भावीको बाटो छेकेच । के लेखिस भन अनि मात्र बाटो छोड्छु भनेच । अनित्याँट तेरो राज्य यही हलीको छोराले खावस भनेर त्यहाँबाट भावी गएचन । त्यसपछि त्यो बुडोलाई आफ्नो राज्य अरुले खाइदिन लायो भनेर पीर पर्न थालेच र हलीको छोरालाई मार्न जोड गर्न थालेच । त्यसपछि त्यो हलीको छोरालाई मार्नको लागि दोबा बस्दै हिड्दै दोबा बस्दै हिड्दै कहिले घर कहिले गोठ कहिले घर कहिले गोठ गर्यो रे । त्याँट त्यति गर्दा गर्दै मार्न नसक्दै हलीको छोरो ठूलो भइगएच । त्याँट एकदिन बुढो गोठ गएच । आफ्नो छोरोलाई घर पठाएच । हलीको छोरालाई गोठ लगेच । त्याँट कागतमा माफ्न तलामा यो हलीको छोरालाई मारेस भनेर लेखेच । त्याँट त्यो लेखेको कागत दिएर हलीको छोरालाई आफ्नो घर पठाएच । त्याँट दैको ठेको बोकेर त्यो कागत पनि सँगै लिएर हलीको छोरा घर आएच । घर आउँदा खेरी पँधेरोमा बुढाकी छोरी पानी लिन गएकी रैच । त्याँट हलीको छोराले यी हजुरको बुबाले चिठ्ठी लेखेर दिनुभाछ भनेर त्यो कागत दिएच । त्याँट दिदा खेरी त्यो कागत फर्र फुकाएर हेरिचेरे त्याँट त्यो च्यात्त च्यातेर फालिचेरे । त्याँट घर आइचरे अनि खर्र लेखेर दाजुलाई दिइचरे । छोरी चाईले के लेखिच भने माईली चाइ छोरीलाई माफ्न तलामा लएर हलीको छोरासँग कन्यादान दिनु भनेर लेखिच । छोराले त्यसपछि माइली छोरीलाई माफ्न तलामा लगेर कन्यादान दिएच । त्याँट बाबु चाईले छोरासँग हलीको छोरालाई मारिस भनेर सोधेच । छोरा चाईले मैले त माफ्न तलामा लएर कन्यादान दिए भनेच । त्यसपछि बाउले थुक्क रारा छोरा भने । त्याँट घर आएर छोरालाई गोठ पठाएच । ज्वाईलाई घर पठाएच । त्याँट सार्कीको दोकानमा गएर मेरो छोरो आए पनि मार्दिनु । हलीको छोरो आए पनि मार्दिनु । दुईटामा जो आउँच तिनलाई मार्दिनु भनेर भनेच र छोरालाई गोठ ज्वाईलाई घर राखेर ज्वाईलाई लौ मेरा यी जुत्ता लएर सार्कीका घर जानु भनेच । त्याँट हलीको छोरो भोली पल्ट जुत्ता बोकेर जाने आफ्नो छोरा गोठबाट दही बोकेर आउने दुवै जना बाटोमा भेट भए । त्याँट हलीको छोरालाई का जानुहुन्च ज्वाई भनेर सोधेच । सोधेपछि हलीको छोराले ससुराको जुत्ता सिलाउन जानि हुँ सार्कीको घर भनेर भनेच । बुढोको छोराले थुक्क बाबुको काम के हो ज्वाईलाई जुत्ता बोकाउने भनेर जुत्ता लिएर सार्कीको घरमा आफू गएच । ठेको बोकेर ज्वाई घर गएच । त्याँट

बुडीले ज्वाई दइको ठेकी बोकेर घर आए छोरो जुत्ता लगेर साकीकोमा गएच भनेर खबर दिइच । खबर दिदा खेरी बुडो आत्तेर हस्याङ फस्याङ गरेर ह्वा पुग्दा त छोरो त साकीले मारिसकेच । छोरो मारिसकेपछि त्यो बुडोको अरु छोरो थिएनन् । त्याँट त्यो राज्य त्यई हलीको छोरालाई भएच ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्ने बेला टुपुक्क ह्या आउला ।

कथावाचकको नाम : टीका गौतम
उमेर : ६५ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## १२. वनदेवीको शक्ति

एकादेशमा दुई जना भाइहरू रैचन । अनि ती दाजु भाइमा असाध्यै रिसारिस हुनेरैच । भाइ चाइ गरिब थियो । दाइले भाइलाई अंशमा ठगठाग गरेर लाटी बिहे गर्दियो । अनि आफूले चाइ सम्पत्ति लट्पट्याएर आफू चाइ हुने खाने भएर बसेर आफ्नो जिन्दगी राम्ररी चलाथ्यो । भाइ चाइनेलाई फेरी छाक टार्न पनि गाह्रो । भाइले दिनभरी जङ्गल गएर तरुल खन्ने बेलका तरुल लिएर जोई केटाकेटीलाई त्यई तरुल खुवाएर जीविकोपार्जन गर्थ्यो । एकदिन जङ्गलमा तरुल खन्न गयो । तरुल खन्दा खन्दा खाल्डो पुरा गहिरो भैगो तरुल पुरा आको आइ भयो । तरुल खन्दै गयो खन्दै गयो त्यो तरुलको जरो पत्ता लगाउँदा लगाउँदै खाल्डो धेरै गहिरो खनिसकेपछि तरुल टुङ्गियो । त्यो तरुल समाएर खाल्डोबाट भाइर निस्कदा त त्यति खेर मध्यरात भैसकेको थियो । खाल्डो भित्र भएको कारणले उले रात परेको थाँ पाएन-खाली तरुलमा ध्यान दियो । पछि गएर खाल्डोबाट बाहिर निक्लिदा पुरा झ्याउकिरीहरू कराका जुन ताराहरू टहटह लागेका अनि ओहो ! आज त धेरै रात पऱ्यो यो जङ्गलको बाटो कसरी जाने होला भनेर त्यो ती खाल्डोको छेउमा बसेर रुन थाल्यो । अनि हे प्रभु ! मेरा बालबच्चाहरू भोकले मरेकी के भए भनेर रुन थालेपछि एकजना वनदेवी त्या उत्रीन । वनदेवी आइन र बाबु तिमी किन रोको भनेर सोधिन-सोधेपछि उले चाइ भन्यो प्रभु म एउटा गरिब मान्छे हुँ। मेरो घरमा खाने एउटा अनाज पनि छैन । मैले दिनभरी तरुल खनेर साँझमा बच्चाबच्चीको पेट पाल्छु । बच्चा बच्चीलाई नै तरुल पकाएर खान दिनको लागि आज तरुल खन्दा खन्दा खाल्डामा रात परिसके छ मलाई थाहा भएन । अब यत्रो आधा रात भैसक्यो । म यो बाटो कसरी जाने, के गर्ने मेरो बालबच्चा भोकले मरेकी भनेर म पीडामा रोइराछु भनेपछि । त्यो वनदेवी माताको मनमा दया जागेर ए त्यसो भए तिम्लाई म एउटा महाजाल दिन्छु । तिम्ले त्यो महाजाल तीनपल्ट मात्रै हान्न पाउँछौ । त्यो भन्दा बढी हान्न पाउँदैनौ । तीनपल्ट हानेउ भने तिम्ले मागेको कुरा पाउँछौ । यलाई हान्नु भन्दा अगाडि घर बराल्नु, अनि घर हरियो गोबरले लिपेर चाइने चिज फ्याट्ट माग्नु अनि त्यो महाजाल हान्ने गर्नु अनि तिम्ले मागेको पुरा हुन्छ भनेर भनिन । अनि त्यो भनिसकेपछि हुन्छ माता भनेर उले महाजाल समायो र ती देवी त्यो जङ्गलबाट हराईन् । त्यसपछि भालेको डाँकोमा ऊ घर पुग्यो । घर पुगेपछि श्रीमतीलाई ल छिटो उठ छिटो उठ नुहाई धुवाई गर भनेर नुहाई धुवाई गर्न लगायो । अनि घर कसेर लगाएर हरियो गोबरले चट्ट लिप्न लगायो । लिपेर टक्क पारेसी ल अब भनेर उल्ले माग्न सुरु गयो । पहिलो चोटी महाजाल हान्दा उले प्रभु ! मेरो घर रानी महल होस् भनेर हान्यो । टक्क रानी महल बन्यो । ओहो ! महल त भयो अब म यो कोठाभरी सम्पत्ति माग्छु भनेर प्रभु ! मेरो यी घरका कोठाहरू धनपूर्ण अन्नपूर्ण होउन् भनेर हान्यो । त्यसपछि जताततै धन, अन्न भए । अब एकपटक माग्नु थियो अनि घर भाइर पशुपन्छी, चौपाया होस भनेर हान्यो । अनि दुनो भैसी, दुनो गाई, बाखा टन्न गोठभरी भए । तीन कुरा मागी सकेपछि त्यो महाजालको जादु सिद्धियो । रातभरीमा त्यो झलमल हुँदा खेरी दाइलाई जलन भयो । दाइ छक्क पर्यो । अनि दाइ हतारिदै आयो । भाइ सोझो थियो । दाइ आएर सोध्यो । भाइ यो के भयो ? तेरो यत्रो सम्पत्ति रातारात कसरी भयो ? भनेर दाइ चकित परे पछि अनि दाइलाई भाइले भन्यो । म तरुल खन्नगथे । खन्दा खन्दा रात पर्यो । रात परेपछि म रोएँ । रोएँ पछि त्या वनदेवीउत्रिन् । वनदेवी उत्रेपछि मलाई एउटा जादुको महाजाल दिइन र तीन पटक हान्नु तीन पल्टसम्म तिम्ले मागेको पुग्छ भनेपछि मैले त्यो पाएँ भनेपछि दाइले ए हो, त्यसो हो भनेर भन्यो अनि भाइले पनि अँ मैले पुरै पाएँ भन्यो । अनि ए

बुडी कुटो कोदालो दे म तरुल खन्न जानछु भनेर जङ्गलतिर दाइ लाग्यो । जङ्गल पुगेर दाईले खाल्डो खन्या छ हेऱ्या छ । रात कैले पर्छ भन्या छ खन्या छ । गर्दा गर्दा गर्दा दाईले पनि रात पार्यो । रात पारेपछि खाल्डोबाट भाइर आएर रुन थाल्यो । रोएपछि फेरी त्या वनदेवी माता उत्रीन, प्रकट भईन् । प्रकट भएपछि तिनले बाबु किन रोको भनेर सोधिन् । सोधेपछि माता मेरो बालबच्चा भोकले मरे होलान् । म तरुल खन्न आको । यही तरुलबाट जीवन चलाउँथे । आज मेरो बालबच्चाले के खाए होलान भनेर रोको भन्यो । अनी ती वनदेवी माताले उलाई जादुको छडी दिइन । अनि यो तैले तीन पल्ट मात्र हानेस तीन पल्ट भन्दा बढी हान्न मिल्दैन र पाउँदैनस् । तीन पल्टसम्म आफूले चाहेको कुरा पाइन्छ भनिन् । त्यसो भए हुन्छ भनेर दाइ चाइने त्याँ बाट गयो । दाइ चाइनेको आदत एउटा बालै सित्ति भन्ने थियो । जसरी माताले भाइलाई भनेकी थिन उही तरिकाले उलाई पनि भनेकी थिन् । घर पुगेर हत्तपत्त नुवाईधुवाई गऱ्यो । घर सर लिप्प लाप्प पायो । ट्याक्क टुक्क ट्याक्क टुक्क गर्यो । त्यसपछि जादुको छडी हान्दा हे माता, हे पिता परमेश्वर मलाई मेरो घर मेरो भाइको भन्दा ठूलो बनाइ देउ बालै सित्ति भनेर छडी हान्यो । त्यो भन्दा खेरी घर ठूलो महल बन्यो तर पुरै बालै बाल भएको घर बन्यो । कपालै कपालसँगको रौँ अइ रौँ सँगको पुरा भित्र कोठामा पनि रौं भाइर कालै पुरा भुत्लै भुत्ला भयो । हत्तेरी यो के मागेको बुडा यो घर हेर त यो घिना मर्नो भयो भनी बुडीले ओहो ! उसो भए यो बाललाई हटाउनु पऱ्यो भन्यो । फेरी अनि पछि अर्को छडी हान्यो तेले । प्रभु मेरो यो घरभरी भका सम्पूर्ण बाल सबै लैजा भन्यो । सप्पै लैजा भनेपछि आफ्नो श्रीमतीको समेत कपाल चिल्लै पारेर घर नाङ्गै भयो । ओहो ! मेरो कपाल पनि छैन । उसको कपाल पनि छैन । हैन यो कपाल त माग्नु पर्यो । बुडा यो त भएन् । हेर त यो भुत्लै चिल्लै, यो आँखै चिल्लै, यो टाउकै चिल्लै भनेर भनि, श्रीमतीले फेरी कपाल माग्नुपर्यो भनेपछि बचेको एउटा छडी मात्र थियो । फेरी उसले प्रभु ! मेरो, मेरो श्रीमती र बालवच्चाको सबै कपाल मात्रै आइज भन्यो र जस्तो पैलाको अवस्था थियो त्यस्तै अवस्थामा दाइ चाई आयो । त्याँ देखि दाइले मात्र यो थाहा पायोकी भगवानले दिन्छन् जसलाई त्यलाई मात्र पाइन्छ । अरुको रिस डाहा गरेर हुने रैन्छ भनेर दाईको बुद्धी त्याँ देखि खुल्यो र भाइसँग पनि माफी माग्यो र त्यले पछि भाइसँगै मिलेर त्यो संसार रमाइलोसँग बितायो ।

कथावाचकको नाम : अविनाश विश्वकर्मा
उमेर : ३५ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.६, मनिकापुर, बर्दिया

## १३. सरसिउँको कोसो

एकादेशमा एउटो बुडोको एउटा छोरो थियो । त्यो बुडोको छोरालाई बिहे गरिदिन भनेर केटी माग्न गएच । केटी माग्न जाँदा त्यो केटालाई एउटा सरसिउँको कोसो दिएचन । कोसो दिएर यलाई बाटामा कै नफुटालेर घर लगेर फुटाले भनेचन् । त्याँट त्यो कोसो लगेर त्यो केटो त्याँ बाट गएच । जादै गर्दा बाटामा लोटेर त्यो कोसो फुटेच । त्यो कोसोबाट रानी पैदा भएर जन्मेर त्यही पानी पानी भन्दा भन्दै बाटैमा मरिच । त्याँट फेरी गएच र बाटैमा फुटेर रानी पैदा भएर मरि भनेच त्यसपछि अर्को कोसो दिएर अब चाई राम्रोसँग लगेर जाउ घरमै लगेर फुटाल्नु भनेर भने । त्याँट त्यो कोसो लगेर सरासर त्यो केटो घर पुगेच। घर पुगेर कोसो फुटाल्दा फेरी रानी पैदा भइच । त्याँट पानी पानी भनिच । अनि पानी खान दिएच । पानी खाएपछि त्यो बाँचिछ । बाँचेपछि अब बिहे गर्ने भनेर बाटामा पानीको धारो निर रुखमा रानीलाई राखेर आफू घर जन्ती लिन गएच । जन्ती लिन जाँदाखेरी सर्केनी पानी लिन आइरच । सर्केनीसँग छालाको थैलो रैच । गाईको छालाको थैलो बनाएर सर्केनीले पानी बोक्ने रैच। त्यई थैलोमा पानी भर्दै ड्याम ड्याम थैलो ठटाउँदै गरिच सर्केनीले । त्यो छालाको थैलो ठटाउँदा ड्याम ड्याम बजेपछि माथि रुखबाट रानी खितिति खितिति हाँसिचन । त्यसपछि सर्केनीले माथि रानीलाई देखिच त्याँट रानीलाई ओर्लेउ भनिच । रुखबाट रानीलाईओरालिच । ओरालेपछि रानीलाई त्यई कुवामा धकेलेर मार्दिच र सर्केनी गएर रुख माथि बसिच । मरेपछि रानी बाँस भएर उम्रीन । त्याँट उताबाट जन्ती आएचन । जन्ती आएर भूईमा ओर्लेउ रानी भनेर भूईमा ओरालेचन । भूईमा ओर्लेपछि किन काली भैछेउत रानी भनेर सोधेचन । सोध्दा सर्केनीले घामले डढेर छाला कालो भयो भनेर भनी । त्याँट फेरी घाँटीमा के भयो त रानी भनेर सोधेचन् । सोध्दाखेरी आमाले कसार ल्याई दिएकी थिन् तेई कसार खादा अड्किएर गार आको हो भनेर भनिच । त्याँट त्यो सर्कीनीलाई डोलामा हालेर बिहे गर्न लगेचन । त्याँट राईको छोरा रानी कुवा भरी सर्केनी राडी डोलाभरी भनेर भनी अरे त्यो रानीले । अनि के भन्च यो बाजाले भनेरसोधेचन । होइन के भन्च के भन्दैन गुर्का डोला गुर्का भनेर भनिचे सर्केनीले । त्याँट फेरी राईको छोरा रानी कुवा भरी सर्केनी राडी डोला भरि भन्ने रैच । त्याँट यस्तो भन्दा भन्दै सर्केनीलाई डोलामा हालेर लगेचन । त्याँट पर गएर हेर्दा खेरी रानीले सर्केनीलाई विष छोड्दिचन र सर्केनी त्यहीमरिचे । त्याँट राजाहरू त्यतिकै घर गए । ऊ पनि छुट्यो ऊ पनि छुट्यो । त्याँट घर गएपछि राजाले भनेचन । अब रानीलाई पनि यस्तो भयो फेरी माग्न जाम भने दिने छैनन् । के गर्ने होला भनेर एकछिन सोचेछन् र एक्लै बसेछन् । त्याँट मरेकी रानीले रातीमा जागेर आएर लोग्नेको सम्मार गरिचन । सम्मार गरेपछि खानपिन बनाइदिएपछि को रैच त यो रातीमा सबै काम गर्ने भनेर सबैजना दोबा बसेचन । दोबा बस्दा बस्दा कसैले पनि पइल्याउन नसक्दा गोठको माउ भैसीले पइल्याएर छोपेचन । त्याँट मरेकी रानीलाई ल्याएर घरजम गरेर बसेचन ।

कथावाचकको नाम : टीका गौतम
उमेर : ६५ वर्ष
ठेगाना : बारबर्दिया नगरपालिका,
वडा नं.७, सिउनिया, बर्दिया

## १४. हली

एकादेशमा बुडा र बुडी थिए । बुडाबुडीले घरमा काम गर्ने एउटा हली राखेका थिए । यो हलीलाई एकदिन बुडीले आज त जोत्न जा जोतेर चारपाथी तोरी छरेर आइज बारी भरी भनेर भनि । तोरी छरेर सकेपछि एकभारी दाउरा पनि लिएर आएस कतैबाट सिकार पनि खेलेर आएस भनेर हलीलाई भनिच । त्याँट अनि दाउरा पनि सिकारपनि त्याँट तोरी छरेर भ्याएर पनि आइज भनेर बुढीले हलीलाई तीन थोक काम लगाइ । हलीले हुन्छ भन्दै घरदेखि रिसिदै गयो । त्याँट बारीमा पुगेर जोत्न थाल्यो । जोतेर तोरी छर्दा एक सियामा एक पाथी तोरी फाल्यो । अर्कामा अर्को पाथी फाल्यो । उसले चार सियामा चार पाथी तोरी फालेर सक्यो । तोरी छरेर भ्यायो । त्याँट उसलाई दाउरा चिर्नुपर्यो । त्यसपछि उसले हलो जुवा काट्यो । त्यई हलो जुवा हसियाले फ्वाक-फ्वाक चिरेर दाउरा बनायो र भारी बाँध्यो । त्याँट सँगै गाको रैच, त्यई कुकुरलाई चेचे आ भनेर आफू नजिक बोलाएच हलीले । त्यसपछि त्यई कुकुरलाई काटेच । कुकुरलाई काटेपछि बिला लाएर त्याँट तोरी लगेको बोरामा सिकार हालेर घर लिएर आयो । दाउराको भारी त्याँट गोरु लखटेर अघि अघि गोरु बोरा भरि सिकार हालेर साँझ पख हली घरआयो । घर आएर दाउराको भारी फालेर सिकार बुढीको हातमा हाल्दिएर त्याँट, सुईए सुस्केरा हाल्यो । सुस्केरा हाल्दै थकाइ पनि कति लायो आज त ओहो ! काम पनि कति लगाई दिनुहुन्च यी बजुले भनेर भन्यो । र त्याँट भोक लाएर आज त खरो भाछ । के खान दिनुहुन्च मलाई खाना ल्याइ हाल्नुस छिटो भनेर भन्यो । बुढीले भित्र भात पकाई रैच तरकारी नपकाएर त्यसले सिकार ल्याउला भनेर कुरेर बसेकी रैच । त्याँट तरकारी पकाको छैन सिकार पकाउचु अनि खालास भनेर हलीलाई भनिच । त्याँट हलीसिकार पकाउँदा सम्म ढिलो हुन्च मलाई धेरै भोक लागेको छ । दूध, भात, घ्यूसित ल्याउनुस् भनेर माग्यो । त्याँट बुढीले दूध, भात, घ्यू, अचार ल्याईदिइ र हलीले त्यो सबै खाना खाएर पहिले नै सुत्यो । बुढीले च्वाँइ च्वाँइ मासु भुटी । मासु भुटेर तैले खान्नस खान उठ भनेर हलीलाई उठाई । हलीले मैले खान्न खान्न म अघाए भन्दै सुती राख्यो उठेन । त्याँट अनि बुढालाई खान बोलाई । बुढाबुढी बसेर मज्जाले एकन थाल भात एकन थाल मासु खाए । तिनीहरूले खाएर अघाए पहिला बुढा उठेच र चेचे भनेर कुकुर बोलायो । चेचे भन्दा भन्दै आधा घण्टा सम्म कुकुरलाई बोलाउँदा पनि आएनच । त्यसपछि हलीले कुकुरलाई बोलाको सुनिराख्या रैच अनि हलीले भचे चेचेन सेचे बुढाले कुकुरको मासु चेत्रे भनेर भनेच । त्याँट हँ के भन्च यले भनेर भनेच बुढाले । त्याँट बुढीले पनि खाना खाइ सकेर बाहिर आएर चेचे भन्दै कुकुर बोलाउन लाइच । बुढीले चेचे भन्दै बोलाउँदा फेरी हलीले चेचे न सेचे बुढा र बुढीले कुकुरको मासु चेते भनेर भन्दिएच । त्यसो भन्दिएपछि बुढोले हँ बुढी यले के भन्च की हाम्लाई तँ यल्ले कुकुरको मासु त खुवाएन । नखुवाभा त कुकुर पनि आउनु पर्च कैले यो ढोकाको दैलो छोड्दैन्थ्यो । भनेर ती बुढाबुढीले थुक थुकाइ लाउने, उल्टी गर्न खोज्ने, बैराग गरे तिनीहरूले । हली बुढाबुढीको डरले ओछ्यानबाट भाग्यो ।


कथावाचकको नाम : सावित्रा काफ्ले

उमेर : ६२ वर्ष

ठेगाना : बारबर्दिया नगरपालिका,

वडा नं.७, सिउनिया, बर्दिया

## परिशिष्ट 'ख'
## बारबर्दिया नगरपालिकाको नक्सा




**सूचक छनोट गरिएका वडाहरू**

वडा नं ६, वडा नं ७ र वडा नं ११

# सन्दर्भ सामग्रीसूची


आचार्य, सीता (२०६८). *बर्दिया जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण.*अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गिरी, जीवेन्द्रेदेव र पराजुली, मोतीलाल (२०५८). *नेपाली लोकसाहित्य रूपरेखा.*ललितपुर : साझाप्रकाशन ।

गिरी, मधुसूदन (२०५३). "भेरिका कविता पृष्ठभूमि र परम्परा". *मध्यपश्चिमका कविता.*काठमाडौँ : मसाप ।

जोशी, महेन्द्रराज (२०६६). *नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्परा.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

दिवस, तुलसी (२०३३). *नेपाली लोककथा : केही अध्ययन.*काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०७१). *लोककथा सिद्धान्त र विश्लेषण.*काठमाडौँ : विवेक सिर्जनशील प्रा.लि.।

पराजुली, मोतीलाल र गिरी, जिवेन्द्रदेव (२०६८). *नेपाली लोकसाहित्यको रूपरेखा.* ललितपुर : साझा प्रकाशन ।

पुजारा, कृष्णराज (२०७५). *बझाङ जिल्लाको थलीनौविस क्षेत्रमा प्रचलित लोककथाको विधातात्त्विक अध्ययन.*अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

बन्धु, चूडामणि (२०५८). *नेपाली लोकसाहित्य.* काठमाडौँ : एकता बुक्स ।

*बर्दिया जिल्लाको गाउँपालिका/नगरपालिकाको प्रोफाइल* (२०७५). नेपालगञ्ज : तथ्याङ्क कार्यालय ।

*बारबर्दिया नगरपालिकाको प्रोफाइल* (२०७५). जयनगर बर्दिया ।

बस्नेत, देवीबहादुर (२०६०). *सोलुखुम्बु जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण.*अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

मगर, हर्कबहादुर (२०७५). *डोटी जिल्लाको बडिकेदार गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३). *लोकवार्ताविज्ञान र लोकसाहित्य.* काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार ।

सुवेदी, हरि (२०६५). *बर्दिया जिल्लाका प्रमुख कवि तिनका कविता कृतिको अध्ययन.* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

## सूचकका नामहरु

अविनाश विश्वकर्मा

बारबर्दिया नगरपालिका वडा नं. ६ मनिकापुर बर्दिया ।

लेखनाथ खरेल

बारबर्दिया नगरपालिका वडा नं. ६ धामपुर बर्दिया ।

टीका गौतम

बारबर्दिया नगरपालिका वडा नं. ७ सिउनिया बर्दिया ।

तुलसा खड्का

बारबर्दिया नगरपालिका वडा नं. ७ सिउनिया बर्दिया ।

मीनबहादुर खड्का क्षेत्री

बारबर्दिया नगरपालिका वडा नं. ७ सिउनिया बर्दिया ।

सावित्रा काफ्ले

बारबर्दिया नगरपालिका वडा नं. ७ सिउनिया बर्दिया ।

थीरबहार राउत

बारबर्दिया नगरपालिका वडा नं. ११ लम्किफाँटा बर्दिया ।